# श्री अरविन्द योग मन्दिरका बालबालिकाहरुको स्थिति : एक समाजशास्त्रीय अध्ययन

त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको

स्नातकोत्तर तह उपाधि प्राप्तीको लागि आंशिक आवश्यकता

परिपूर्तिको लागि समाजशास्त्र/मानवशास्त्र विभाग

त्रिभुवन विश्वविद्यालयमा

प्रस्तुत गरिएको

**शोधकार्य**


**शोधकर्ता**

**चन्द्रकली निउरे**

त्रि.वि दर्ता नं. ६–२–३८६–३९–२००४

सिम्बोल नं. २८२५२७

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र संकाय**

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**काठमाण्डौ, कीर्तिपुर**

# सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता पूर्तिका लागी मेरो निर्देशन र सुपरिबेक्षणमा चन्द्रकली निउरेले **श्री अरविन्द योग मन्दिरका बालबालिकाहरुको स्थिति : एक समाजशास्त्रीय अध्ययन** विषयमा यो शोधपत्र तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्यांकनको लागी सिफारीस गर्दछु ।

मिति : ..............................  ............................................

सह-प्राध्यापक डा.सन्ध्या बस्नेत

समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर ।

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र संकाय
# समाजशास्त्र/मानवशास्त्र विभाग
# काठमाण्डौ, कीर्तिपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत चन्द्रकली निउरेद्धारा **श्री अरविन्द योग मन्दिरका बालबालिकाहरुको स्थिति : एक समाजशास्त्रीय अध्ययन** विषयक यस शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको लागी उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ।

**<u>शोधपत्र मूल्यांकन समिति</u>**

**शोध निर्देशक** डा.सन्ध्या बस्नेत ...........................................

**वाह्य परीक्षक** ...............................................................

**विभागीय प्रमुख** ...............................................................

**मिति :** ........................................

# दुई शब्द

नेपालमा अनाथ असहाय बालबालिकाहरुको समुचित विकास तथा संरक्षणमा विभिन्न संस्थाहरु संलग्न रहेता पनि बालबालिकाका समस्या पूर्ण रुपमा निराकरण नभएको कारणले नै श्री अरविन्द योग मन्दिरले पनि सोहीअनुरुप आफ्नो स्थापना कालदेखी नै निरन्तर रुपमा विभिन्न सामाजिक विकृती तथा अन्य विविध कारणले अनाथ र असहाय हुन पुगेका तथा परिवार भएका सवै बालबालिकाको संरक्षण गर्दै उनिहरुलाई कर्मयोगी र स्वः निर्भर बनाई सामाजीक जनचेतना फैलाउने कार्यमा तल्लीन रहेको छ । श्री अरविन्द योग मन्दिरले स्थापनाको १८ औं वर्ष पूरा गरि सक्दा पनि यसबारेमा कुनै पनि निकायबाट अध्ययन अनुसन्धान नभएकाले यस विषयमा मैले सानो अध्ययन गरी समस्याहरु केलाउने प्रयत्न गरेकी छु ।

मरो यस श्री अरविन्द योग मन्दिरका बालबालिकाहरुको स्थिति :एक समाजशास्त्रीय अध्ययन विषयक आंशिक परिपूर्तिका लागी गरिएको अनुसन्धानमा मलाई आफ्नो अति अमुल्य समय दिई शोधपत्र तयार पार्न उत्कृष्ट निर्देशन दिने त्रिभुवन विश्व विद्यालयका सह-प्राध्यापक डा. सन्ध्या बस्नेत ज्यूप्रति म सदा ऋणी रहनेछु । त्यस्तै यो शोधपत्र तयार पार्न स्वीकृति तथा अन्य सल्लाह सुझाव दिई सहयोग गर्ने समाजशास्त्र/मानवशास्त्र संकायका विभागीय प्रमुख ज्यूप्रति पनि आभार व्यक्त गर्दछु ।

त्यस्तै मेरो यो आंशिक परिपूर्तिका लागी गरिएको अनुसन्धानमा मलाई अनेक प्रकारले सहयोग गर्नुहुने श्री अरविन्द योग मन्दिर/आश्रमका संस्थापक एवं अध्यक्ष श्री रामचन्द्र भुषाल, श्री मातृ अरविन्द विद्यालयकी प्र.अ. सुश्री दुर्गा कु. भण्डारी र सोधिएका प्रश्नहरुको जवाफ दिई सहयोग गर्ने बालबालिका तथा आश्रममा कार्यरत साधकसाधिकाहरु प्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्तमा, अनुसन्धानको क्रममा विभिन्न कार्यालयहरुका कर्मचारीहरु (पुस्कतकालय र स्थलगत निरीक्षण र अध्ययनको लागी सहयोग गर्ने) त्यस्तै यो शोधपत्र कम्प्युटर टाईप गरी सहयोग गर्ने श्री कृष्ण कंडेल तथा श्री खगेन्द्र कंडेल प्रति मेरो विषेश धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।

.........................................

**चन्द्रकली निउरे**

# विषय-सूची


| क्र.स. | | विवरण | पृष्ठ |
|---|---|---|---|
| **अध्याय एक** | | **सामान्य परिचय** | |
| १.१ | | अध्ययनको सामान्य पृष्ठभुमि | १ |
| १.२ | | समस्याको कथन | २ |
| १.३ | | अध्ययनको उद्देश्य | ५ |
| १.४ | | अध्ययनको महत्व | ५ |
| **अध्याय दुई** | | **पूर्व साहित्यको समीक्षा** | |
| २.१ | | बालकहरुको परिचय परिभाषा | ७ |
| | २.१.१ | विश्वको सन्दर्भमा | ७ |
| | २.१.२ | नेपालको सन्दर्भमा | ७ |
| २.२ | | बालबालिकाको व्यक्तित्व विकाश | ९ |
| २.३ | | बालअधिकारको ऐतिहासिक विकास | १४ |
| २.४ | | बालअधिकार महासन्धि र नेपाल | १५ |
| २.५ | | बालअधिकार महासन्धि केन्द्र १९९८ का स्वरुपहरु | १६ |
| २.६ | | बालबालिकाका लागि नयाँ राष्ट्रिय कार्ययोजनाका नीतिहरु | १७ |
| | २.६.१ | सामान्य नीतिहरु | १८ |
| | २.६.२ | स्वास्थ्य (दोस्रो दीर्घकालीन रणनीतिक स्वास्थ्य योजनासँग सम्बन्धित)नीतिहरु | १९ |
| | २.६.३ | शिक्षा (सबैका लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजनासँग सम्बन्धित)नीतिहरु | १९ |
| | २.६.४ | दूर्व्यवहार, शोषण र हिंसाबाट सुरक्षा | १९ |
| | २.६.५ | एच.आइ.भी/एड्स विरुद्ध कार्य गर्ने (राष्ट्रिय एच.आइ.भी/ एड्स रणनीतिसंगसम्बन्धित) नीतिहरु | १९ |
| २.७ | | नेपाली बालबालिकाहरुको सामाजिक, आर्थिक, शैक्षिक, लैङ्गीक, भाषिक र धार्मिक अवस्था | २२ |
| | २.७.१ | सामाजिक अवस्था | २२ |
| | २.७.२ | आर्थिक अवस्था | २३ |
| | २.७.३ | शैक्षिक अवस्था | २५ |
| | २.७.४ | लैङ्गीक अवस्था | २५ |

## अध्याय तीन अनुसन्धान पद्धति


| | | | |
|---|---|---|---|
| ३.१ | | अध्ययन क्षेत्र छनौटको औचित्य | २७ |
| ३.२ | | अनुसन्धानको ढाँचा | २७ |
| ३.३ | | तथ्याङ्कको स्रोत तथा प्रकृति | २८ |
| ३.४ | | अध्ययनको समग्रता एवं नमुना छनौटको तरिका | २८ |
| ३.५ | | तथ्याङ्क संकलनका विभिन्न तरिका/विधिहरु | २८ |
| | ३.५.१ | अर्न्तवार्ता तालिका सूचि | २८ |
| | ३.५.२ | अवलोकन | २९ |
| | ३.५.३ | मुख्य जानकार व्यक्तिहरुसँगको अर्न्तवार्ता | २९ |
| ३.६ | | तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण | २९ |
| ३.७ | | अध्ययनको सिमा | ३० |


## अध्याय चार सामाजिक अवस्था


| | | | |
|---|---|---|---|
| ४.१ | | जाति-जनजातिको विवरण | ३१ |
| ४.२ | | उमेरको विवरण | ३३ |
| ४.३ | | आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको आश्रममा आउँदाको उमेर समूहको विवरण | ३४ |
| ४.४ | | धार्मिक समुहको विवरण | ३६ |
| ४.५ | | जन्मस्थानको विवरण | ३६ |
| ४.६ | | मातृभाषाको विवरण | ३८ |
| ४.७ | | पारिवारिक विवरण | ३९ |
| ४.८ | | पारिवारिक बिछोडको विवरण | ४१ |
| ४.९ | | स्वास्थ्थ सम्वन्धि विवरण | ४२ |
| ४.१० | | आश्रममा आउने माध्यामको विवरण | ४४ |
| ४.११ | | पारिवारिक पेशा सम्बन्धि विवरण | ४५ |
| ४.१२ | | नातेदारसंगको सम्बन्धको विवरण | ४६ |
| ४.१३ | | पारिवारिक आम्दानीका अन्य स्रोत सम्बन्धि विवरण | ४७ |
| ४.१४ | | खानपान र बसोबासको व्यवस्था प्रतिको धारणा | ४८ |
| ४.१५ | | जीवनशैली प्रतिको धारणा | ४९ |
| ४.१६ | | आश्रममा बस्दाको अनुभवको विवरण | ५० |
| ४.१७ | | श्री अरबिन्द योग मन्दिर/आश्रमले बालबालिकाहरूको लागि गरेका विभिन्न व्यवस्थाहरू | ५२ |
| | ४.१७.१ | खानाको व्यवस्था | ५२ |
| | ४.१७.२ | लत्ताकपडाको व्यवस्था | ५३ |
| | ४.१७.३ | सामाजिक व्यवस्था | ५४ |
| | ४.१७.४ | आर्थिक व्यवस्था | ५४ |

| | | |
|---|---|---|
| ४.१७.५ | धार्मिक व्यवस्था | ५५ |
| ४.१७.६ | साँस्कृतिक व्यवस्था | ५६ |
| ४.१७.७ | मनोरञ्जनको व्यवस्था | ५७ |
| ४.१७.८ | कार्य विभाजनको व्यवस्था | ५८ |
| ४.१७.९ | दैनिक आवश्यक सामग्रीको व्यवस्था | ५९ |
| ४.१७.१० | साधक साधिकाको व्यवस्था | ५९ |
| ४.१७.११ | अन्य व्यवस्था | ६० |

**अध्याय पाँच शैक्षिक अवस्था**

| | | |
|---|---|---|
| ५.१ | आश्रममा आउनु पूर्वको शैक्षिक विवरण | ६१ |
| ५.२ | आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको शैक्षिक विवरण | ६२ |
| ५.३ | स्वः अध्ययन समयको विवरण | ६४ |
| ५.४ | विद्यालयको विवरण | ६५ |
| ५.५ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको भविष्य प्रतिको धारणा | ६७ |
| ५.६ | उच्च शिक्षा अध्ययन गर्न विदेश गएकाको विवरण | ६९ |
| ५.७ | श्री अरविन्द योग मन्दिरमा आश्रित बालबालिकाको विगतको स्थिति | ७० |
| ५.८ | श्री अरविन्द योग मन्दिरका बालबालिकाहरूको दैनिक दिनचर्या | ७२ |
| ५.९ | श्री अरबिन्द योग मन्दिर/आश्रममा आश्रित बालबालिकाको शारीरिक अवस्था | ७४ |
| ५.१० | आश्रममा आश्रित बालबालिकाको आर्थिक अवस्था | ७५ |

**अध्याय छ उपसंहार तथा समस्याहरु**

| | | |
|---|---|---|
| ६.१ | उपसंहार | ७७ |
| ६.२ | मुख्य प्राप्ति र निष्कर्ष | ८२ |
| ६.३ | समस्याहरु | ८३ |
| ६.४ | सुझावहरु | ८४ |

**सन्दर्भ ग्रन्थ सूची** ८५

# परिशिष्ठहरु


| क.स. | | विवरण | पृष्ठ |
|---|---|---|---|
| १ | | बालबालिकाहरु संग सोधिएका प्रश्नहरु | ८७ |
| २ | | साधकसाधिकाहरु संग सोधिएका प्रश्नहरु | ९० |
| ३ | | आश्रमका संस्थापक एवं अध्यक्षसंग सोधिएका प्रश्नहरु | ९२ |
| ४ | | नेपालमा बालबालिकाको क्षेत्रमा क्रियाशील प्रमुख संघसंस्था तथा निकायहरु | ९५ |
| | क) | सिबिन नेपाल | ९५ |
| | ख) | माईती नेपाल | ९५ |
| | ग) | नेपाल बाल सङ्गगठन | ९६ |
| | घ) | परोपकार अनाथ आश्रम | ९६ |
| | ङ) | एस.ओ.एस बालग्राम | ९७ |
| | च) | चिल्ड्रेन नेपाल | ९७ |
| ५ | | श्री अरविन्द योगमन्दिर/आश्रमको संक्षिप्त परिचय | |
| | क) | स्वामी रामचन्द्रदास र उहाँको ध्येय | ९८ |
| | ख) | श्री अरविन्द योग मन्दिर (आश्रम) नेपालको संक्षिप्त विवरण | १०० |
| | ग) | आश्रमद्धारा संचालित कृयाकलापहरू | १०३ |
| | घ) | महर्षि श्री अरविन्द : सङ्क्षिप्त परिचय | १०३ |
| | ङ) | श्रीमाताजी : एक झलक | १०६ |
| ६ | | श्री अरविन्दयोग मन्दिर/आश्रमका केहि दृश्यावलीहरु | ११० |

# तालिका-सूची


| क्र.स. | तलिका नं. | विवरण | पृष्ठ |
|---|---|---|---|
| १ | ४.१ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको जातजातियताको विवरण | ३१ |
| २ | ४.२ | आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको हालको उमेर समूहको विवरण | ३३ |
| ३ | ४.३ | आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको आश्रममा आउँदाको उमेर समूहको विवरण | ३५ |
| ४ | ४.४ | आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको धार्मिक विवरण | ३६ |
| ५ | ४.५ | जिल्लाको आधारमा बालबालिका/ विद्याथीहरुको जन्मस्थानको विवरण | ३७ |
| ६ | ४.६ | आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको मातृभाषाको विवरण | ३९ |
| ७ | ४.७ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारिक विवरण | ४० |
| ८ | ४.८ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारिक बिछोडको विवरण | ४१ |
| ९ | ४.९ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको स्वास्थ्य सम्वन्धि विवरण | ४३ |
| १० | ४.१० | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरु आउने माध्यामको विवरण | ४४ |
| ११ | ४.११ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारिक पेशा सम्बन्धि विवरण | ४५ |
| १२ | ४.१२ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको नातेदारसंगको सम्बन्धको विवरण | ४६ |
| १३ | ४.१३ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारको आम्दानीका स्रोत सम्बन्धि विवरण | ४७ |
| १४ | ४.१४ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको खानपान र बसोबासको व्यवस्था प्रतिको धारणा | ४९ |
| १५ | ४.१५ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको आश्रमको जीवनशैली प्रतिको धारणा | ५० |
| १६ | ४.१६ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको आश्रममा बस्दाको अनुभवको विवरण | ५१ |
| १७ | ५.१ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको | ६१ |

| | | | |
|---|---|---|---|
| | | आश्रममा आउनु पूर्वको शैक्षिक विवरण | |
| १८ | ५.२ | आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको कक्षागत आधारमा शैक्षिक विवरण | ६३ |
| १९ | ५.३ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको स्वः अध्ययन समयको विवरण | ६४ |
| २० | ५.४ | आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुले पढ्ने विद्यालयको विवरण | ६६ |
| २१ | ५.५ | बालबालिका/विद्यार्थीहरुको भविष्य प्रतिको धारणा | ६८ |

# अध्याय एक

## सामान्य परिचय

### १.१ अध्ययनको सामान्य पृष्ठभुमि

मानव जीवनको प्रारम्भिककाल बाल्यकाल हो । यहि अवस्थामा नै प्रत्येक मानिसले हाँस्न, बोल्न, लेख्न, पढ्न देखि लिएर जीवनका प्रत्येक कियाकलापलाई सिक्दै जान्छ । त्यसैले भनिन्छ, आजका बालबालिका भोलिका भविष्य निर्माता हुन् । राष्ट्रको भविष्य उज्वल बनाउने कर्णधार हुन । त्यसैले बालबालिकाहरुलाई उचित शिक्षा, प्रर्याप्त पोषण, माया ममता तथा स्याहारसुसारको आवश्यकता पर्दछ । उनिहरु माया र स्नेहपूर्ण वातावरणमा हुर्कदै असल शिक्षा आर्जन गर्न पाउनु शारिरीक, मानसिक विकास गर्न पाउनु ,स्वस्थ भै बाँच्न पाउनु, हेला र दुर्व्यवहार तथा शाोषणबाट जोगिन, खेल्न मनोरञ्जन र आराम गर्न पाउनु आदि बालबालिकाका आधारभूत आवश्यकता हुन् । जसरी काँचो माटोलाई जस्तो सुकै आकार पनि दिन सकिन्छ, त्यसैगरी बालबालिकालाई पनि आफुले चाहेजस्तो बनाउन सकिन्छ । त्यसैले बालबालिकाहरुको सुमचित विकास, संरक्षण र बालअधिकारको बारेमा सरकार, जनता र परिवार सवैलाई समयमा नै सचेत गराउनु पर्दछ ( **सिबिन -२००३** ) ।

नेपालको सन्दर्भमा टुहरा, अनाथ, असहाय बालबालिकालाई समाजले हेर्ने दृष्टिकोण पनि फरक-फरक किसिमको पाईन्छ । केहि व्यक्ति विशेषले सहानुभुति देखाएतापनि यस्ता बालबालिकाहरुले समाजमा बिभिन्न लाञ्छनाहरु भेल्न बाध्य छन् । जस्तै आमा बाबु टोकुवा, अलक्ष्क्षीणा आदि । यस्तो परिस्थितिमा मानसिक पिडा र समाज तथा आफ्नै घरबाट परित्यक्त वा अपहेलित भई कतिपय बालबालिकाहरु घर छोड्न बाध्य हुन्छन् । यसरी बिचलित बालबालिकाहरु बाल श्रमिकको रुपमा कृषि, उद्योगधन्दा, होटल, लज, रेष्टुरेण्ट, पसल, स्टल, चियाबगान, बालभरिया र सडक बालबालिका हुन पुग्दछन् भने कतिपय अज्ञानतावश लागुपदार्थको ओसारपसार, यौनशोषण, धुम्रपान, मद्यपान, चोरीचाकरी जस्ता बिकृत बाटोमा लागि जोखिमपूर्ण जिवन बिताउन बाध्य

भएका छन् । भौगोलिक बिभाजनको आधारमा २०५८ सालमा लिइएको जनगणना अनुसार नेपालको कुल जनसंख्याको ४८.६प्रतिशत जनसंख्या तराईमा, ४४.३ प्रतिशत पहाडमा र ७.३ प्रतिशत हिमाली प्रदेशमा बसोबास गरेको पाइन्छ भने कुल जनसंख्याको ४१ प्रतिशत (सोह्र वर्ष मुनिका) बालबालिकाहरु रहेका छन् ( **सिबिन - २००३** ) ।

यसरी देशको कुल जनसंख्याको धेरै भाग ओगटेका बालकवर्गको काँधमा नै नेपालको भविष्य निहित हुन्छ भन्नुमा कुनै सन्देह छैन, किनकि आजको बालक वर्ग नै भोलिको युवा र पर्सिको बृद्ध पनि हो । त्यस्तै कुनैपनि देशको विकास त्यस देशको बृद्ध युवा र बाल नागरिकको समूल विकास बिना सम्भव छैन कारण देशको आर्थिक विकासमा मानव स्रोतको अमूल्य योगदान रहन्छ । यसरी हाम्रो देशका  स्कुल जाने उमेरका बालबालिका/विधार्थीहरुको एक महत्वपूर्ण अंश जोखिम र अप्ठारो परिस्थितिमा बाँच्न बाध्य भएका छन । सडक, विभिन्न कारखाना, भट्टी अनि घरेलु श्रमका क्षेत्रमा पिडीत र विस्थापित बालबालिकाहरुको मुक्ति, राहत, पूनर्स्थापना, स्वस्थ राष्ट्रनिर्माणको लागि अपरिहार्य हुन्छ किनकी, देशको आर्थिक विकाशका लागि भौतिक, प्राकृतिक स्रोतका साथै मानविय स्रोतको पनि महत्वपूर्ण भुमिका रहेको हुन्छ । नेपालजस्तो विश्वकै गरीव राष्ट्र जहाँ बालबालिकाहरुको विकाशको लागि सरकारी क्षेत्रबाट कुने पहल भएको पाइदैन् । जुन बालबालिका/विद्यार्थीहरु देश विकाशको मेरुदण्ड मानिन्छन् । वास्तवमा बालबालिकाको व्यक्तित्व निर्माणमा परिवारको ठूलो भुमिका हुन्छ । तर अहिलेको परिस्थितीमा आमा बाबु विहिन, द्वन्द पिडित, युद्ध ग्रस्त क्षेत्रका, अनाथ, असहाय, गरीव र जेहेन्दार बालबालिकाहरुको लागि राज्यपक्षबाट कुनै पहल भएको पाइदैन यस्तो अवस्थामा विभिन्न सरकारी, गै.सरकारी, निजी संघसंस्थाहरुबाट  बालबालिकाको हक-हितका लागि कार्य भएको पाईन्छ ।

### १.२ समस्याको  कथन

बालबालिका नै भविष्यका राष्ट्रिय शक्ति हुन् त्यसैले राष्ट्रको भविष्य विद्यार्थीको काँधमा हुन्छ भन्ने कुरामा दुईमत छैन् । स्वस्थ बालबालिकाबाट नै स्वस्थ समाजको निर्माण गर्न सकिन्छ र समाज स्वस्थ भएमा समुन्नत, समृद्ध विकशीत देश निर्माणको

जग बन्दछ । त्यसैले बालबालिकाहरुको विषयमा खोजअनुन्धान गर्न र उनिहरुको जीवन सुरक्षित बनाउन समयमा नै सचेत बन्नु पर्दछ । बर्तमान अवस्थामा बालबालिकाहरुलाई प्रश्रय दिने विभिन्न बालआश्रमहरु, बालशिविर, बालकेन्द्रहरु स्थापित भएका छन् । तर मुलभुत रुपमा यी बालशिविर/आश्रमहरुको परिमाणात्मक संख्या मात्र वृद्धि भएको र गुणात्मक पक्ष कमजोर भएको हुँदा यी संस्थाहरुको उद्देश्य र उच्च आदर्शलाई स्थापित गर्न संस्थाको गुणात्मक पक्षलाई के कसरी सुधार गर्न सकिन्छ भन्ने बारेमा अध्ययन अनुसन्धान हुनु आवश्यक छ ।

यस्तै संस्था मध्येको एउटा  संस्था श्री अरविन्द योग मन्दिर (आश्रम) पनि एक हो । स्वामी रामचन्द्रदास (चन्द्रमणि भुषाल) द्धारा  स्थापना गरिएको यो आश्रम कुनै नाफा कमाउने र शुल्क लिने नभएर विपन्न र प्रतिभाशाली विद्यार्थीलाई आश्रय दिएर नि :शुल्क भोजन, आवास, कपडा र उचित आध्यात्मिक एवम् मानव चेतनाको विकाश गर्नसक्ने शिक्षा दिने उद्देश्यले खोलिएको हो । स्थापनाकालमा १ जना विद्यार्थीबाट शुरु गरीएको यो आश्रमामा हाल आएर १२५ जना विद्यार्थी एवम् ५० भन्दाबढि साधक साधिका रहेका छन् । आश्रमको अर्को शाखा नवलपरासीको कोल्हुवा ४ मा पनि आरम्भ गरिएको छ । कोल्हुवा ४ नवलपरासी तथा काठमाण्डौ २ वटै शाखामा गौशाला  राखिएको छ जहाँ जम्मा गरेर १५० वटा गाई पालिएको छ । कोल्हुवा ४ नवलपरासीमा र काठमाण्डौको महादेवस्थानमा गरेर कुल क्षेत्रफल करिव साढे १५ बिगाहा रहेको छ । । कोल्हुवा ४ नवलपरासीमा र काठमाण्डौको महादेवस्थानमा सहित गरेर आश्रमको जग्गामा ११ वटा भवन निर्माण गरिएका छन् । काठमाण्डौको आश्रमको मुख्य भवनमा कार्यालय, ध्यानकक्ष र आश्रम छ । दोस्रोमा कक्षा १ देखि ८ कक्षा सम्म पठन पाठन हुने विद्यालय भवन, तेस्रोमा गौशाला , छात्रावास र पश्मीना उद्योग संचालित छन् । चौथोमा खाद्यान्न कुटानी पिसानि गर्ने मिल राखिएको छ । त्यस्तै पाँचौमा, भोजनालय तथा छैंठौ र सातौमा क्रमशः गेष्ट हाउस तथा स्वागत कक्ष रहेको छ भने नवलपरासीको कोल्हुवामा पनि ४ वटा भवन निर्माण गरिएका छन् । पहिलो भवनमा ध्यानकक्ष एवं श्री अरविन्दजीको समाधि राखिएको छ भने अर्को भवन

आश्रमकै आवास र अन्य क्रियाकलापको लागि प्रयोग गर्ने उद्देश्यले निर्माणाधिन छ । भने तेस्रो भवनमा गौशाला र चौथोमा भान्सा घर रहेको छ ।

आश्रममा विद्यार्थीहरुलाई उच्च शिक्षाका साथै शास्त्रीय नृत्य र संगीतका कक्षाहरु र थान्का, पेन्टिङ्ग, अगरबत्ति बनाउने तालिम पनि दिईन्छ । आश्रममा ४ वटा गाडी रहेका छन् । यस आश्रमको सम्पूर्ण गतिविधी संचालनको आर्थिक व्ययभारको लागि केही शुभेच्छुक र मित्रहरुको सहयोग बाहेक कुनै पनि सरकारी, गैरसरकारी, निकाय एवं देशविदेशको सहयोग लिएको छैन् । हाल आएर आश्रम आफैमा आत्म निर्भर हुने प्रयासमा छ । आश्रमा संचालित पश्मिना उद्योग, प्राकृतिक मलबाट उत्पादित तरकारीहरु, थान्का, पेन्टिङ्ग, अगरबत्ति, गाईको शुद्धदुध का साथै स्वदेशी तथा विदेशी ब्यक्तिहरुलाई योग सिकाउँदा प्राप्त हुने रकम आम्दानीका नियमित स्रोत बनेका छन् ( **भुषाल २०६५** ) ।

श्री अरविन्द योग मन्दिरको इतिहास धेरै लामो छैन् । तरपनि यहाँ आश्रित विद्यार्थीको मनोबल, आध्यात्मिक जागरण, दक्षता, सीप, कला अनुशासन कायम गर्ने कार्यमा आश्रमको योगदान अतुलनिय रहेको छ । वर्तमान परिवेशमा स्वार्थ रहित भावनाले समाज सेवाको लागि स्थापित भई कार्य गरेको उक्त संस्थालाई नेपालकै एउटा उदाहरणीय संस्थाको रुपमा पनि लिन सकिन्छ ।

यसै क्रममा काठमाण्डौको महादेवस्थान गा.वि.स.वडा नं.४ स्थित श्री अरविन्द योग मन्दिरले बालबालिकाको उज्वल भविष्यको लागि विगत १८ वर्ष देखि प्रयासरत रहँदै आएको छ । यसै शिलशिलामा आश्रमको आन्तरिक व्यवस्थापकीय पक्ष, भौतिक सुविधा, बालबालिकाको वास्तविक अवस्थिति तथा आश्रमको आन्तरीक तथा बाह्य वातावरण जस्ता विविध पक्षहरुको वास्तविक स्थिति अध्ययन गर्नु जस्तैः त्यहाँ आश्रीत विद्यार्थीहरुले कस्तो महशुस गरेका छन् ? आश्रमका संचालक, संस्थापक को हुन् ? आश्रमका साधकसाधिका र बालबालिकाहरुको बीचमा आपसीसहयोग र मेलमिलाप छ कि छैन् ? आश्रम वरिपरिको वातावरण कस्तो छ ? बालबालिकाहरुले आश्रमबाट विदा भइसकेपछि समाजमा के कस्ता क्रियाकलाप गरेका छन् ? भन्ने विषयको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गर्न र आश्रममा आश्रीत विद्यार्थीहरुको

सामाजिक, आर्थिक, साँस्कृतिक र पारिवारिक पृष्ठभुमिको अध्ययनका साथै आश्रममा बालबालिकाहरुको लागि गरिएको विभिन्न व्यवस्थाको अध्ययन गरेर अनाथ, असहाय, गरीव र जेहेन्दार विद्यार्थीहरुको भविष्य निर्माणमा यस संस्थाले पुर्‍याएको योगदानको बारेमा गहन अध्ययन गरिएको छ । अतः श्री अरविन्द योग मन्दिरको आन्तरिक व्यवस्थापन पक्षको स्थितिको अध्ययन गर्दै बालबालिकाहरुको सामाजीक, साँस्कृतिक तथा आर्थिक पृष्ठभुमिको खोजी गर्नु र श्री अरविन्द आश्रमको भौतिक एवं शैक्षिक स्थितिको अध्ययन गर्नु समस्याको मूल पक्ष हो ।

## १.३ अध्ययनको उद्देश्य

वर्तमान परिप्रेक्ष्यमा बालबालिकाहरुको विषयमा दिनप्रतिदिन विभिन्न समस्याहरु उत्पन्न भइरहेका छन र अध्ययन अनुसन्धान पनि भइरहेको पाइन्छ । तसर्थ प्रस्तुत अनुसन्धानको प्रमुख बिषयबस्तु अर्न्तगत श्री अरविन्द योग मन्दिरका विद्यार्थीहरुको/ बालबालिकाहरुको विविध पक्षहरुको समाजशास्त्रीय विश्लेषण गर्ने मुल उद्देश्य लिइएको छ । यस अध्ययनका विशिष्ट उद्देश्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- श्री अरविन्द योग मन्दिरमा आश्रीत बालबालिकाहरुको सामाजिक, आर्थीक, साँस्कृतिक, भाषिक, शैक्षिक, धार्मिक,लैङ्गीक, उमेर तथा जातिय अवस्थाको गहन अध्ययन गर्ने ।
- आश्रमले बालबालिकाहरुलाई के कस्तो सुविधा उपलब्ध गराउँदै आएको छ सो को जानकारी लिने ।
- आश्रममा रहेको स्वः निर्भर आर्थिक उत्पादन प्रणाली तथा सामाजिक जीवन पद्धतीको बारेमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

यस अरविन्द योग मन्दिरले बेसाहारा, टुहुरा बालबालिकाहरुलाई सामाजिक तिरस्कारबाट बचाएर उनिहरुको जीवन अन्य बालबालिका सरह सामान्य बनाउन ठुलो भुमिका खेलेको छ । साथै बालबालिकाहरुलाई सामाजिक वातावरणमा हुर्काइ कर्म योगलाई (कर्म भनेको काम र योग भनेको चिन्तन, साधना र ध्यान हो,जहाँ व्यक्तिले आफ्नो जीवनमा सधै कामलाई नै बढि महत्वपूर्ण ठानेर त्यस प्रति नै लगाव र

कार्यरत हुनु नै कर्मयोगको मुलभुत सार हो - रामचन्द्रदास, २०६५) निरन्तरता दिदै शिक्षा केबल प्रमाणपत्र संकलनको लागि नभएर ज्ञान प्राप्तिको लागि हो भन्ने चेतना दिँदै विद्यार्थीलाई आत्मनिर्भर र उद्यमशील बन्न मार्गनिर्देशकको भुमिका खेलेको छ। यो मन्दिर नभईदिएको भए आज कैयौ बालबालिकाहरु फुटपाथमा जीवन बिताउन बाध्य हुने थिए र आफ्नो भविष्यलाई अन्धकारतर्फ धकेल्न बाध्य हुने थिए । अतः अनाथ, असहाय, गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई पारिवारिक वातावरणमा हुर्काउदै आएको श्री अरविन्द योग मन्दिरको अध्ययनको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- देशका योजानाविद्लाइ नीति निमार्ण गर्ने कार्यमा यस्ता अध्ययनका सहायताले बालबालिकाका सम्बधमा  योजना बनाउन सहयोग पुऱ्याउने छ । साथै श्री अरविन्द योग मन्दिर जस्ता स्वार्थ रहित सामाजिक संथाहरुको विकाश गर्न राज्यलाई प्रोत्साहित  गर्न सहयोगीसिद्ध हुनेछ।
- अनाथ, असहाय र परिवारबिहिन  बालबालिकाहरुको उज्वल भबिष्य निर्माण गर्ने श्री अरबिन्द आश्रम तथा त्यहाँ बस्ने बालबालिकाहरुबीचमा रहेको अन्योन्याश्रित सम्बन्ध बुझ्न पनि यो अध्ययनले सहयोग गर्नेछ।
- श्री अरविन्द योग मन्दिरका पनि आफ्ना कैयौ त्रुटी, कमीकमजोरी हुन सक्छन् त्यस्ता कमीकमजोरी सुधार्न र बालबालिका प्रति गर्नुपर्ने आवश्यक कुराहरु पूर्तिगर्नको लागि यो अनुसन्धान सहायक सिद्ध हुनेछ।
- शिक्षामा ह्रास हुँदै गईरहेको नैतिक पक्ष, सामाजीक मूल्य मान्यता र राष्ट्रप्रेम बढाउन बालबालिकामा आध्यात्मिक शिक्षा एवं चेतनाको विकाश गर्न उपयुक्त वातावरणको सिर्जना गर्न मद्दत गर्नेछ।

# अध्याय दुई
## पूर्व साहित्यको समीक्षा

### २.१ बालकहरुको परिचय परिभाषा

बालबालिकाहरुलाई सामान्यतया शान्ति क्षेत्रका रुपमा लिईन्छ । यस्ता बालकहरुको परिभाषा यहि हो भन्ने सन्दर्भमा कुनैपनि देशले किटानी परिभाषा गरेको पाईदैन । तर बालकको परिभाषा बालकको उमेरसंग सम्बन्धित मानिएको छ । यो उमेरको स्तर हरेक देशमा भिन्दा भिन्दै  किसिमको रहेको पाईन्छ ।

### २.१.१ विश्वको सन्दर्भमा

भारत, पाकिस्तान, बर्मा र श्रीलंकामा ७ वर्ष भन्दा कम उमेरको बालकहरुले गरेको समाज विरोधि कार्य बाल दुराचारको सिमाभित्र आउदैन् । बेलाएतमा १० बर्ष मुनिकाबालबालिकाले अपराध गरेमा निजमाथि हुने निजले गरेको अपराधिक क्रियाकलापको कानुनी दायित्व लाग्दैन् । किनभने यिनले अपराधिक मनसाय बनाएका हुदैनन् भन्ने कानुनी अनुमान रहिआएको छ । यसबाट अपराधको परिणामको सीमा निर्धारणबाट समेत बालकको परिभाषा बुझ्न सकिन्छ (**पन्जियार - २०४७**) ।

त्यस्तै बालबालिकाहरु शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई ब्यबहारमा रुपान्तरण गर्नको लागि बालअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघिय महासन्धि १९८९ को धारा-१मा बालकको परिभाषामा : "कानुनद्धारा वयस्कताको उमेरको अन्यथा व्यवस्था गरेकोमा बाहेक १८वर्ष मुनिका प्रत्येक मानबलाई बालक सम्झनु पर्छ भन्ने उल्लेख छ" ( **टुहुरा बालबालिका सम्बन्धि अध्ययन - २०६०** ) ।

### २.१.२ नेपालको सन्दर्भमा

८ वर्ष मुनिको बालकले गरेको अपराध वा दुराचारलाई बालदुराचार भित्र राखेको छैन । त्यस्तै नेपाली वृहद शब्दकोषमा* 'बालक'भन्नाले केटाकटी, बच्चा,नानी, शिशुआदिलाई जनाउँछ भने त्यस्तै 'बालिका' भन्नाले कलिलो उमेरकी स्त्री, सानी केटी, बच्ची, कुमारी कन्या, पुत्री,छोरीआदिलाई जनाउने भनि परिभाषा गरिएको छ ।

भने शङ्कर कुमार श्रेष्ठद्धारा सम्पादित ‘नेपाली कानुनी शब्दकोषमा’ ‘बालक’शब्दको अतिरिक्त अन्य समनार्थी शब्दहरुको रुपमा केटाकेटी, नाबालक र नाबालिग शब्दहरुलाई पनि प्रयोग गरिएको पाईन्छ ।

**बालक-** (१२ बर्ष पूरा नभएको व्यक्ति (विफर नियन्त्रण ऐन, २०१२);

**नाबालक-** नावालिग; अल्पवयस्क; ऐनमा बालिग हुनतोकेको उमेर नपूगेको कुनै व्यक्ति (१६ वर्षभन्दा कम उमेरका );

**नाबालिगा-** १४ बर्ष उमेर पूरा गरेको तर १८ वर्षको उमेर पूरा गरी नसकेको व्यक्ति (नेपाल कारखाना र नेपाल कारखानामा काम गर्ने मजदूर सम्बन्धि ऐन; २०१६);

**केटाकेटी-** १६ वर्ष उमेर पूरा नगरेको व्यक्ति (भिक्षा माग्ने ऐन,२०१८ ; १४ बर्ष उमेर पूरा गरी नसकेको व्यक्ति(नेपाल कारखाना र नेपाल कारखानामा काम गर्ने मजदूर सम्बन्धि ऐन; २०१६) ।

त्यस्तै बालक छोराछोरी केटाकेटीको रुपमा रहेका जहानपरिवारलाई बालबच्चा भनिएको छ । भने बाल्यावस्था पार गरेको साबालक,उमेदवार,जवान,आदिलाई बालिग भनि तोकिएको छ । त्यसैगरी संबिधानले दिने मताधिकारका निम्ती उमेर पूगेका बयस्कलाई पनि **बालिग** भनि परिभाषित गरिएको छ। नेपाली कानुनको परिप्रेक्ष्यमा १६ वर्ष मुनिको केटाकेटीलाई **बालक** र सो भन्दा माथिको लाई **साबालक** नामाकरण गरिएको छ ।

- मुलुकी ऐन अदालती, बन्दोबस्तको ८३ नं र २४ नं ले १६ वर्ष मुनिकालाई **नाबालिग** भनि परिभाषा दिएको छ ।
- त्यस्तै, जर्बरजस्ती करणीको १ नं ले कन्या, विधवा वा अर्काकी सधुवा स्वास्नी मानिसमा १६ वर्ष मुनिकालाई उसको मञ्जुरी लिई वा नलिईकन जुनसकै व्यहोराले करणी गरेमा जर्बरजस्ती करणी गरेको भनि ठर्हछ भनिएकोबाट १६ वर्ष मुनिकालाई **बालिका** नै मानेको पाईन्छ ।
- मुलकी ऐन, दण्डसजाएको १ नं ले ८ वर्ष मुनिकालाई नाबालक मानेको छ तर ८ वर्षदेखि १२ वर्षसम्मको तथा १२ वर्षदेखि १६ वर्ष सम्मलाई उमेरगत स्तरमा

मानवीय सोचाईमा आउनसक्ने परिवर्तन वा स्तरको भिन्नता अनुसार भिन्दाभिन्दै सजाएको व्यवस्था गरेको छ ।

- विवाहवारीको महलले वैवाहिक दृष्टिकोणबाट नाबालकको उमेर १६ वर्ष र १८वर्ष तोकेको छ । केटीको उमेर १६ वर्ष र केटाको उमेर १८ वर्ष भएमा संरक्षकको मञ्जुरीले विवाह गर्न पाउने व्यवस्था छ ।
- नेपाली नागरिकता ऐन, २०२० को दफा २(क) ले नाबालक भन्नाले १६ वर्ष उमेर पूरा नभएको व्यक्ति संम्झनु पर्दछ भनि परिभाषा जारी गरेको छ ।
- धर्मपुत्रको ४ (क) नं. ले १६ वर्ष मुनिका बालकलाई धर्मपुत्र राख्न संरक्षकको मञ्जुरी लिनुपर्ने व्यवस्था गरेकोबाट १६ वर्ष मुनिको बालकलाई नाबालक मानिएको स्पष्ट हुन्छ ।

नेपालका बालबालिका सम्बन्धी ऐन २०४८ को दफा १७ मा १४ वर्ष उमेर पूरा नगरेका बाल बालिकाहरुलाई श्रमिकको रुपमा काममा लगाउन नपाइने र १४ वर्ष वा सो भन्दा माथिका बालबालिकालाई बेलुका ६ बजे देखि ५ बजेसम्मको अवधिमा श्रमिकको रुपमा काममा लगाउन नहुने प्रावधान रहेको पाइन्छ । त्यस्तै दफा ४७ ले भने श्रमिकका रुपमा १४ वर्षका बालबालिकालाई दिनको ६ घण्टा र हप्ताको ३६ घण्टा भन्दा बढि काममा लगाउन नहुने र लगातार ३ घण्टाको काम गरेपछि आधा घण्टा विश्राम दिनुपर्ने व्यवस्था गरिएको छ ।यसरी बालक एवं यसकै समनार्थी प्रयोगका 'केटाकेटी', 'नाबालिग', 'नाबालक' जस्ता शब्दहरुको परिभाषा कतै उमेरगत रुपमा अवस्था अनुसार फरक देखिएको छ भने कतै अपराधमा मनसाययुक्त स्थितिको भिन्नताको आधारमा परिभाषामा भिन्नता रहेको पाईन्छ (**पन्जियार-२०४७**) ।

## २.२ बालबालिकाको व्यक्तित्व विकाश

बालबालिकाको व्यक्तित्व विकाशका विभिन्न चरणहरु मध्ये बाल्यकाललाई सुनौलो वा स्वर्ण अवस्था मानिन्छ । किनकी मानिसले प्रत्येक कुराको प्रारम्भ बाल्यकालबाट नै गर्दछ, जुनकुरा उसले आफ्ना आमाबाबुबाट सिक्दैजान्छ । त्यसैले भनिन्छ, बालबालिकाहरुको शिक्षा प्राप्तिको पहिलो पाठशाला नै परिवार हो । जहाँ बालकले

उचित, अनुचित, अनुशासन, आज्ञापालन, आदार, सत्कार, सभ्यता र सँस्कृति जस्ता कुराहरुको जग बसाल्दछ ।

जुनबालक अनुशासित छैन, आफुभन्दा ठूला व्यक्तिहरुको आदर, सत्कार गर्न जान्दैन, त्यसले भविष्यमा आफ्नो लागि र पनि त्यसै समाज तथा राष्ट्रकोलागि पनि केहि देन दिन सक्दैन् । त्यसैले बाल्यकालको अनुभव, सिकाई र आचरणले नै व्यक्तिको भविष्य निर्देशित गर्दछ । प्रसिद्ध मनोवैज्ञानिक लाँकले भनेका छन् कि "बालबालिकाको मस्तिष्क कालो पाटी जस्तै हो, त्यसमा अभिभावक, परिवार, शिक्षक, समाज र वातावरणले जे पनि लेख्न सक्छ"। बालबालिकाहरुलाई जस्तो वातावरण दियो उनिहरु त्यस्तै बन्दछन् । स्वस्थ र सुरक्षित वातावरणमा हुर्केका वातावरणमा हुर्केका बालबालिकाको मनस्थितिको विकाश अनुरुप भई रहेको हुन्छ । त्यसैले राम्रो हेरचाह, माया, ममताका साथै उचित शिक्षा दिन सकेमा एक सजग देशभक्त, स्वाभिमानी, कर्णधार, र सबल नेतृत्वदायक नागरिक बनाउन सकिन्छ जुन कुरा शिक्षाबिना कल्पना गर्न पनि सकिदैन ( **बालसरोकार -२०६२** ) ।

त्यसैले समाजसेवाका महान व्यक्तिहरु भन्दछन् "कि तपाई १ वर्षका लागि सोच्नुहुन्छ भने बिऊ रोप्नुस् । १० वर्षका लागि सोच्नुहुन्छ भने रुख रोप्नुस् र १०० वर्षका लागि सोच्नुहुन्छ भने बालबालिकाहरुलाई शिक्षित बनाउनुस् किनकी बालबालिकाहरु हाम्रो भबिष्य हुन् उचित हेरचाहले मात्र बालबालिकाहरुलाई शारिरीक रुपमा र मानसिक रुपमा स्वस्थ बनाउन मद्दत गर्दछ" । त्यसैले बालबालिकाहरुको रुचि र प्रतिभालाई ख्याल गरेर त्यसै अनुरुपको शिक्षा दिएमा मात्र बालप्रतिभा फस्टाउन सक्छ । जसले देशको भविष्य नै उज्यालो बनाउन सक्छ । तसर्थ शिक्षाको विकास नै पहिला व्यक्तिको, त्यसपछि समाजको र राष्ट्रको बिकासलाई जाँच्ने कसी हो । त्यसैल बालबालिकाहरु भनेका फक्रन लागेको फूलको सून्दर कोपिला अझ भनौ कुमालेको काँचो माटो जस्तै हुन् । जसलाई चाहेजस्तो आकारमा परिणत गर्न सकिन्छ र एउटा योग्य, कुशल, देश निर्माता बनाउन सकिन्छ ( **खनाल - २०५४** ) ।

समाजमा मनिसले एउटा जैविक प्राणीको रुपमा जन्म लिई सकेपछि उसलाई एउटा सामाजिक प्राणी बनाउनको लागि समाजमा प्रचलित चालचलन, रितिरिवाज, मूल्यमान्यता तथा सँस्कृतिले महत्वपूर्ण भुमिका खेल्दछ । प्रत्येक समाजका आ-आफ्ना छुट्टै मापदण्ड, आदर्श, मूल्यमान्यता हुन्छ र सोहि अनुरुपको आन्तरीक र पारस्पारिक अर्न्तक्रियाको विकास हुँदै जान्छ । यसप्रकार बालबालिकाको व्यक्तित्व विकासमा सामाजिक प्रक्रिया, मूल्यमान्यताको अतुलनिय योगदान रहन्छ । किनकी नवजात शिशुको जन्म संगै उसले आफ्नो परिवार, समाज तथा सँस्कृतिको देखासिकि गर्दै अगाडी बढ्दछन् । यस्तो परिस्थितिमा बालबालिकाहरुलाई असामान्य व्यवहारको विकास गराउनमा पनि समाजको नै हात रहन्छ। यसरी बालबालिकाको व्यक्तित्व विकासमा सामाजिकिकरण प्रकृयाको पनि उल्लेख्य योगदान रहन्छ । यहाँ सामाजिकिकरण प्रकृया भन्नाले सामाजिक शिक्षणको त्यो प्रकृया हो, जसले व्यक्तित्व विकासमासामाजिक चेतना तथा सामाजिक आदर्श अनुरुपको व्यवहारको विकास गराउँदछ । यसरी साँचो अर्थमा भन्नुपर्दा सामाजिकिकरण प्रक्रियाबाट नै एउटा नवजात शिशुले आफ्नो अर्न्तक्रियात्मक क्षमतालाई सामाजिक ढाँचामा रुपान्तरण गर्न सक्छ । यसरी सामाजिक शिक्षणको प्रभाव व्यक्तिको सोँचाई तथा क्रियाकलापमा पर्छ । यस प्रक्रियामा आमाबाबुको मनोवृत्ति, पालनपोषणको तरिका, पारिवारिक विकृति, अन्तर पारस्पारिक सम्बन्ध, सामाजिक भुमिका जस्ता तत्वले बालबालिकाको सामाजिक, मानसिक, शारिरीक तथा संवेगात्मक विकासमा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । नवजात शिशुको जन्मसंगै सवैभन्दा पहिला उसको सम्पर्क आमाबाबु संग हुन्छ । उसको रेखदेख, आवश्यकताको परिपूर्ति तथा सामाजिक चेतनाको जग बसाल्न सबैभन्दा बढि जिम्मेवार आमाबाबु नै बन्नु पर्दछ । यसरी परिवारबाट बच्चालाई माया, ममता, स्नेह, सेवासुरक्षा, मिल्दै जाँदा बालबालिकाहरुमा सामाजिक समायोजनको ब्यवहार स्वतः विकशीत हुँदै जान्छ, यसलाई नै हामीले व्यक्तित्वको विकास भन्छौ । यस क्रममा समाजमा विभिन्न परिवारहरुको बीचमा स्नेह, माया, ममता दिने तरिका बेग्लाबेग्लै हुन्छ जसको कारण बढि रेखदेख, स्नेह पाएका बालबच्चाहरुमा परनिर्भरताको स्थिति बढ्दै जान्छ भने माया ममता नपाएका बालबच्चाहरुमा कुण्ठा,

पिडा र हिनता बोधको भावना पैदा हुन्छ जसले गर्दा बालबालिकाहरुमा असमायोजित व्यवहारको बिकास हुन थाल्छ ( **डा.मिश्र एवं डा.सिन्हा - १९८७, १९९२** ) ।

यसरी बुबाआमाको दृष्टिकोण, विश्वाश, मनोवृत्ति अनुसार बालबालिकाहरुमा योग्यताको, व्यवहारको  क्षमता एवं दिशानिर्देशनको विकास भएको पाईन्छ । जसले एउटा असल व्यक्तित्व निर्माणमा सहयोग पुर्‍याउँदछ । त्यसैगरी केटाकेटीलाई अस्वीकार गर्ने, उनिहरुको कुरा नसुन्ने, सानोतिनो गल्तीमा पनि हप्काउने, पिट्ने तथा ठूलो दण्डसजाँए दिने जस्ता कारणले बच्चाहरुमा मनोवैज्ञानिक त्रास उत्पन्न हुन जान्छ । जसको कारण उनिहरु आंशिक वा पूर्ण, सकिय वा निष्क्रिय, व्यक्त वा अव्यक्त रुपमा त्यसको प्रतिकार गर्न थाल्दछन् । त्यसैले यस्तो परिस्थिति सृजना हुन नदिन आमाबाबुले बच्चामा रहेको 'स्वः'को धारणा विकास गर्दै पारस्परिक संवेगात्मक सम्बन्धको विकास गर्न मद्दत गर्नु पर्दछ जुन कुरा परिवारको सहयोगबाट मात्र सम्भव हुन्छ । कतिपय परिवारमा आमाबाबुको उपेक्षापूर्ण व्यवहारले गर्दा बच्चाहरुमा सहि वा गलत, स्वीकार्य वा अस्वीकार्य, योग्य वा अयोग्य के हो? भन्ने कुराबीचको भिन्नता छुट्टाउने बानीको पनि विकास हुन सक्दैन् । जसले गर्दा बच्चाहरुमा खराब आचरण तथा बानीको बिकास हुन पुग्दछ । त्यसकारण बच्चाहरुलाई उचित स्याहार सुसार गर्दै उनिहरुको खराब बानीको सुधारगर्ने प्रयत्न गर्नु पर्छ । तब मात्र असल व्यक्तित्व निर्माण गर्न सकिन्छ । बालबच्चाहरुलाई अति नियन्त्रण गर्नाले परनिर्भरता बढ्नुका साथै स्वतन्त्र रुपमा निर्णय गर्न र स्वाबलम्बी बन्न सक्दैनन् । त्यसकारण बच्चाहरुबाट वास्तविक वा स्वभाविक क्षमता भन्दा बढि अपेक्षा राख्नु हुदैन् किनकी, यसले गर्दा उनिहरुलाई बढि भार पर्न जान्छ जसले व्यक्तित्व विकास नभई असमायोजन हुने संभावना बढ्न जान्छ । त्यसैले परिवार र समाजले बालबालिकाको हरेक जिज्ञासा, रुचि, चाहाना पुरा गरिदिनु पर्दछ । यसरी बालबालिकाको व्यक्तित्व विकासको लागि उचित पालनपोषणको पनि महत्वपूर्ण स्थान रहन्छ । किनभने, बच्चा हुर्कने कममा सामाजिक रितिरिवाज, परम्परा पनि ग्रहण गर्दै जान्छ यस कममा विभिन्न अध्ययनबाट यो पत्ता लागेको छ कि बालबच्चाहरुमा स्तनपानको अभाव, बच्चाको स्याहारसुसार गर्ने अवधिमा कमी, अचानक दूध छुटाउनाले बालबच्चाहरु कुपोषणको शिकार हुन

पूर्दछन् । त्यसैले बालबालिकाहरुले पालन पोषणको प्रणालीद्धारा भावि जिवनमा आउन सक्ने कठिनाई, बाधा, अड्चन,संघर्ष एवं संवेगात्मक परिस्थितिसँग जुध्ने सामर्थ्य प्राप्त गर्दछन् । तर यदि पालन पोषण अस्वस्थकर हुन जान्छ तब बालबालिकाहरुले संवेगात्मक परिपक्कताको अभाव, मायाप्रेमको अभाव, असुरक्षा, अयोग्यता एवं निराशाको अनुभुति गर्न थाल्दछ र असामान्य व्यवहार गर्दछ । यसरी एउटा नवजात शिशुको जन्म पश्चात उसको पालनपोषणका साथै विकासमा परिवारले एउटा सामाजिक संस्था को रुपमा कार्य गर्दछ । अतः पारिवारिक वातावरणले पनि बालबालिकाको व्यक्तित्व विकासमा महत्वपूर्ण भुमिका खेल्दछ । त्यस कारण नेपाली संस्कृति, मूल्यमान्यतामा हुर्केको बालक र पाश्चात्य संस्कृतिमा हुर्केको बालकहरुको बीचमा प्रष्ट अन्तर देख्न सकिन्छ भने एउटै समाज र संस्कृतिमा हुर्केको बालकहरुको बीचमा प्रष्ट अन्तर देख्न सकिन्छ भने एउटै परिवारका प्रत्येक सदस्यहरु बीचमा पनि भिन्दा भिन्दै व्यक्तित्व पाउन सकिन्छ । यसको मुख्य कारण नै भिन्दा भिन्दै परिवेशको पारिवारिक वातावरण हो । यस सम्बन्धमा **फिसर एवं अन्य (१९५९) ले** उनिहरुको प्रारम्भिक अध्ययनका आधारमा व्यक्तित्व विकासमा पारिवारिक वातावरणको प्रभाव सम्बन्धि निम्न निष्कर्ष निकालेका छन् ।

१. जुन आमाबाबु व्यक्तिगत रुपमा स्वयं सफलतापूर्वक समायोजन गर्न सक्षम हुन्छन तथा उनिहरुको आपसी सम्बन्ध पनि राम्रो रहन्छ, उनिहरुको बच्चाहरुको व्यक्तित्व विकासमा सामान्यतया समायोजनको गुण प्रबल रहन्छ ।

२. व्यक्तिगत रुपमा जुन आमाबाबु सफलतापूर्वक समायोजन गर्न सक्षम हुदैनन् तर उनिहरुको आपसी सम्बन्ध पनि लगभग सामान्यस्तरको रहन्छ । त्यस्ता आमाबाबुको बच्चाहरुमा मनः स्नायुविकृतिको लक्षण देखिदै जान्छ ।

३. जुन आमाबाबु व्यक्तिगत रुपमा असमायोजनको शिकार भएका हुन्छन् साथै उनिहरुको पारिवारिक वा आपसी सम्बन्ध पनि बिग्रेको हुन्छ त्यस्तो परिवारको बच्चाहरुमा मनोविदलिताको लक्षणहरु विकास हुन्छ ( **फिसर - १९५९** ) ।

यसरी विभिन्न अध्ययन अनुसन्धानबाट पनि के पत्ता लगाउन सकिन्छ भने कुनै पनि बालबालिकाहरु अपराधि हुनुको पछाडी परिवार, समाज र राष्ट्रनै जिम्मेवार रहन्छ ।

किनकी स्वस्थ सामाजिक परिवेशमा हुर्केको बच्चाको सोचाई पनि स्वस्थ हुन्छ भने सामाजिक विभेद, गरीबी, जातिय पूर्वाग्रह,अपराधमा वृद्धि, कानुनको वेवास्था जस्ता सामाजिक विकृति तथा अस्वस्थकर वातावरणमा विकशीत भएको बच्चाको व्यक्तित्व पनि अस्वस्थ नै हुन्छ । त्यसैले प्रत्येक बालक चरित्रवान, स्वस्थ होस् वा नहोस् सम्पुर्ण देशको भविष्य उसको काँधमा नै निहित हुन्छ । यसर्थ स्वस्थ राष्ट्रको स्थापना स्वस्थ बालकबाट मात्रै सम्भवछ र स्वस्थ बालक स्वस्थ राष्ट्रबाट मात्रै निर्मित हुन्छ ( **डा.मिश्र एवं डा.सिन्हा - १९८७, १९९२** ) ।

## २.३ बालअधिकारको ऐतिहासिक विकास

बालअधिकारको ऐतिहासिक विकास सन् १९१४ देखि १९१८ सम्म भएको पाईन्छ । प्रथम विश्वयुद्धबाट धनजनको ठूलो क्षति हुनुका साथै असख्य बालबालिकाहरु अपाङ्ग र अनाथ भए । युद्धग्रस्त क्षेत्रमा लाखौं बालबालिका भोका र नाँङ्गा बन्न पुगे । यसै समय देखि बालअधिकारको विकासक्रम शुरु हुँदै आएको पाईन्छ । त्यस दर्दनाक अवस्थाबाट पिडित बालबालिकाको दुख देखेर बेलायीत महिला फोटोग्राफर "एग्लाइन्टाईन जेवले" युद्धग्रस्त क्षेत्रका नाँगा केटाकेटी को फोटो खिचेर प्रचार प्रसार गरिन् । जुन समयमा वेलायती समाजमा केटीहरुले कुर्कुच्चा देखाउन समेत अपराध मानिन्थ्यो। त्यस समाजमा नाँगा फोटा खिचेको आरोपमा "एग्लाइन्टाईन जेवलाइ" कारावासको सजाय सुनाइयो । उनले सबै युद्धहरु महिला र बालबालिका विरुद्धको युद्ध हुन् भन्ने आवाज उठाउँदै कारावासमा सन् १९२१ मा बालअधिकार घोषणाको मस्यौदा तयार पारिन् र "सेभ द चिल्ड्रेन फण्ड, यु.के. को स्थापनाबाट बालबचाऊ अभियान शुरु गरिन् । आजसम्म विश्वमा करिब २४ वटा बचाऊको संस्थाहरु स्थापना भइसकेका छन् । यसरी सन् १९२१ को बालअधिकार घोषणाको मस्यौदालाई सन् १९२४ को "जेनेभा" घोषणपत्रमा समावेश गरेर बालअधिकार अवधारणालाई अन्तराष्ट्रिय रुपमा चिनाउने काम भयो ।सन् १९४८ मा "मानव अधिकार घोषणापत्र" जारी भयो । जसमा सबै मानिसको अधिकार उल्लेख गरिएतापनि बालबालिकाको विशेष संरक्षण र सुरक्षाको आवाज उठ्न सकेन् । सन् १९५९ मा सँयुक्तराष्ट्रसंघले उच्चतम हितलाई ध्यान दिंदै पत्र जारी गर्‍यो । सन् १९५९ देखि १९७९ सम्मको २०

वर्षको अन्तराल सम्म यो "घोषणापत्र" को रुपमा मात्र मान्य रह्यो । जसको परिणामस्वरुप बालअधिकार को आवाजहरु वाध्यात्मक रुपमा लागू गर्ने स्थिती भएन् । सन् १९७९ लाई सँयुक्त राष्ट्र संघले वालबर्षको रुपमा मनाउने घोषणा गर्‍यो र यसलाई सन्दर्भ बनाएर पोल्याण्ड सरकार बाल अधिकार महासन्धिको मस्यौदा बनाउन सफल रह्यो । यो मस्यौदा माथि १० वर्ष सम्म विभिन्न छलफल र परिमार्जन गर्दै २० नोभेम्वर १९८९ को दिन सँयुक्त राष्ट्र सँघको महासभाले बालअधिकार महासन्धि पारित गर्यो जसलाई अहिलेसम्म १७८ मुलुकले अनुमोदन गरिसकेका छन् भने २० वटा राष्ट्रले अनुमोदनपछि अन्तराष्ट्रिय कानुनको रुपमा मान्नुपर्ने भयो ।

यसरी एक सामान्य नागरिक "एग्लाइन्टाईन जेवले" युद्धको विभिषिकाबाट प्रभावित बालबालिकाको दुःख बाट प्रभावित भई उठाएको आन्दोलनले एउटा महासन्धिको रुप लिन पुग्यो । जसलाई अनुमोदन गर्नु, महासन्धिमा भएका प्रावधानहरुलाई राष्ट्रिय कानुनमा समावेश गर्नु र महासन्धिमा दिएको अधिकारबाट बालबालिकाहरुलाई वन्चित हुन नदिनु नै बालअधिकारको विकास हो । यसरी नेपालले पनि १४ सेप्टेम्बर १९९०मा उक्त महासन्धिमा हस्ताक्षर गरेर यसको कार्यान्वयन गर्ने दायित्व बोकेको छ । जसको फलस्वरुप बालबालिकाको हक-हित, संरक्षण गर्न वि. स. २०४८ मा पहिलो ऐन बनेको पाइन्छ । बालअधिकार भित्र मुख्य आधारभुत ४ वटा कुराहरु रहेका छन् ।

- बचाउँ र बाच्न पाउने अधिकार ।
- संरक्षणको अधिकार ।
- विकासको अधिकार ।
- सहभागिताको अधिकार ( **इन्सेक - २०५४** ) ।

## २.४ बालअधिकार महासन्धि र नेपाल

सन् १९९८ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघले बालअधिकार महासन्धि पारित गरेपछि विश्वभरिनै बालअधिकार संरक्षणको लहर चल्यो । बालबालिकाको हक- हित संरक्षणगर्न विश्वका धेरै राष्ट्रहरुले बालअधिकार महासन्धिमा हस्ताक्षर गरेपछि सन १९९० सेप्टेम्बर १४मा नेपालले पनि हस्ताक्षर गर्‍यो तर लागू भने १९९० अक्टोवर १४ मा मात्र भयो । बालबालिकाको हक-हितको बारेमा सजग भएर महासन्धीलाई

अनुमोदन गरे पश्चात नेपालले सो सम्बन्धि ठोस कदम चाल्न बाध्य भयो । उक्त महासन्धी कार्यान्वयनको कममा निकै कमजोरी देखिएको पाईएतापनि सरकारबाट केहि प्रयासहरु पनि भएका छन् ति प्रयासहरुमा :

- बालबालिकासम्बन्धी ऐन बनाउने ।
- बालबालिकासम्बन्धी नियमावली बनाउने ।
- राष्ट्रिय महिला तथा बालबालिका परिषदको गठन गर्ने ।
- महासन्धिको पारम्भिक प्रतिवेदन तयार गर्ने ।
- केन्दीय बालसमिति गठन गर्ने ।
- बालश्रम उन्मुलनसम्बन्धि राष्ट्रिय कार्ययोजना बनाउने ( **इन्सेक - १९९२** ) ।

## २.५ बालअधिकार महासन्धि केन्द्र १९९८ का स्वरुपहरु

धारा १-४० सम्ममा बालअधिकारको व्यबस्था,

धारा ४१ मा  राष्ट्रिय वा अन्र्तराष्ट्रिय कानुनले बढि अधिकार दिएको भए सोहि अनुसार लागुहुने व्यवस्था ।

धारा ४२ मा बालअधिकार महासन्धिको राज्यले प्रचार-प्रसार गर्नुपर्ने दायित्व ।

धारा ४३- ५४ महासन्धिको कार्यान्वयनमा तत् सम्बन्धी प्रतिवेदन मूल्याङ्कन अनुगमन आदिको व्यवस्था ।

अन्र्तराष्ट्रिय परिप्रेक्ष्यमा बालअधिकार अन्र्तगत महासन्धिमा समग्र रुपमा ४ समुहमा विभाजन गरेका छन् ।

- बाल बचावट /बाँच्न पाउने अधिकार ।
- बालसंरक्षण/संरक्षणको अधिकार ।
- बाल विकास/विकासको अधिकार ।
- बाल सहभागिता/सहभागिताको अधिकार ।

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धीद्धारा ४४ वटा प्रत्याभुत गरिएका बालबालिकाहरुको हक अधिकारहरु पारित भएका छन् । जसमध्ये केहि निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- बालबालिकाको परिभाषा ।
- भेदभाव गर्न नहुने ।
- बालबालिकाको विचारको स्वतन्त्रता ।
- र्दुव्यवहार र हेलाबाट संरक्षण ।
- परिवारविहिन बालबालिकाको संरक्षण ।
- शिक्षा ।
- लागूपदार्थको दुरुपयोगबाट संरक्षण ।
- यौन शोषणबाट संरक्षण ।
- बालबालिकाको बेचबिखन, सौदाबाजि र अपहरणबाट सुरक्षा ।
- महासन्धिको कार्यान्वयन ( **इन्सेक - २०५४** ) ।

## २.६ बालबालिकाका लागि नयाँ राष्ट्रिय कार्ययोजनाका नीतिहरु

सन् १९९० को बालबालिका र विकास सम्बन्धी राष्ट्रिय कार्ययोजनामा लक्षित गरिएका कतिपय कुराहरु हासिल हुन सकेनन् ।यद्धपि कानूनी, नीतिगत, कार्यान्वयन र संस्थागत विकास जस्ता विषयहरु समावेश भएका थिए । धेरै जसो बालबालिकाहरु अझै बाल अधिकार महासन्धिले प्रत्याभूत गरेका अधिकारको उपयोगबाट बञ्चित छन् । बाल अधिकारको सुरक्षा र प्रवर्द्धन तथा बालविकासका चुनौति र वाधाहरुका रुपमा रहेका केही कारणहरु पहिचान भईसकेका छन् । जस्तै विरोधाभाषपूर्ण कानूनी प्रावधानहरु, उपलब्ध कानूनको कमजोर कार्यान्वयन, बालबालिका माथिको शोषण, दूर्व्यवहार र भेद्भावविरुद्धका कानूनी प्रावधानको फितलोपन, मानव संसाधन र संयन्त्रको अपर्याप्त क्षमता, स्रोतको अभाव, प्रमुख जिम्मेवार निकायहरुमा जवाफदेहिता र जिम्मेवारीको अभाव, सशस्त्र द्वन्द्वको निरन्तरता, मुलुकमा व्याप्त अतिगरिबी, बाल अधिकारको महत्व बारे न्यूनज्ञान आदि रहेका छन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा वर्तमान बाल अधिकारको आस्थामा आधारित भई यो बालबालिकाका लागि नयाँ राष्ट्रिय कार्ययोजनाका नीतिहरु यस प्रकार रहेका छन् ।

### २.६.१ सामान्य नीतिहरु

- बाल अधिकार महासन्धि अनुरुप (अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु) बालबालिकाको सर्वोतम हित, दूर्व्यवहार र भेदभावको अन्त्य जस्ता कुराहरुसँग तादात्म्यता मिलाउँदै बाल अधिकारको प्रत्याभूति गर्ने कानूनको पुनरावलोकन गर्ने, मिलाउने तथा सुधार गर्ने ।
- विना कुनै भेदभाव सबै किसिमका बालअधिकारहरु र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूतिका लागि संस्थागत, प्रशासनिक र कार्यान्वयन प्रकृयाको प्रयोग गर्ने ।
- गुणात्मक आधारभूत सेवा प्रदान गर्न प्राथमिकता दिने र अशक्त, अनाथ, सडकका, दलित, सुविधाबाट वञ्चित, आन्तरिक रुपमा विस्थापित र शरणार्थी बालबालिका तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका, बेचविखन तथा ओसारपसार, यौन तथा अर्थिक शोषण र जेलमा रहेका बालबालिका समेतलाई अधिकारको प्रत्याभूत हुने अवसरहरु प्रदान गर्नु ।
- सम्पूर्ण क्षेत्रमा बाल-मैत्री वातावरणको पहिचान र प्रवर्द्धन गर्नु ।
- बालबालिकाको लैङ्गिकता र सुविधा विमुख समूहलाई विशेष ध्यान दिंदै सबै क्षेत्रमा लैङ्गिक सूचना व्यवस्थापन प्रणालीको विकाश गर्ने ।
- विशेष रुपमा स्वास्थ्य, शिक्षा र पुनर्स्थापनका क्षेत्रहरुमा शारीरिक दूर्वलता र विशेष कठिन परिस्थितिमा रहेका तथा आकस्मिकता (प्राकृतिक प्रकोप)लाई समेत समावेश गरी क्रमशः सामाजिक सुरक्षा योजनालाई लागू गर्दै जाने ।
- सरकारी निकायहरु, विकासका साझेदारहरु, गैह्र सरकारी संस्थाहरु र अन्य सरोकारवालाहरु बीचमा सहकार्य र सम्बन्ध स्थापना गर्दै दोहोरोपना घटाउने पद्धतिमा एकरुपता ल्याउने र कार्यक्रमलाई परिणाममुखी बनाउने ।
- निजी क्षेत्रमा सामाजिक/व्यवसायिक लैङ्गिक जवाफदेहिताको पद्धतिको विकास गर्ने ।
- बाल अधिकारसँग सम्बन्धित निकायहरुलाई जवाफदेही बनाउने ।

- कार्यक्रमको सबै तहमा विकासका साझेदारहरुलाई ल्याउन सक्ने गरी सरकारी संरचनाको क्षमता विकास गर्ने ।
- राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय र स्थानीय संयन्त्रको सुदृढीकरण गर्ने ।
- उमेर र बालबालिकाको परिपक्वता मुताविक सबै तहहरुका र क्षेत्रहरुमा बालबालिकासँग सम्बन्धित सवालहरुमा बाल सहभागितको प्रोत्साहन र प्रवर्द्धन गर्ने ।
- बाल अधिकारको रक्षा र उपभोगका लागि स्रोतको सही बाँडफाड र सदुपयोग गर्ने ।
- समुदायमा आधारित बाल सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने ।
- बालबालिका, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुलाई शान्ति क्षेत्र घोषणा गरी यसलाई सामाजिक सदाचारको रुपमा विकास गरी यसको नियमित अनुगमनको व्यवस्थागर्ने ।

२.६.२ स्वास्थ्य (दोस्रो दीर्घकालीन रणनीतिक स्वास्थ्य योजनासँग सम्बन्धित)नीतिहरु

२.६.३ शिक्षा (सबैका लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजनासँग सम्बन्धित) नीतिहरु

२.६.४ दूर्व्यवहार, शोषण र हिंसाबाट सुरक्षा

२.६.५ एच.आइ.भी/एड्स विरुद्ध कार्य गर्ने (राष्ट्रिय एच.आइ.भी/एड्स रणनीतिसंग सम्बन्धित) नीतिहरु रहेका छन् ।

**(http://www.pustakalaya.org/view.php?pid=Pustakalaya:1130_**
**(श्री ५ को सरकार (महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय )सिंहदरवार, काठमाण्डौं ।**

त्यस्तै बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्र २००० ले स्पष्ट शब्दमा राज्यपक्ष र विद्रोहीपक्षले १८ वर्ष मुनीका कुनै पनि नागरिक बालबालिकालाई सशस्त्र संघर्षका कुनै पनि गतिविधिमा प्रयोग गर्न निषेध गरेको र बालबालिकालाई सशस्त्र संघर्षका कुनै पनि कार्यमा प्रयोग नगर्ने अवस्थाको सिर्जनाका लागि उपयुक्त ब्यवस्था गर्नुपर्ने

किटान गरेको पाइन्छ । तापनि विगतमा सञ्चालित सशस्त्र द्वन्द्व र संघर्ष  यसमा बालबालिकाको अवस्थाका बारेमा नागरिक समाजको अध्ययन र अवलोकनले यस्तो र अवस्था देखाएको पाइन्छ ।

- बालबालिकालाई सशस्त्र संघर्षसँग सम्बन्धित विविध कार्य (सुचक, भरिया, पाले, भान्से  आदि)मा दुबै पक्षले प्रयोग गरेको र विद्रोही पक्षले लडाकु दस्तामा समेत प्रयोग गरेको एमनेष्टिले दाबी गरेको छ ।
- बालबालिकाले पढ्ने र स्वास्थ्य उपचार गर्ने विद्यालय तथा स्वास्थ्य चौकीहरु दुबै पक्षका गतिविधिका कारण नियमित संचालन नभई अवरुद्ध भएका छन् ।
- बालबालिका स्वयं मारिएका, घाइते बनाइएका, पक्राउ गरिएका वा अपहरण गरिएका, बाबुआमा विहिन बनाइएका वा विस्थापित गरिएका छन् ।
- बालबालिका अगाडी प्रत्यक्ष भएका मारकाटका घटना तथा त्यसबाट सिर्जित डरत्रासका कारण बालबालिकामा मनोसामाजिक असर पर्नुका साथै बालबालिकाहरुमा हिसांत्मक क्रियाकलाप र बदलाको भावनामा बृद्धि हुदै गएको छ ।
- सशस्त्र संघर्षका कारण बालबालिकाहरु यौन दुर्व्यबहार, यौन शोषण, श्रम शोषण, घरेलु हिंसा भेदभाव एच. आई. भि. आदिबाट थप पिडित हुदै गएका छन् । बालबालिकाहरुमा स्वतःस्फुर्त गतिविधिहरु खेल मनोरञ्जन बालक्लब आदिको सञ्चालन र बाल सहभागीताको कमी ।
- बाल अधिकार उल्लघंनका गतिविधिहरुको स्पष्ट अनुगमन र लेखमा मानवअधिकार तथा सञ्चारकर्मीहरुलाई दुबै पक्षबाट बेलाबेलामा अवरोध ।

बालबालिका सम्बन्धि ऐन २०४८ तथा नियमावली २०५१ ले नीतिगत रुपमा बाल अधिकारका धेरै पक्षलाई समेटेका छन् र केही व्यवहारीक क्षेत्रमा पनि थोर बहुत काम भएका छन् । ७५ जिल्लामा स्थापित भएका जिल्ला बालकल्याण समिति र सिमित मात्रामा नै भए पनि यसका गतिविधिहरु निकै उपलब्धिपूर्ण रहेका छन् । यस क्रममा हाल हाम्रो देशमा १०० भन्दा बढी बालगृहहरु स्थापना भएका छन् । बालश्रम न्यूनिकरणका सन्दर्भमा आइ. एल. यु.,आइ पेक कार्यक्रम अन्तर्गत आवधिक

कार्यक्रमहरु देशको विभिन्न भागमा लागू भएका छन् । बालश्रम न्यूनिकरणका तीनवटा मोडेल देशहरु मध्ये एशियाबाट नेपाल पर्नु हामी सबैका लागि खुशीको कुरा भएको छ । तर पनि नेपालका करिब ३० प्रतिशत भन्दा बढि बालबालिकाले प्राथमिक तह पूरा नगर्दै बिद्यालय छाड्ने गरेको तथ्याङ्क पाइन्छ जहाँ, बालबालिकाहरुको आधा हिस्सा मात्र विद्यालय पुग्ने गरेको छ । त्यस्तै बालमृत्युदर, कुपोषणको शिकार एवं संक्रमित रोगबाट बालबालिकाको मृत्यु भइरहेको गम्भीर अवस्था पनि हाम्रो सामु विद्यमान छ । यस्तो परिस्थितीले गर्दा ठूलो संख्यामा बालबालिकाहरु बालश्रमिक, मुख्यतया घरेलु कामदार र सडकबालबालिकाहरुको रुपमा रहेका छन् जुन नेपाल तथा विश्वकै जल्दोबल्दो समस्याको रुपमा रहेको पाईन्छ ( **बालसरोकार - २०६१** ) ।

२०५२ सालमा माओवादीले जनयुद्ध शुरु गरेदेखि नै बालबालिकाहरु युद्धको शिकार भइरहेका छन् । एक दशक भन्दा लामो (१९९६-२००६) शशस्त्र द्वन्द्वको कारण धेरै बालबालिकाहरुले अपाङ्ग जीवन विताउनु परेको छ । हिंसाको प्रत्यक्षदर्शी हुनाका साथै अपहरण र पकाउमा पर्दा बालमनोविज्ञानमा समेत नराम्रो असर पुगेको छ । “साँढेको जुधाई बाच्छाको मिचाई” भन्ने उखान झैं शशस्त्र द्वन्द्वको कममा सवैभन्दा बढि पिडित बालबालिका भएका छन् । हालसम्मको पछिल्लो तथ्याङ्क (सन्१९९६- २००६) अनुसार ४७५ जना बालबालिका (१३७ बालिका ) हरुले आफ्नो ज्यान गुमाइसकेका छन् जसमध्ये सवैभन्दा धेरै ३९ प्रतिशत मध्यपश्चिमाञ्चलका तथा २१ प्रतिशत मध्यमाञ्चलका छन् । जसमा राज्यपक्षबाट ४७ प्रतिशत, विद्रोहीपक्षबाट ४३ प्रतिशत तथा दोहोरो भिडन्त एवंअन्य कारणबाट १० प्रतिशत बालबालिकाहरुको मृत्यु भएको देखिन्छ । भने सन् १९९६-२००६ सम्ममा ५६१ जना बालबालिकाहरु गम्भीर रुपमा घाइते भएको रेर्कड छ । त्यस्तै करिब ४००० भन्दा बढी बालबालिकाहरु अनाथ र आफ्नो परिवारबाट बिछोडिएका छन् भने गैर राज्य पक्षबाट अपहरणमा परेका बालबालिकाहरुको संख्या ३२ हजार ५ सय ५९ नाघिसकेको छ । युद्ध विराम भई शान्ति प्रक्रियाको थालनी भएपछि पनि १६ जनाको मृत्यु भएको छ ( **बालसरोकार - २०६४** ) ।

यसरी नेपालमा बिद्यालय जाने उमेरका बालबालिका मध्ये ३० प्रतिशत मात्र बिद्यालय जाने गर्दछन्, ५० प्रतिशत बालबालिका विभिन्न स्वास्थ्य समस्याले पिरोलिएका छन् भने प्रत्येक १०० परिवारमा १८.५ प्रतिशत बाल मृत्युदर पाइएको बालबालिका सम्बन्धि एक अध्ययनले देखाएको छ । बालश्रममा संलग्न हुने बालबालिकाहरुको संख्या ४५ प्रतिशत  रहेको छ । त्यस्तै गरेर २४ प्रतिशत परिवारको गुजाराको र आफ्नो जीविकाको निम्ति र ७.५ प्रतिशत बधुवा बालश्रम र कमैयाप्रथा भित्रका रहेका छन् । बालविवाह र अनमेल विवाह ११ प्रतिशत (१६ वर्ष मुनिका बालिका) र ४४ प्रतिशत बालिका विभिन्न रुपमा दुर्व्यवहार र आत्मग्लानिबाट पिडित छन् । यसमा ३० प्रतिशत आफू बसेको ठाँउ र छिमेकीले गरेको यौन दुर्व्यबहारबाट पिडित छन् ( **पिरियोडिक नेशनल रिर्पोट नेपाल-१९९७/२००२** ) ।

## २.७ नेपाली बालबालिकाहरुको सामाजिक, आर्थिक, शैक्षिक, लैङ्गीक, भाषिक, र धार्मिक अवस्था

श्री अरविन्द योग मन्दिरका बालबालिकाहरुको समाजशास्त्रीय अध्ययन गर्ने क्रममा त्यहाँ आश्रित बालबालिकाहरुको सामाजिक, आर्थिक, शैक्षिक, लैङ्गीक, भाषिक, र धार्मिक अवस्थाको बिस्तृत अध्ययन गरि निष्कर्ष निकालिने हुँदा नेपाली बालबालिकाहरुको सामाजिक, आर्थिक, शैक्षिक, लैङ्गीक, भाषिक, र  धार्मिक अवस्था के कस्तो रहेछ भनि जान्नको लागि संक्षिप्त जानकारीको रुपमा प्रस्तुत गरिएको छ ।

### २.७.१ सामाजिक अवस्था

नेपाली समाजमा परम्परा देखी नै आमाबाबु विहिन, परित्यक्त र उपेक्षित बालबालिकाहरुलाई नाताकुटुम्ब र अरु असल मानिसले सहयोग गर्ने र पालनपोषण गर्ने चलन रहदै आएको भएता पनि हाल आएर यस्तो खाले सोच व्यवहारमा कमी आएको देखिन्छ । तर जे भएतापनि अझैपनि करिब ९० हजार यस्ता बालबालिकाहरु अधिकांश घरेलु बालश्रमीकको रुपमा काम गर्दछन् । तिनिहरु रोजगार दाताहरुसंग बस्ने गरेको पाइन्छ । यसरी अर्काको घरमा बनिवुतो गर्नु पर्ने कतिपय बालबालिकाहरु बधुवा वा शोषणमा परेका छन् । तर अन्य बाँकी करिब २ लाख ३४ हजार बालबालिकाहरुमा कतिपय घरवार बिहिन छन् । साथसाथै आमाबाबु बिहिन घरबार

बिहिन र परित्यक्त भएका दशौं हजार बालबालिकाहरु विभिन्न सामाजिक संस्था र स्याहार अनाथालयहरुको संरक्षणमा रहेका छन् । हाम्रो देशका १६ वर्ष मुनिका करिब ९५ लाख बालबालिकाहरु मध्ये करिब ८३ लाख बालबालिकाहरु आमाबुबासंगै बस्दछन् । तर कतिपय बाबुआमाको सम्बन्धविच्छेद, मृत्यु वा दास्रो विवाह हुनगएको कारण करिब १२ लाख बालबालिकाहरु दुबै आमाबुबासंग रहेका छैनन् । उनीहरु मध्ये २५ हजार आमासगै बसेका छन् भने करिब १ लाख १४ हजार बालबालिकाहरु बाबुसग मात्रै रहेका छन् । यस बाहेक बाबु र सानीआमासंग ७८ हजार बालबालिकाहरु र आमा र सानुबुवासंग ६४ हजार बालबालिकाहरु रहने गर्दछ । यसरी सानीआमा र सानुबुवासंग बसेकाहरु मध्ये कतिपय बालबालिकाहरु उपेक्षित हुनुका साथै घरबाट भागेर वा निकालिएर सडकमा बास बस्न बाध्य भएका उदाहरण पनि प्रशस्त रहेका छन् ( **प्रधान - २०६२** ) ।

त्यस्तै १९ वर्ष मुनिका करिब १८०० सय बालबालिकाहरु एच. आई. भि. संकमित रहेका छन् । नेपालमा ४० प्रतिशत बालबालिकाहरु कुपोषणबाट ग्रसित छन् । जसले नेपालका १ वर्ष मुनिका शिशुको मृत्युदर प्रतिहजारमा ४८ जना रहेको पाईन्छ भने ५ वर्ष मुनिका बालबालिका मृत्युदर प्रतिहजारमा ६१ जना रहेको छ । यसरी शिशुमृत्युदर र बालमृत्युदर उच्च रहनुको मुख्य कारणमा बालविवाह नै हो किनकी कुल विवाहको ३४ प्रतिशत बालविवाह हुने गरेको एक तथ्थांकले देखाएको छ (**केन्द्रिय तथ्यांक विभाग- २००१** ) ।

### २.७.२ आर्थिक अवस्था

हाम्रो देशमा साच्चै कति बालिबालिकाहरु आर्थिक उत्पादनका गतिविधिहरुमा सक्रिय छन् भन्ने कुरा तथ्याकमा बताउन गाह्रो छ । किनभने यस विषयमा राष्ट्रिय स्तरमा विस्तृत अध्ययन र अनुसन्धान भइसकेको छैन । हाम्रो देशको सामाजिक यर्थाथतालाई बुझ्ने हो भने ५–६ वर्षदेखिका बालबालिकाहरु घरेलु वालश्रम रेस्टुँराका बालकामदार, गोठाला, गलैचा बुनकर, गिट्टि उद्योग आदिमा जीबिकाको निम्ति क्रियाशील भएका हामी पाउछौ । आजभन्दा केहिवर्ष अगाडी अन्तर्राष्ट्रिय श्रम सगठन आई.एल. ओ. र केन्द्रिय जनसख्या अध्ययन विभागले गरेको एक अध्ययन अनुसार नेपालका ५ देखि १४

वर्ष समुहका बालकामदारहरुको संख्या २६ लाख रहेको अनुमान गरिएको थियो तर केन्द्रिय तथ्यांक विभागले आर्थिक रुपमा क्रियाशील बालबालिकाहरुको कुरा गर्दा कुरा गर्दा खासगरी १० देखि १४ वर्ष समुहकालाई समेट्ने गरेको छ । नेपालमा यसवर्ष समुहका बालबालिकाले गरेका आर्थिक गतिविधिको दर औसत २० प्रतिशत रहेको छ । यसमा बालकहरुको योगदान १८.५० प्रतिशत रहेको छ भने बालबालिकाहरुको योगदान २१.५५ प्रतिशत रहेका छ । यस उमेर समुहका २९ लाख ८१ हजार बालबालिकाहरुमा हाल ८ लाख ५९ हजार बालबालिकाहरु आर्थिक रुपमा सक्रिय छन् । आर्थिक रुपमा क्रियाशिल १०–१४ वर्ष उमेर समुहका यी बालबालिकाहरुमा १ लाख ८५ हजार कृषिमा,६२ हजार ९ सय ज्याला मजदुरीमा, १२ हजार ४७९ स्वरोजगार, ६४ हजार ४०० विभिन्नखाले आर्थिक गतिविधिहरुमा, १० हजार ८ सय कामको खोजीमा, १ लाख २३ हजार घरेलु श्रममा र करिब २ लाख बेरोजगार अवस्थामा रहेका छन् । यीनीहरुबाहेक विद्यालयमा पढ्न जाने उमेर समुहका करिब २३ लाख बालबालिकाहरु मध्ये केही विभिन्न खाले बालश्रममा सरिक भएका छन् । जसमध्ये १९ हजार ८७३ रोजगारदाताहरुसगै बस्छन्, ७५ हजार २३० विभिन्न रोजगारीमा संलग्न छन्, २ लाख ३० हजार ९०३ स्वरोजगार छन् भने २ लाख ८३ हजार ४०८ बालबालिकाहरु बिना ज्यालामा विभिन्न परिवारमा काम गर्छन ( **प्रधान - २०६२** ) ।

राष्ट्रिय योजना आयोगको तथ्थाङ्क अनुसार नेपालका ३१ प्रतिशत जनसंख्या अर्थात ८० लाख मानिस गरिबीको रेखा मुनि बाँच्न बाध्य छन जसको कारण बालश्रम शोषण हाम्रो जस्तो आर्थिक सामाजिक र साँस्कृतिक अवस्था रहेको समाजको एउटा वास्तविकता बन्न पुगेको छ । पारिवारिक असचेतना, अन्यायपूर्ण, आर्थिक, सामाजिक सम्बन्धहरु, गरिबी अभाव र विपन्नताको कारण जीविका र पारिवारिक सहयोगको निम्ति बालबालिकाहरु श्रम बेच्ने बाध्यतामा हुन्छन् । नेपालमा करिब २६ लाख बालश्रमिक रहेको र उनिहरुले आन्तरीक उत्पादनमा ६ प्रतिशत योगदान दिएको पाईन्छ (**नेपालमा बालश्रमिकको स्वरुप - २००९** ) ।

### २.७.३ शैक्षिक अवस्था

नेपालमा साक्षरताको स्थिति हेर्ने हो भने ५४.१ प्रतिशत मात्रै रहेको छ । यसमा सबैभन्दा बढी साक्षरता भएको जिल्ला काठमाण्डौंमा ७७.२ प्रतिशत साक्षर रहेको छ भने सबैभन्दा कम हुम्लामा २७.१ प्रतिशत रहेको छ । त्यस्तै पुरुषको साक्षरतादर ६५.५ प्रतिशत र महिलाको साक्षरतादर ४२.५ प्रतिशत रहेको छ । त्यस्तै सन् २००८-२००९ मा कक्षा १ का १२.१ प्रतिशत बालबालिकाहरुले विद्यालय छोड्ने र छोडाईएको थियो, जसमा बालक १३.२ प्रतिशत र बालिका ११.१ प्रतिशत रहेका छन् ।भने सन् २००८-२००९ मा कक्षा १ का २८.४ प्रतिशत बालबालिकाहरुले कक्षा दोहोर्याएका थिए । जहाँ स्कुल जाने उमेरका बालबालिकाहरु मध्ये ४८ प्रतिशत बालिकाहरु रहेका छन् । नेपालका ३२ जिल्लामा साक्षरता स्थिति तथ्यांक ५४.१ प्रतिशत भन्दा बेसी रहेको छ भने अन्य ४३ जिल्लाहरुको स्थिति त्यसभन्दा कम रहेको छ । सन् २००१ मा सम्पन्न भएको राष्ट्रिय जनगणना अनुसार नेपालमा १४ वर्ष मुनिका बालजनसंख्या करिब ८४ लाख १६ वर्ष मुनिका बालजनसंख्या करिब ९५ लाख र १८ वर्ष मुनिका बालजनसंख्या करिब १ करोड ४ लाख रहेको छ । यी बालबालीकाहरुमा खास गरि ६ देखी १० वर्ष समुहका बालबालिकाहरुमा करिब ८० प्रतिशत प्राथमिक बिद्यालयमा भर्ना गरिएका हुन्छन् । तर यसमध्ये ४९ प्रतिशत बालबालिकाहरुले प्राथमिक विद्यालयको शिक्षा पुरा गर्न पाएका हुदैनन् । त्यस्तै १० देखि १४ वर्षका बालबालिकाहरु मा मनाङ्गमा मात्र ३.३१ प्रतिशत निरक्षर छन् भने मुगुमा त्यसको संख्या ५१.७५ प्रतिशत रहेको छ ( **प्रधान - २०६२** ) ।

### २.७.४ लैङ्गीक अवस्था

सन् २००१ को जनगणना अनुसार नेपालको कुल जनसंख्यामा महिलाहरुको संख्या ५१.६५ प्रतिशत र पुरुषको संख्या ४८.३५ प्रतिशत रहेको भएता पनि १६ वर्ष मुनिका बालबालिकाहरुमा भने ४९ प्रतिशत मात्रै रहेको देखिन्छ । उपरोक्त तथ्यांक अनुसार सामान्यतया बालिकाहरुको संख्या पहिलो, दोस्रो र पाँच वर्षमा बालकहरुको तुलनामा कम भएता पनि तेस्रो पाँच वर्षपछि बालिकाहरुको जनसंख्या बालकहरुको तुलनामा बिस्तारै बढ्दै गएको देखिन्छ । नेपाल एउटा परम्परागत र पितृसत्तात्मक समाज

भएको कारण यहाँ छोरा र छोरी बीचको विभेद हरेक क्षेत्रमा विद्यमान भएको देखिन्छ । नेपालमा ६५ प्रतिशत साक्षर बालकहरुको तुलनामा ४२ प्रतिशत मात्र बालिकाहरु साक्षर रहेका छन् । त्यस्तै हाम्रा बालिकाहरु बालविबाह, यौनशोषण र दुर्व्यहार, ब्यावसायिक यौनशोषणको निम्ति ओसारपसार जस्ता सामाजिक समस्याहरुबाट पिडित हुन पुगेको छन् । देशमा १० वर्ष सम्म चलेको सशस्त्र द्धन्दको कारण पनि कैयन बालबालिकाहरु जोखिम र अप्ठ्यारोमा परेको देखिन्छ । त्यस्तै कुल बालबालिकाको संख्या मध्ये ३५ प्रतिशत बालबालिकाहरुको मात्र जन्म दर्ता भएको उल्लेख छ । प्राथमिक विद्यालयमा भर्ना हुने बालबालिका मध्ये ४९.५ प्रतिशत बालिका र ५०.५ प्रतिशत बालक रहेको छ । निम्न माध्यामिक तहमा भर्नाहुनेमध्ये बालिकाको संख्या ४८.२ प्रतिशत रहेको छ । भने माध्यामिक तहमा भर्ना हुनेमध्ये बालिकाको संख्या ४७.२ प्रतिशत रहेको छ ( **सिविन -२०१०**) ।

यसरी आज सम्म प्रकाशीत पुर्व साहित्यिक पत्रपत्रिका एवं शोधग्रन्थका माध्यमबाट केही मात्रामा अनाथ बालबालीकाको अवस्थामा जानकारी भएको छ । यसका साथै बिभिन्न समयमा प्रकाशन गरीएका बालबालिकासंग सम्बन्धित बिभिन्न साहित्यहरु मध्ये कुनै प्रकाशन, फुटकर लेख, तथा सुचना मुलक लेखहरुलाई नै यस सोध अध्ययनको सान्दर्भिक कृतिको समिक्षाको रुपमा लिएर प्रस्तुत गरिएको छ ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

नेपालमा बालअधिकारको संरक्षण, हित र बाल सम्बर्द्धन गर्न विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघसंस्था, दातृनिकायहरुको स्थापना भएको पाईन्छ । तर ती सबै संघसंस्थाहरुमा आश्रीत बालबालिकाहरु सम्बन्धी शोधकार्य गर्न समय, स्रोत र साधनलाई मध्य नजर राख्दै बागमती अञ्चल, काठमाण्डौं जिल्लाको महादेवस्थान गा. वि.स.वडा नं.४ मा अवस्थित श्री अरविन्द योग मन्दिर/आश्रम अनुसन्धानकर्ता बसेको ठाउँबाट नजिक पनि पर्ने भएकोले र तथ्याङ्क संकलन गर्न सजिलो हुने भएकोले यसका साथै अनुसन्धानकर्ता र आश्रमको बीचमा पहिलेदेखि नै चिनजान भएको र अनुसन्धानकर्ताले सोहि आश्रमबाट नै दुध ल्याउने गरेको हुँदा र अर्कोतर्फ यो आश्रम कुनै नाफा कमाउने र शुल्क लिने नभएर विपन्न र प्रतिभाशाली विद्यार्थीलाई आश्रय दिएर निशुल्क भोजन, आवास, कपडा र उचित आध्यात्मीक एवम् मानव चेतनाको विकाश गर्नसक्ने शिक्षा दिने उद्देश्यले खोलिएको हुँदा बर्तमान परिवेशमा यस्ता नाफा रहित स्वःनिर्भर आर्थिक प्रणाली अबलम्बन गर्ने सामाजिक संस्थाहरुको बिकाशमा जोड दिदै समाजमा चेतना फैलाउन मद्दत पुगोस् भन्ने उद्देश्यले उक्त अध्ययन क्षेत्र छनौट गरिएको हो ।

### ३.२ अनुसन्धानको ढाँचा

यस शोध अध्ययनको विश्लेषणको लागि अनुसन्धाको ढाँचा वर्णनात्मक र नविन खोजमुलक प्रकृतिको हुनेछ । साथै गहन अध्ययनको लागि अर्न्तवार्ता विधि द्धारा मात्र सर्वेक्षण नगरी अवलोकन, र प्रश्नावलीको समेत प्रयोग गरिएको छ । साथै अध्ययन क्षेत्रका बालबालिकाहरुको सामाजीक, आर्थिक, साँस्कृतिक, शैक्षिक अवस्थाको बारेमा अनुसन्धान गर्न अन्वेषणात्मक शोध ढाँचा प्रयोगमा ल्याइएको छ भने बर्णनात्मक शोध ढाँचाको माध्यामबाट ती पक्षहरुको व्याख्या गरिएको छ ।

### ३.३ तथ्याङ्कको स्रोत तथा प्रकृति

यस शोध अध्ययन कार्यमा तथ्याङ्क संकलन गर्दा प्राथमिक तथा द्धितिय श्रोतको प्रयोग गरिएको छ । यसका साथै प्राथमिक तथा द्धितिय दुबै किसीमका तथ्याङ्कको प्रयोग गरिएको छ । यसका माध्यामबाट परिमाणात्मक र गुणात्मक प्रकृतिको तथ्याङ्कको प्रयोग  गरिएको छ ।

**प्राथमिक स्रोत** : यस अर्न्तगत स्थलगत अध्ययन, अवलोकन, प्रश्नावली तथा अर्न्तवार्ता विधिको प्रयोग गरिएको छ ।

**द्धितिय स्रोत** : यस अर्न्तगत विषय संग सम्वन्धित सामाग्रीहरु, पुस्तक, पत्रपत्रिका तथा लेखरचनाहरुको प्रयोग गरिएको छ ।

### ३.४ अध्ययनको समग्रता एवं नमुना छनौटको तरिका

अध्ययन क्षेत्र श्री अरविन्द योग मन्दिरमा जम्मा १२५ जना बालबालिकाहरु मात्र भएकोले सवै बालबालिकाहरुलाई अध्ययनमा समावेश गरिएको हुँदा समग्र जनसंख्यालाई संगणनाको रुपमा प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलनका विभिन्न तरिका/विधिहरु

कुनै पनि शोध अध्ययनको सफलाता त्यस कार्यको लागि गरिने तथ्याङ्क संकलन विधिमा निर्भर गर्दछ । त्यसैले कुनै पनि शोध कार्यकोलागि उपयुक्त र भरपर्दो सूचना प्राप्त गर्नको लागि तथ्याङ्क संकलन गर्दा वास्तविकता र सत्यतालाई आत्मसाथ गर्न र सत्यको नजिक पुग्न विभिन्न विधिहरुको आवश्यकता पर्छ । त्यसैले यस शोध अध्ययन गर्ने क्रममा पनि समाजशास्त्री र मानबशास्त्रीहरुले पारस्परीक रुपमा प्रयोग गर्दै आएको तथ्याङ्क संकलनको लागि स्थलगत सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यही माध्यामबाट अन्तवार्ता, प्रश्नावली तथा असहभागी अवलोकन विधिका साथै मुख्य जानकार व्यक्तिहरुसँग पनि असंरचित प्रश्नावली विधिका माध्यमबाट असंरचित अन्तार्वाता गरी सुचना संकलन गरिएको छ ।

#### ३.५.१ अर्न्तवार्ता तालिका सूचि

यस शोधकार्य गर्ने सिलसिलामा श्री अरविन्द योग मन्दिर/आश्रममा आश्रित बालबालिकाहरुको व्यक्तिगत विवरण, उमेर, धर्म, जात, लिङ्गका साथै सामाजिक साँस्कृतिक एवं आर्थिक अवस्थाबारे जानकारी हासिल गर्न र परिमाणात्मक तथ्याङ्क

संकलनका लागि बालबालिकाहरु एवं सो आश्रमका साधकसाधिकाहरु (गौशालामा, खेतबारीमा, कुटानी पिसानी गर्ने मिलमा, विद्यालयमा अध्यापन गराउने शिक्षक शिक्षिका तथा अन्य कार्यको लागि आश्रममा काम गर्न आएका व्यक्तिहरु) समक्ष प्रश्नावली विधीको प्रयोग गरिएको छ । यस शोधकार्यमा आवश्यक पर्ने तथ्य तथा तथ्याङ्क संकलन गर्न अन्तर्वार्ता लिदा संरचनात्मक तथा असंरचनात्मक दुबै प्रकारका प्रश्नावली विधि अपनाइएको छ ।

### ३.५.२ अवलोकन

प्रस्तुत अध्ययनको कममा अन्य स्रोतबाट उपलब्ध भएका तथ्याङ्कको छड्के जाँच र परिस्कृतताका लागि अवलोकन विधिको प्रयोग गरिएको छ । यसका साथै गुणात्मक तथ्य संकलनको क्रममा असहभागी अवलोकनलाई अपनाउदै आश्रमका बालबालिकाहरुको क्रियाकलाप, गतिविधि, खानेबस्ने व्यवस्था, दिनचर्या, मनोरन्जन, औषधोपचार र आश्रमका कर्मचारीहरुले अनाथ बालबालिकाहरुसँग गर्ने व्यवहार, चालचलन आदिको बारेमा गहिरो अध्ययन गरिएको छ । यसले गर्दा प्रश्नावलीबाट प्राप्त सुचना प्रामाणिक छ वा छैन भनि अवलोकन गर्न सहयोग पुगेको छ ।

### ३.५.३ मुख्य जानकार व्यक्तिहरुसँगको अन्तर्वाता

यस अध्ययनसँग सम्बन्धित अत्यावश्यक जानकारी हासिल गर्नको निम्ति ज्यादै महत्वपूर्ण श्रोतका रुपमा लिइने मुख्य जानकार व्यक्तिहरुबाट सूचना संकलन गरिएको छ । यस शिलशिलामा श्री अरविन्द योग मन्दिर अवस्थित महादेबस्थान गा.वि.स.वडा नं.४ का स्थानियवासी श्रीमती शारदा मर्हजन संग पनि आश्रमको ब्यवस्थापन पक्षको बारेमा जानकारी लिनको लागि असंरचित अर्न्तवार्ता विधि अपनाईएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

यस शोधकार्य सम्पन्न गर्ने क्रममा माथि उल्लेखित विभिन्न माध्यामको प्रयोग गरेर संकलन गरिएका तथ्याङ्कहरुलाई साधारण तालिकामा प्रस्तुत गरी तथ्याङ्कहरुको गुणात्मक तथा परिमाणत्मक दुवैपक्षको विश्लेषण गरिएको छ । यसरी समग्र विश्लेषणको मुख्य विधि भने वर्णनात्मक नै रहेको छ भने तथ्याङ्क प्रस्तुतीकरण पनि वर्णनात्मक नै रहेको पाईन्छ ।

### ३.७ अध्ययनको सिमा

नेपाललाई स्वरोजगार, स्वनिर्भर, स्ववलम्वी, आत्मनिर्भर बनाउनका लागि विभिन्न राष्ट्रिय तथा  अर्न्तराष्ट्रिय संघ,संस्था,दातृनिकायहरुको स्थापना भयको पाइन्छ । तर ती सवै संघसंस्थाहरु आफैमा आर्थिक रुपले आत्मनिर्भर र सक्षम नभएर विदेशी सहयोग र अनुदानको भरमा चलेको पाइन्छ । यस्तो परिस्थितीमा श्री अरविन्द योग मन्दिर एउटा यस्तो सक्षम, स्वनिर्भर र आर्थिक दिगोपना बोकेको एउटा सामाजिक संस्था हो जहाँ सम्पूर्ण आर्थिक कारोबार संस्थाले नै आन्तरीक आम्दानीबाट परिपूर्ति गर्दछ । कर्मशील, कर्मयोगी व्यक्तित्वको विकाश गरेर बालक देखि वृद्ध सम्मका सवैलाई स्वाभीमानी जीवनयापन गर्न सहयोग गरेको छ । यसको शाखा नवलपरासीको कोल्हुवामा पनि रहेको हुँदा यसको समष्टिगत अध्ययनको लागि दुबैवटा ठाउँ लाई नै समावेश गरिएको छ । यस अध्ययनका सीमाहरु निम्न रहेका छन् ।

- विद्यार्थीहरुको जन्मस्थान सम्म गएर सुचना संकलन गर्न सकिएको छैन ।
- यस अध्ययनमा श्री अरविन्द योग मन्दिरका बालबालिकाहरुको मात्र अध्ययन अनुसन्धान गरिएको छ ।
- अरविन्द योग मन्दिरमा आश्रित बालबालिकाहरुको सामाजीक, आर्थिक, शैक्षिक, साँस्कृतिक अवस्था र दिनचर्याको मात्र अध्ययन गरिएकोले यसबाट प्राप्त निष्कर्षले देशका अन्य आश्रमका सम्पूर्ण बालबालिकाहरुको प्रतिनिधित्व नगर्न पनि सक्दछ ।
- बालबालिकाहरुलाई भर्ना गराउन ल्याउने व्यक्तिसँग अन्तवार्ता लिन सकिएको खण्डमा बालबालिकाहरुको जीवनी बढि मात्रामा थाहा पाउन सकिन्थ्यो तर स्रोत र साधनको अभावले उक्त कार्य सम्भव नभएको हुँदा त्यस संग सम्वन्धित कुराहरु यहाँ समावेश गरिएको छैन् ।
- अध्ययनमा परेका बालबालिकाहरु मध्ये केहि साना भएकाले आफ्नो पारिवारीक जीवनका पृष्ठभूमि सम्बन्धमा अनभिज्ञ हुनाले सो सम्बन्धी जानकारी राम्ररी प्राप्त गर्न सकिएको छैन् ।

# अध्याय चार

## सामाजिक अवस्था

### ४.१ जाति-जनजातिको विवरण

यस आश्रममा आश्रित बालबालिकाहरु लाई हेर्दा विभिन्न जातहरु भएको देखिन्छ । अध्ययनका क्रममा सवै बालबालिकाहरुले आफ्नो जात उल्लेख गर्न नसकेकाको उनिहरुका आमाबुबा, दिदिदाई तथा आश्रममा राखिएको रेर्कड फाईल अनुसार बालबालिकाहरुको जात जातियता उल्लेख गरिएको छ । जस्तै बाहुन, क्षेत्री, नेवार, मगर, तामाङ्ग, शेर्पा, राई, लिम्बु आदि मिश्रित रुपमा रहेका छन् । जसलाई तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका नं.४.१ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको जाति- जनजातिको विवरण**

| क.सं. | जात | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ब्राह्मण | ३६ | ४१ | ७७ | ६१.६ % |
| २. | क्षेत्री | २१ | ७ | २८ | २२.४ % |
| ३. | गुरुङ्ग | १ | - | १ | ०.८ % |
| ४. | मगर | ३ | ३ | ६ | ४.८ % |
| ५. | थारु | - | १ | १ | ०.८ % |
| ६. | तामाङ्ग | १ | ३ | ४ | ३.२ % |
| ७. | लामा | १ | ३ | ४ | ३.२ % |
| ८. | नेवार | १ | - | १ | ०.८ % |
| ९. | वि.क./कामी | २ | १ | ३ | २.४ % |
|  | कुल संख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.४.१ को आधारमा अध्ययन गरिएको १२५ जना बालबालिका/विद्यार्थीहरु मध्ये १/१ (०.८%) जना बालक नेवार तथा गुरुङ्ग जातिको र १ जना बालिका थारु जातिको रहेको पाईयो भने ३ जना बालक र ३ जना बालिका गरी जम्मा ६ जना (४.८%) मगर जातिको रहेको पाईयो । त्यस्तैगरी सबैभन्दा बढि ब्राह्मण जातिमा बालक ३६ र बालिका ४१ जना गरी जम्मा ७७ जना (६१.६%) रहेको पाईयो भने

क्षेत्रीमा २१ जना बालक र ७ जना बालिका गरी जम्मा २८ जना (२२.४%) रहेको पाईयो । एवं रितले लामा र तामाङ्ग जातिमा क्रमशः बालक १/१ जना र बालिका ३/३ जना गरी जम्मा ४/४ (३.२%) जना  रहेको तालिकाबाट प्रष्ट हुन आउँछ । भने दलित जात अर्न्तगत वि.क.२ जना बालक र १ जना बालिका गरी जम्मा ३ जना (२.४%) रहेको पाईयो । यसरी हेर्दा आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरु मध्ये धेरै संख्यामा क्रमशः बाहुन, क्षेत्री, मगर, तामाङ्ग, लामा, वि.क.र थारु तथा नेवार जातिहरु रहेको पाईयो । यसरी आश्रममा बाहुनको संख्या धेरै हुनुमा आश्रमका संस्थापक पनि बाहुन रहेको र उहाँको सर्म्पकमा रहेका धेरैजसो व्यक्तिहरु पनि ब्राह्मण समुदायका हुनाले आश्रममा राख्न ल्याउने बालबालिकाहरु पनि बाहुन भएको पाईयो भने अर्कोतर्फ नेपालको साक्षरतादरलाई हेर्दा परापुर्वकाल देखि नै ब्राह्मण समुदायको शैक्षिक अवस्था अन्य जातजातिको भन्दा बढि रहेको देख्न सकिन्छ । आश्रम स्थापानको शुरुवातमा समाज धेरै नै परम्परागत, रुढीवादी र अन्धविश्वासले जेलिएको हुँदा उहाँको कार्यमा सहयोग गर्ने कोहि भएनन् र शुरुमा एक्लै साधनारत रहनुभयो । र केही समयपश्चात दुई चार जना युवाहरूलाई साथमा लिएर काम गर्न थाल्नुभयो । तर युवाहरूले परम्परागत संस्कार, पुरानो मान्यता र विचारलाई परिवर्तन नगर्ने भएकाले आफनो साधनाको केन्द्रविन्दु बालबालिकालाई बनाएर काम शुरु गर्नुभयो । सर्वप्रथम आफनी भान्जी लक्ष्मी घिमिरेलाई १२ वर्षको उमेरमा आश्रममा ल्याउनुभयो । प्रथम विद्यार्थीको रूपमा आफनै भान्जीलाई शिक्षा दिन शुरु गर्नुभयो त्यतिबेला उहाँलाई आफनो कार्य निरन्तरताको लागि आवश्यक समर्थन दिने, जनशक्तिको अभाव थियो । अतः आश्रम शुरुवातको आधार परिवार नै बनाउनु भयो । यसरी शुरुशुरुमा आफ्नो पारिवारीक सर्म्पकको माध्याम (नातागोता, छिमेकी, आफन्त) बाट आश्रममा बालबालिकाहरु आउने गरेका थिए भने अहिले आफन्त, परिवार कोहि पनि नभएका बालबालिकाहरु समेत विभिन्न माध्यामबाट आउने गरेको हुँदा अन्य (क्षेत्री, मगर, तामाङ्ग, लामा, वि.क.र थारु तथा नेवार) जातका बालबालिकाहरु पनि क्रमशः थपिदै गएको अनुसन्धानको क्रममा आश्रमकी एक साधिकाले बताउनु भयो ।

### ४.२ उमेरको विवरण

यस श्री अरविन्द योग आश्रममा आश्रित बालबालिकाहरु एकै उमेर समुहका नभएर विभिन्न उमेर समुहका रहेका छन् । ती मध्ये हाल सवैभन्दा सानो उमेरका बालबालिकाहरु ३ वर्षको भएको हुँदा ३ वर्षबाट नै उमेर समुहको वर्गीकरण गरिएको छ । र उत्तर दिन नसक्ने बालबालिकाहरुलाई पनि अध्ययन भित्र समावेश गरिएको छ किनकी मैले यस शोध कार्यमा संगणना विधी अपानएको हुँदा आश्रममा आश्रित सवै बालबालिकाहरु जसले उत्तर दिन सक्दैनन् तिनीहरुलाई पनि अध्ययन भित्र समावेश गरि तिनिहरुको बारेमा उनिहरुका आमाबुबा, दिदि, दाई तथा आश्रमको रेर्कड फाईलबाट सोधेर प्रश्नावली भरेकी छु । जसलाई तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका नं. ४.२ : आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको हालको उमेर समूहको विवरण**

| क.सं. | उमेर समूह | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ३-७ वर्ष | ४ | ३ | ७ | ५.६ % |
| २. | ८-१२ | २१ | २१ | ४२ | ३३.६ % |
| ३. | १३-१७ | ३४ | २३ | ५७ | ४५.६ % |
| ४. | १८-२२ | ६ | ६ | १२ | ९.६% |
| ५. | २३-२७ | १ | ६ | ७ | ५.६ % |
|  | कुल संख्या | ६६ | ५९ | १२५ | १०० % |

**स्रोत : स्थलगत अध्ययन (कार्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं. ४.२ को आधारमा वर्णन गर्दा ३-७ वर्ष उमेर समुहका बालबालिकाहरु ७ (५.६%) जना रहेको पाईयो जस मध्ये ४ जना बालक र ३ जना बालिकाहरु रहेको प्रष्ट हुन्छ । त्यस्तैगरी ८-१२ वर्ष उमेर समुहका बालबालिका दुवै २१/२१ जना गरी जम्मा ४२ जना (३३.६%) रहेको तथ्थाङ्कमा उल्लेख छ,भने १३-१७ वर्ष उमेर समुहका बालबालिकाहरुमा बालक सवैभन्दा बढि ३४ जना र बालिका पनि सवैभन्दाबढि २३ जना गरी जम्मा ५७ जना (४५.६%) रहेको उल्लेख छ । एवंरितले १८-२२ वर्ष उमेर समुहमा ६/६ जना बालक र बालिका गरी जम्मा १२ जना (९.६%) बालबालिकाहरु रहेको पाईयो । भने २३-२७ वर्ष उमेर समुहमा १ जना बालक र ६ जना बालिका गरी जम्मा ७ जना (५.६%) विद्यार्थी रहेको पाईयो । यसरी उपरोक्त तथ्थाङ्कबाट के प्रष्ट हुन

आउँछ भने आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरु मध्ये सवैभन्दा बढि १३-१७ र ८-१२ वर्ष उमेर समुहका बालबालिकाहरु रहेको पाईयो । यसबाट के प्रष्ट हुन्छ भने आश्रममा रहेका बालबालिकाहरुमा धेरैजसो १३-१७ वर्ष र ८-१२ वर्ष माथिका रहेछन् भन्न सकिन्छ । यसरी आश्रममा अउनेमा १३-१७ र ८-१२ वर्ष माथिका बालबच्चा धेरै हुनुको कारणमा वर्तमानमा निजी विद्यालय तथा बोर्डिङ्गस्कुलहरुले दिदै आएको शैक्षिक सुविधाहरु सवै आश्रममा पनि दिईने साथै आश्रममा अग्रेजी, फ्रेन्च, नेपाली तथा सँस्कृत विषयमा पनि पठनपाठन गराईने हुँदा अन्यत्रका बालबालिकाहरु भन्दा त्यहाँका बालबालिकाहरु बौद्धिक रुपमा वढि प्रखर र चलाख रहेको हुँदा परिवारले बोर्डिङ्गबाट छुटाएर त्यहि आश्रममा राख्न ल्याउने गरेको बताउनु हुन्छ उक्त आश्रमकी एक साधिका । त्यस्तै बालबालिकाहरुमा परिवार प्रतिको परनिर्भरता बढ्दै गएको कारण उनिहरुभित्र भएको क्षमता, दक्षता, सीप, ज्ञान र योग्यताको सहि सदुपयोग हुन नसक्दा देशको ठूलो जनशक्ति त्यसै खेरगईराखेको परिस्थितिमा यस आश्रमले बालबालिकाहरुलाई स्वः निर्भर हुन र उनिहरुभित्र भएको क्षमता, दक्षता र योग्यता अनुसारको सीप, ज्ञान दिएर एउटा सक्षम व्यक्ति र समुन्नत तथा विकशीत समाजको निर्माण गर्ने पवित्र उद्देश्य लिएको पाईन्छ यसका साथै बालबालिकाहरुमा आध्यात्मिक, कर्मयागी तथा औपचारिक शिक्षाको माध्यामबाट सचेतन मानव बनाउने प्रयास श्री अरविन्द आश्रममा गरिने हुँदा सानै उमेरमा आश्रममा आश्रय लिन आउनेको संख्या बढेको बताउनु हुन्छ उक्त आश्रमका अध्यक्ष ।

### ४.३ आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको आश्रममा आउँदाको उमेर समूहको विवरण

यस आश्रममा आश्रित बालबालिकाहरु  सामान्यतया ५ वर्षको उमेरमा भर्ना गर्ने गरिएको भएता पनि अनुसन्धानको कममा विभिन्न कारणले गर्दा २ महिना देखि ३-४ वर्षका बालबालिकालाई समेत राखिएको पाईयो । यस क्रममा कतिपय बालबालिकाहरु धेरै सानो उमेरमा राखिएकोले आफ्नो वास्तविक उमेर थाहा नभएकोले मैले आश्रमको रेर्कड फाईल अनुसार प्रश्नावली भरेकी छु । जसलाई तलको तालिका नं.४.३ बाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ४.३ : आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको आश्रममा आउँदाको उमेर समूहको विवरण**

| क.सं. | आश्रममा आउँदाको उमेर समूह | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ०-१वर्ष | १ | १ | २ | १.६ % |
| २. | २-५ वर्ष | ७ | ७ | १४ | ११.२ % |
| ३. | ६-१० वर्ष | ३५ | २६ | ६१ | ४८.८ % |
| ४. | ११-१५ वर्ष | २२ | १९ | ४१ | ३२.८ % |
| ५. | १६-२० वर्ष | १ | ६ | ७ | ५.६ % |
|  | कुलसंख्या | ६६ | ५९ | १२५ | १०० % |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.४.३ को आधारमा हामीले यो भन्न सक्छौ कि आश्रममा आश्रित बालबालिकाहरु मध्ये ०-१ वर्षको उमेरमा आउने बालक र बालिका १/१ जना गरी जम्मा २ जना (१.६%) रहेको पाईयो । भने २-५ वर्षको उमेरमा आश्रममा आउने बालक र बालिकाको संख्या क्रमशः ७/७ जना गरी जम्मा १४ जना (११.२%) रहेको तथ्थाङ्कमा देखिएको छ । त्यस्तैगरी ६-१० वर्षको उमेर समुहमा सवैभन्दा बढि ६१ जना (४८.८%) बालबालिकाहरु आश्रममा आएकोमा बालक/छात्र ३५ र बालिका/छात्रा २६ जना रहेको विवरण तालिकाबाट प्रष्ट हुन आउँछ । त्यस्तै ११-१५ वर्ष उमेर समूहमा बालक/छात्र २२ र बालिका/छात्रा १९ जना गरी जम्मा ४१ जना (३२.८%)रहेको पाईयो । भने १६-२० वर्ष उमेर समूहमा बालक/छात्र १ र बालिका/छात्रा ६ जना गरी जम्मा ७ जना (५.६%) रहेको पाईयो । यसरी आश्रममा आउने बालबालिकाहरुको उमेर माथि विश्लेषण गर्दा २ महिनादेखि लिएर २० वर्ष सम्मका रहेको पाईयो । यसरी २ महिनामा कसरी आश्रममा आउनु भयो भनि प्रश्न गर्दा उनले आफु आश्रममा नै जन्मिएको र उहाँका बुबाआमा दुवै आश्रममा साधक साधिकाको रुपमा विगत १८ वर्षदेखि कार्यरत रहेको बताउनु भयो, भने अन्य बालबालिकाहरुले ज्ञान सिक्नको लागि आएको तथा कोहिले आश्रमको पढाई राम्रो भएर आएको कुरा अनुसन्धानको क्रममा बताए ।

### ४.४ धार्मिक समुहको विवरण

यस आश्रममा आश्रित बालबालिकाहरुको धार्मिक विवरण लिने क्रममा सवैले हिन्दु भनि बताएता पनि प्रश्नावली भर्ने क्रममा आ-आफ्नो धर्मको बारेमा पनि उल्लेख गरेको पाईयो । यसरी यहाँका बालबालिकाहरुले विभिन्न धर्म मानेता पनि अधिकांश हिन्दु रहेको देख्न सकिन्छ । आश्रममा आश्रित बालबालिकाहरुको धार्मिक विवरणको बारेमा प्रस्तुत तालिकाले स्पष्ट पार्दछ ।

**तालिका नं. ४.४ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको धार्मिक विवरण**

| क्र.सं. | धार्मिक विवरण | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | हिन्दु | ६४ | ५३ | ११७ | ९३.६% |
| २. | बौद्ध | २ | ६ | ८ | ६.४ % |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १०० % |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.४.४ को आधारमा विश्लेषण गर्दा हिन्दु धर्म मान्नेको संख्या सवैभन्दा बढि ११७ जना (९३.६%) रहेको पाईयो । जसमा छात्र ६४ जना र छात्रा ५३ जना रहेका छन् । भने बौद्ध धर्म मान्ने बालबालिकाहरुमा २ जना बालक र ६ जना बालिका गरी जम्मा ८ जना (६.४%) रहेको पाईयो । यसरी हिन्दु धर्म मान्नेको संख्या बढि हुनुमा आश्रममा धेरै बाहुनक्षेत्रीहरु हुनु तथा गैह्र ब्राह्मण (गुरुङ्ग, मगर तथा नेवार) हरुले समेत आफुले हिन्दु धर्म मान्ने बताएको पाईयो । त्यसकारण पनि आश्रममा आश्रीत बालबालिका/विद्यार्थीहरुमा हिन्दु धर्म मान्नेको बाहुल्यता रहेको अनुसन्धानबाट थाहा हुन आउँछ । त्यस्तै नेपाल विश्वमा नै एक मात्र हिन्दू राष्ट्रको रुपमा स्थापित भएको प्रभाव अहिले सम्म पनि कायमै रहनु र हिन्दु दर्शनलाई विश्वमै सवैभन्दा उत्कृष्ट दर्शनको रुपमा लिनुले प्रत्येक व्यक्तिमा त्यसको सकारात्मक प्रभाव पर्नु हो भन्नुहुन्छ आश्रमका अध्यक्ष ।

### ४.५ जन्मस्थानको विवरण

आश्रममा आश्रित बालबालिकाहरुको जन्मस्थानको विवरण लिने क्रममा प्राय: सवैले आफ्नो जिल्ला मात्र भएपनि उल्लेख गरेको पाईयो । भने कतिपय बालबालिकाहरुले

बताउन नसकेको हुँदा आश्रमको रेर्कड तथा आमाबुबा मार्फत प्रश्नावली भराईएको छ । यसरी आश्रममा आश्रित बालबालिकाहरु कुनै एक स्थानको मात्र नभएर नेपालका विभिन्न जिल्लाहरुबाट आएको पाईन्छ जसको विवरण तलको तालिकाबाट पनि प्रष्ट हुन आउँछ ।

**तालिका नं.४.५ : जिल्लाको आधारमा बालबालिकाहरुको जन्मस्थानको विवरण**

| **क.सं.** | **जिल्लाको नाम** | **बालक/छात्र संख्या** | **बालिका/छात्रा संख्या** | **जम्मा विद्यार्थी संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| १. | काठमाण्डौ | २ | २ | ४ | ३.२ % |
| २. | सिन्धुपाल्चोक | १ | - | १ | ०.८ % |
| ३. | नुवाकोट | - | २ | २ | १.६ % |
| ४. | रसुवा | १ | ४ | ५ | ४ % |
| ५. | धादिङ्ग | २ | - | २ | १.६ % |
| ६. | बारा | - | २ | २ | १.६ % |
| ७. | सिन्धुली | १ | - | १ | ०.८ % |
| ८. | सर्लाही | १ | - | १ | ०.८ % |
| ९. | दोलखा | १ | - | १ | ०.८ % |
| १०. | उदयपुर | १ | - | १ | ०.८ % |
| ११. | नवलपरासी | १० | ५ | १५ | १२ % |
| १२. | रुपन्देहि | ४ | १ | ५ | ४ % |
| १३. | अर्घाखाँची | २ | - | २ | १.६ % |
| १४. | बाग्लुङ्ग | ३ | ७ | १० | ८ % |
| १५. | गुल्मी | २५ | २९ | ५४ | ४३.२ % |
| १६. | जुम्ला | - | १ | १ | ०.८ % |
| १७. | कास्की | १ | - | १ | ०.८ % |
| १८. | हुम्ला | ५ | - | ५ | ४ % |
| १९. | मुगु | २ | - | २ | १.६ % |
| २०. | कैलाली | - | १ | १ | ०.८ % |
| २१. | कन्चनपुर | १ | - | १ | ०.८ % |
| २२. | सुर्खेत | १ | २ | ३ | २.४ % |
| २३. | दाङ्ग | - | २ | २ | १.६ % |
| २४. | कालिकोट | २ | १ | ३ | २.४ % |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १०० % |

**स्रोत : स्थलगत अध्ययन** (**कार्तिक २५ देखि पुस ३० सम्म**)

तालिका नं. ४.५ बाट के प्रष्ट हुन्छ भने यस आश्रममा आश्रित बालबालिकाहरु मध्ये जन्मस्थान गुल्मी भएका विद्यार्थीहरु सवैभन्दा बढि ५४(४३.६%) जना र त्यसपछि क्रमशः नवलपरासीका १५(१२%) जना, बाग्लुङ्गका १०(८%) जना तथा हुम्ला, रसुवा तथा रुपन्देहिका ५/५(४%) जना रहेको पाईयो । त्यस्तै गरी काठमाण्डौका ४ (३.२%) जना तथा सुर्खेत र कालिकोटका ३/३(२.४%) जना रहेको तथ्थाङ्कबाट प्रष्ट हुन आउँछ । एवं रितले अन्य जिल्लाहरु धादिङ्ग, अर्घाखाँची, दाङ्ग तथा नुवाकोट र बाराबाट आउनेहरुको संख्या क्रमशः २/२(१.६%) जना रहेको पाईयो । त्यस्तै गरी जुम्ला, कास्की, सर्लाही, सिन्धुली तथा उदयपुर, सिन्धुपाल्चोक, कैलाली, कन्चनपुर र दोलखा जिल्लाका १/१(०.८%) जना रहेको पाईयो । यसरी यस आश्रममा नेपालका ७५ वटा जिल्ला मध्ये करिब २४ वटा जिल्लाका १२५ जना बालबालिकाहरुले यहाँ आश्रय लिएको पाईयो । यसरी आश्रममा आश्रय लिएका मध्ये सवैभन्दा बढि गुल्मी जिल्लाका हुनुमा स्वामी रामचन्द्र दासको गृह जिल्ला पनि गुल्मी भएको हुँदा गाउँलेको नाताले सवैले आफ्ना बालबच्चा राखिदिन कर गर्ने हुँदा गुल्मी जिल्लाका बढि भएको पाईयो भने दोस्रोमा नवलपरासीका धेरै हुनाको कारण आश्रमको शाखा नवलपरासीको कोल्हुवामा पनि रहेको हुँदा त्यहाँका आर्थिक तथा शैक्षिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई स्वतः बढि प्राथमिकता दिनु हो भन्नुहुन्छ उक्त आश्रमकी एक विद्यार्थी । यसरी आश्रमको बारेमा थाहा पाउने सवैले उक्त आश्रममा आफ्ना बालबालिकाहरु ल्याउने गरेको हुँदा आश्रममा सवै ठाउँका बालबालिकाहरु रहेको पाईयो । यसरी हेर्दा आश्रम चारवर्ण छत्तिस जातको एउटा साझा फुलवारी बनेको देखिन्छ ।

### ४.६ मातृभाषाको विवरण

आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरु फरक-फरक जातका भएकोले उनिहरुले बोल्ने भाषा पनि फरक-फरक भएको पाईन्छ । यद्यपी आश्रममा आश्रित बालबालिकाहरु सवैले (१२५ जनाले नै) नेपाली नै बोल्ने गरेको पाईयो । तर उनिहरु पहिला आउँदाको रेकर्डलाई हेर्दा निम्न विवरण पाउन सकिन्छ ।

**तालिका नं.४.६ : आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको मातृभाषाको विवरण**

| क.सं. | मातृभाषा | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नेपाली | ६३ | ५३ | ११६ | ९२.८% |
| २. | नेवारी | १ | - | १ | ०.८ % |
| ३. | तामाङ्ग | १ | ५ | ६ | ४.८ % |
| ४. | शेर्पा | - | १ | १ | ०.८ % |
| ५. | गुरुङ्ग | १ | - | १ | ०.८ % |
| . | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन** (**कार्त्तिक २५ देखि पुस ३० सम्म**)

तालिका नं.४.६ को माध्यामबाट आश्रममा आश्रित बालबालिकाको पहिलाको मातृभाषा सम्बन्धि विवरणको बारेमा प्रष्ट हुन्छ । उक्त तालिका अनुसार पहिला मातृभाषा नेपाली भएको संख्या सवैभन्दा बढि ११६ (९२.८%) जना रहेको पाईयो, जसमा ६३ जना बालक तथा ५३ जना बालिका रहेका थिए । त्यस्तैगरी मातृभाषा तामाङ्ग हुनेहरुमा १ जना बालक तथा ५ जना बालिका गरेर जम्मा ६ (४.८%) जना रहेको तथ्याङ्कमा उल्लेख छ । भने गुरुङ्ग र नेवारी मातृभाषा भएका बालकहरु सबैभन्दा कम १/१ (०.८%) जना रहेको पाईयो । त्यस्तै १ (०.८%) जना बालिकाको मात्र शेर्पा मातृभाषा रहेको पाईयो । यसरी आश्रममा आश्रित बालबालिकाहरुको भाषाको अध्ययन गर्दा धेरै सानो उमेरमा आश्रममा आएका र धेरैजसो बाहुन, क्षेत्री समुदायकै भएको तथा गैह्र ब्राह्मणहरुले पनि आश्रममा नेपाली नै बोल्ने हुँदा १२५ जनाको नै भाषा नेपाली रहेको पाईयो ।

## ४.७ पारिवारिक विवरण

यस आश्रममा अनाथ, गरीब, टुहुराका साथसाथै आमाबुबा भएका सवै प्रकारका बालबालिकाहरु राखिने हुँदा यस्ता बालबालिकाको बारेमा बुझ्नको लागि पारिवारिक विवरण अर्न्तगत नातेदारहरुको बारेमा अध्ययन गर्नु आवश्यक हुन्छ । त्यसकारण अध्ययनक्रममा बालबालिकाहरुको नातेदारहरुको विवरण निम्नानुसार रहेको पाईयो ।

**तालिका नं.४.७ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारिक विवरण**

| क.सं. | पारिवारिक विवरण | बालक/छात्र संख्या | बालिका/ छात्रा संख्या | जम्मा वि. संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | आमाबुबा,दाजुभाई, दिदिबहिनी र सौतेनी आमा भएको | ५ | ३ | ८ | ६.४% |
| २. | आमा मात्र भएको | ४ | १ | ५ | ४% |
| ३. | बुबा मात्र भएको | ४ | - | ४ | ३.२% |
| ४. | आमाबुबा दुबै नभएको | २ | १ | ३ | २.४ % |
| ५. | आमाबुबा,दाजुभाई र दिदिबहिनी भएको | ३७ | ५० | ८७ | ६९.६% |
| ६. | आमाबुबा र दिदि बहिनी मात्र भएको | ५ | ४ | ९ | ७.२% |
| ७. | आमाबुबा र दाजुभाई मात्र भएको | ९ | - | ९ | ७.२% |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.४.७ बाट के प्रष्ट हुन्छ भने अध्ययन गरिएको १२५ जना बालबालिकाहरु मध्ये आमाबुबा, दाजुभाई र दिदिबहिनीमात्र हुनेहरुको संख्या सवैभन्दा बढि ८७ ( ६९.६%) जना रहेको पाईयो जसमा ३७ जना बालक तथा ५० जना बालिका रहेका थिए । भने दोस्रोमा, आमाबुबा र दाजुभाई मात्र भएका बालकको संख्या ९ (७.२%) जना तथा आमाबुबा र दिदि बहिनी मात्र भएका बालक ५ र बालिका ४ गरी जम्मा ९ (७.२%) जना रहेको पाईयो । त्यस्तैगरी आमाबुबा, दाजुभाई, दिदिबहिनी तथा सौतेनी आमासमेत हुने बालकहरुको संख्या ५ जना तथा बालिकाहरुको संख्या ३ जना गरेर जम्मा ८ (६.४%) जना रहेको पाईयो । एवं रितले परिवारमा आमा मात्र हुने बालक ४ तथा बालिका १ गरी जम्मा ५ (४%) जना र बुबामात्र हुने बालक जम्मा ४ (३.२%) जना मात्र रहेको तथ्याङ्कबाट प्रष्ट हुन आउँछ । भने आमाबुबा दुवै नहुनेहरुमा २ जना बालक तथा १ जना बालिका गरी जम्मा ३ (२.४%) जना बालबालिकाहरु रहेको पाईयो । यसरी आश्रममा आश्रीत बालबालिकाहरुमा अधिकांश आमाबुबा दाजुभाई र दिदिबहिनी भएका बालबालिकाहरु धेरै हुनुको कारणमा आश्रमको पढाई राम्रो हुनु, बालबालिकाहरुले घरमा राम्ररी नपढेर बिग्रेको हुँदा सुर्धानको लागि

आश्रममा ल्याएर छोडेको तथा परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा आश्रममा सित्तैमा पढ्न पाईने भएकोले हो । आमाबुबा र छोरीहरुमात्र हुने तथा आमाबुबा र छोराहरुमात्र हुने परिवारका रहेको पाईयो त्यस्तैगरी आमामात्र भएको तथा बुबामात्र भएको र आमाबुबा दुवैनभएका परिवारका बालबालिकाहरु पनि रहेको पाईयो भने परिवारका अन्य सदस्य सहित सौतेनी आमा पनि भएका पाईयो । यसरी आमामात्र हुने, बुबामात्र हुने बालबालिकाहरु आर्थिक अवस्था कमजोर भएर आएका र बुबाले सौतेनी आमा ल्याएकोकारण घरमाबस्न नदिएर आएका बालबालिकाहरु पनि धेरै रहेको पाईयो । समग्रमा हेर्दा आश्रममा आउने बालबालिकाको पारिवारीक पृष्ठभुमि सामान्य खालको पाईएता पनि बालबालिकाहरुलाई आध्यात्मिक ज्ञान दिदै स्वः निर्भर, स्वावलम्बी र आत्मनिर्भर हुने किसीमको शिक्षा दिईने कारण ने आश्रममा सवै किसीमका बालबालिकाहरुले आश्रय लिएको अनुसन्धानको क्रममा प्रष्ट हुन आएको छ ।

## ४.८ पारिवारिक बिछोडको विवरण

यस आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारिक बिछोडका विभिन्न कारणहरु रहेका छन् । जस्तै आमाबुबा दुबैको मृत्यु हुनु, बुबाको मृत्यु हुनु, आमाको मृत्यु हुनु, गरीब हुनु तथा बुबाले सौतेनी आमा ल्याउनु र अन्य (आफ्नै ईच्छाले, पढ्न, ज्ञान सिक्न) कारणले आश्रममा आश्रित हुन पुगेको विवरणमा उल्लेख छ । जसलाई तालिका नं. ४.८ बाट हेर्न सकिन्छ ।

**तालिका नं.४.८ : आश्रममा आश्रित बालबालिकाहरुको पारिवारिक बिछोडको विवरण**

| क.स. | पारिवारिक बिछोडको विवरण | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा वि. संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | आमाबुबा दुबैको मृत्यु हुनु | २ | - | २ | १.६% |
| २. | बुबाको मृत्यु हुनु | ४ | २ | ६ | ४.८% |
| ३. | आमाको मृत्यु हुनु | - | - | - | |
| ४. | गरीब हुनु | १२ | १० | २२ | १७.६% |
| ५. | बुबाले सौतेनी आमा ल्याउनु | ४ | ३ | ७ | ५.६% |
| ६. | अन्य(ईच्छाले,पढ्न, ज्ञान सिक्न) | ४४ | ४४ | ८८ | ७०.४% |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

आश्रममा बालबालिकाहरु विभिन्न कारणले आउने गरेको तथ्य अनुसन्धानबाट प्रष्ट हुन्छ । यसरी तालिका नं.४.८ मा विभिन्न कारणले गर्दा आउने बालबालिकाहरुमध्ये आफ्नै ईच्छाले, राम्रो पढाईको लागि र आध्यात्मिक ज्ञान सिक्न आउनेको संख्या सवैभन्दा बढि ८८ (७०.४%) जना जसमा बालक र बालिका ४४/४४ जना रहेको पाईयो भने दास्रोमा घरको आर्थिक अवस्था कमजोर वा गरिब भएर आउनेको संख्या २२ (१७.६%) बालक १२ तथा बालिका १० जना रहेको तथ्याङ्कमा उल्लेख छ । त्यस्तैगरी आमा बुबा दुवैको मृत्यु हुने बालकको संख्या सवैभन्दा कम २ (१.६%) जना रहेको छ । एवं रितले आश्रममा आउने कारणमा बाबुको मृत्यु हुनेमा ४ जना बालक तथा २ जना बालिका गरेर जम्मा ६ (४.८%) जना र बाबुले सौतेनी आमा ल्याएको कारण आउनेको संख्या ७ (५.६%) जना रहेकोमा ४ जना बालक तथा ३ जना बालिका रहेको माथिको तालिकाबाट बुझ्न सकिन्छ । यस प्रकार पारिवारीक विछोडको मुख्य कारण अथवा आश्रममा आउनाको कारणमा आध्यात्मिक ज्ञान लिन, राम्रो पढाईको लागि साथै आफ्नो ईच्छाले आउनेको संख्या सवैभन्दा धेरै रहेको पाईयो भने दास्रो कारणमा परिवारको आर्थिक अवस्था कमजोर भएकै कारण आश्रममा आउनेको संख्या रहेको देख्न सकिन्छ । त्यस्तैगरी बाबुले सौतेनी आमा ल्याएको कारण घरबाट निस्कीन बाध्य भएका बालबालिकाहरु पनि आश्रममा रहेको पाईयो । भने बुबाको मृत्यु भएर आमाले पढाउन नसकेर आश्रममा आएका तथा बुबाआमा दुवैको मृत्यु भएकै कारण समाजमा बेसाहाराको जीवन बिताउन बाध्य बालबालिकाहरुलाई विभिन्न माध्यामबाट आश्रम सम्म पुराईदिएको कुरा अनुसनधनको क्रममा बालबालिकाहरु स्वयंले बताएको पाईयो । यसरी विभिन्न कारणहरुले गर्दा बालबालिकाहरु आश्रममा आउने गरेको अध्ययनबाट प्रष्ट हुन्छ ।

### ४.९ स्वास्थ्य सम्वन्धि विवरण

आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुमा अनुसन्धानका क्रममा खासै ठूलो रोग भएको पाईएन । यदि कुनै बालबालिकाहरु विरामी परेमा, कुनैरोग वा घाउचोट लागेमा, प्राथमिक उपचारको लागि आश्रममा (नवलपरासीको कोल्हुवा र काठमाण्डौमा ) १/१ जना स्वास्थ्यकर्मीको समेत व्यवस्था गरिएको पाईयो भने अन्य व्यक्तिहरू पनि

नेचुरोपैथि सम्बन्धि उपचार गर्न आश्रममा आउने कुरा बताउनु हुन्छ उक्त आश्रमकी साधिका तथा स्वास्थ्यकर्मी । त्यस्तैगरी बालबालिकाहरू बिरामी परेमा आश्रममा नै निर्मित प्राकृतिक जडिवुटिको औषधी प्रयोग गर्नै र निको नभएमा मात्र अस्पताल लैजाने गरिन्छ भन्नुहुन्छ स्वास्थ्यकर्मी द्धय बिनीता र सिर्जना भुषाल । बेलाबेलामा योग, ध्यान र प्रवचनका कक्षाहरू संचालन गरिने हुँदा बालबालिकाहरुको स्वास्थ्य पनि सारै राम्रो भएको देखिन्छ । यसरी आश्रममा आश्रित बालबालिकाहरूलाई औषधी उपचारका साथै योग, ध्यानको पनि अत्यन्तै राम्रो व्यवस्था गरिएको अनुसन्धानबाट थाहा हुन आउँछ। जुनकुरा तालिका नं.४.९ बाट पनि बुझ्न सकिन्छ।

**तालिका नं.४.९ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको स्वास्थ्य सम्वन्धि विवरण**

| क.सं. | रोगको विवरण | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | आँखाको रोग | २ | ३ | ५ | ४ % |
| २. | हर्निया रोग | १ | - | १ | ०.८ % |
| ३. | मधुमेह रोग | १ | - | १ | ०.८ % |
| ४. | हाडजोर्नी तथा बाथ रोग | २ | २ | ४ | ३.२ % |
| ५. | साधारण रुघा, खोकी र ज्वरो | ४ | ८ | १२ | ९.६% |
| ६. | राम्रो स्वास्थ्य भएको | ५७ | ४५ | १०२ | ८१.६ % |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १०० % |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

यसरी तालिका नं.४.९ बाट के प्रष्ट हुन्छ भने आश्रममा आश्रित बालबालिकाहरुमा राम्रो स्वास्थ्य भएका वा कुनै पनि रोग नभएका विद्यार्थीहरु सवैभन्दा बढि १०२ (८१.६%)जना रहेकोमा बालक ५७ तथा बालिका ४५ जना रहेको पाईयो । भने दोस्रोमा साधारण रुघाखोकी, ज्वरो, टाउको तथा पेट दुख्नेहरुको संख्या बालक ४ तथा बालिका ८ गरेर जम्मा १२ (९.६%) जना रहेको पाईयो । भने ठूलो रोग (आँखा सम्बन्धि, हर्निया, मधुमेह तथा बाथ अथवा हाडजोर्नी सम्बन्धि) हुनेहरुको संख्या ११ (८.८%) जना रहेको पाईयो जसमा बालक ५ तथा बालिका ६ जना रहेको तथ्याङ्कमा उल्लेख छ । यसरी आश्रममा आश्रित बालबालिकाहरुको स्वास्थ्य धेरै नै राम्रो भएको पाईयो यसरी

धेरै जना स्वस्थ्य हुनुको कारणमा आश्रममा पालिएका गाईको शुद्ध मलको प्रयोगबाट उत्पादित जैविक तरकारी, सागसब्जी, मकै, धान, कोदो र गहुँबाट निर्मित खाद्यान्न, ब्राउन राईस, दुध, दहि, ध्यू,मौसम अनुसारका फलफूल तथा जमिन मुनिबाट बोरिङ्ग धसाएर निकालिएको स्वच्छ पिउने पानीका सथै चन्द्रागिरी पहाडको काखमा रहेको जंङ्गलको चिसो हावालाई मान्न सकिन्छ । यद्यपी मौसम परिवर्तनका कारण कहिलेकाँहि बालबालिकाहरु बिरामी पर्ने गरेको पाईयो । भने केहि बालबालिकाहरुमा आश्रममा आउनुपूर्व नै मधुमेह, हर्निया, आँखा तथा हाडजोर्नीको समस्या रहेको र अहिले कसैलाई केहि बिसेक भएको र कसैलाई निको हुदै गएको कुरा उक्त आश्रमकी स्वास्थ्यकर्मीले बताउनु भयो ।

### ४.१० आश्रममा आउने माध्यामको विवरण

यस आश्रममा बालबालिकाहरु विभिन्न माध्यामबाट (जस्तैः परिवारको आफ्नै सदस्य आफन्त, गा.वि.स., वडा तथा न.पा. र प्रहरी मार्फत्) आउने गरेको पाईयो । जसको बारेमा तल तालिक नं. ४.१० मा देखाईएको छ ।

**तालिका नं.४.१० :आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरु आउने माध्यामको विवरण**

| क.सं. | आउने माध्याम | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्माविद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | परिवारको आफ्नै सदस्य मार्फत | ४४ | ३८ | ८२ | ६५.६% |
| २. | आफन्त | २० | २० | ४० | ३२% |
| ३. | गा.वि.स. | १ | १ | २ | १.६% |
| ४. | वडा तथा न.पा. | - | - | - | - |
| ५. | प्रहरी | १ | - | १ | ०.८% |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.४.१० मा आश्रममा आउने विभिन्न माध्यामहरु मध्ये परिवारको आफ्नै सदस्यहरु मार्फत आउने बालबालिकाको संख्या सवैभन्दा बढि ८२ (६५.६%) जना रहेका छन् जसमा बालक ४४ तथा बालिका ३८ जना रहेको पाईयो । भने दोस्रोमा आफन्त मार्फत आउनेको संख्या ४०(३२%) जनामा बालक र बालिका २०/२० जना रहेको देख्न सकिन्छ । त्यस्तैगरी गा.वि.स.,प्रहरी मार्फत आउने बालक र बालिका १/१

जना गरी जम्मा २(१.६%) जना रहेको तथ्थाङ्कबाट उल्लेख हुन्छ । भने प्रहरी मार्फत आउने बालक १(०.८%) जना गरी जम्मा १२५ जना बालबालिकाहरुले आश्रममा आश्रय लिएको अनुसन्धानबाट प्रष्ट हुन्छ । यसरी आश्रममा आउने पहिलो माध्याम परिवार कै सदस्यहरु र आफन्तहरु रहेको पाईय तापनि कोहि कोहि बालबालिकाहररुलाई गा.वि.स.को सिफरिसमा आश्रममा ल्याईदिएको तथा एक जना बालकलाई सौतेनी आमाले बोरामा हालेर बाटोमा फालेको अबस्थामा प्रहरीले फेला पारेर आश्रममा लगिदिएको तथ्थ अनुसन्धानबाट थाहा पाईयो । यसरी आश्रममा शुरु शुरुमा आउने बालबालिकाहरुलाई परिवारको आफ्नै सदस्य तथा आफन्त मार्फत ल्याउने गरेको भएता पनि अहिले आएर प्रत्येक बालबालिकाहरुका अभिभावकले अनिवार्य रुपमा गा.वि.स.को सिफारिस ल्याउनु पर्ने प्रावधान बनाईएको कुरा उक्त आश्रमकी साधिका नमि घिमिरेले बताउनु भयो ।

### ४.११ पारिवारिक पेशा सम्बन्धि विवरण

नेपाल एउटा कृषि प्रधान देश भएकोले अधिकांश बालबालिकाहरुको परिवारको पेशा कृषि भएतापनि अनुसन्धानको कममा वा आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारिक पृष्ठभुमि केलाउने कममा कृषि, व्यापार र अन्य (आश्रममा कार्यरत,गाएक) पेशा गर्ने गरेको पाईयो । जसलाई तलको तालिका नं.४.११ बाट बुझ्न सकिन्छ ।

**तालिंका नं.४.११ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारिक पेशा सम्बन्धि विवरण**

| क.सं. | पेशाको विवरण | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा वि. संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | कृषि | ५० | ४४ | ९४ | ७५.२% |
| २. | व्यापार | १३ | ९ | २२ | १७.६% |
| ३. | अन्य(आश्रममा कार्यरत,गाएक) | ३ | ६ | ९ | ७.२% |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.४.११ अनुसार परिवारको पेशा कृषि हुने बालबालिकाहरुको संख्या सवैभन्दा बढि ९४(७५.२%) जना रहेको पाईयो जसमा बालक ५० जना तथा बालिकाहरु ४४

जना छन् भने दास्रोमा परिवारको पेशा व्यापार हुने बालकहरुको संख्या १३ र बालिकाहरुको संख्या ९ गरी जम्मा २२ (१७.६%) जना रहेको पाईयो । त्यस्तैगरी परिवारको पेशा अन्य हुने बालबालिकाहरुको संख्या सवैभन्दा कम अर्थात ९ (७.२%) जना मात्र रहेको पाईयो जसमा बालक ३ तथा बालिका ६ जना रहेका छन् । यसरी समग्रमा हेर्दा आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारको पेशाको विवरण हेर्दा कृषि पेशा गर्नेहरुको संख्या अधिक रहेको र निर्वाहमुखी खेतिपाती रहेको हुँदा परिवारको आम्दानीले बालबच्चा पढाउन र खानबस्न पनि गाह्रो भएकोले धेरेजसो परिवारले आश्रममा सित्तैमा पढ्न पाईने हुँदा यहाँ राख्न ल्याएको अनुसन्धानको क्रममा बालबालिकाहरुले बताएको पाईयो ।

### ४.१२ नातेदारसंगको सम्बन्धको विवरण

यस आश्रममा आश्रित बालबालिकाहरु मध्ये धेरैका आफ्नो परिवार भएको वा आफन्तहरु रहेको र कोहिकोहिको मात्र आफन्त नभएको हुँदा प्राय सवैको घर परिवारबाट भेट्न आउने गरेको कुरा सामुहिक रुपमा बालबालिकाहरुले बताए तापनि प्रश्नावली भर्ने शिलशिलामा आफन्त हुने तथा नहुने दुवै थरीका बालबालिकाहरुका आफन्तहरु भेट्न आउने तथा नआउने सम्बन्धि विवरण रहेको पाईयो जुन तलको तालिकाबाट प्रष्ट हुन जान्छ ।

**तालिका नं. ४.१२ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको नातेदारसंगको सम्बन्धको विवरण**

| क.सं. | विवरण | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | आफन्तहरु भेट्न आउने | ६२ | ५८ | १२० | ९६% |
| २. | आफन्तहरु भेट्न नआउने | ४ | १ | ५ | ४% |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.४.१२ अनुसार आफन्तहरु भेट्न आउनेको संख्या सवैभन्दा बढि १२० ( ९६%) जना रहेको पाईयो । जसमा बालक ६२ जना तथा बालिका ५८ जना रहेका

छन् । त्यस्तै गरेर आफन्तहरु भेट्न नआउने बालबालिकाहरुको संख्या जम्मा ५ (४%) जना रहेकोमा बालक ४ जना तथा बालिका १ जना रहेका छन् । यसरी आफन्तहरु भेट्न नआउनुको कारण के हो ? भनि प्रश्नगर्दा ती बालबालिकाहरु कसैले घर टाढा भएर, कसैले आमाबुबा कोहि नभएर तथा कसैले आमाबुबा धेरै बुढाबुढी भएको हुँदा आफै भेट्न जाने कुरा बताए ।

### ४.१३ पारिवारिक आम्दानीका अन्य स्रोत सम्बन्धि विवरण

नेपाल एउटा कृषि प्रधान देश भएकोले अधिकांश बालबालिकाहरुको परिवारको पेशा र आयस्रोत दुवै कृषि भएको बताए तापनि अनुसन्धानको क्रममा वा आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको पारिवारिक पृष्ठभुमि केलाउने क्रममा कृषि, व्यापार र रेमिटेन्स, जगिर,ड्राईभिङ्ग, पशुपालन र टेलरिङ्ग पेशाबाट आम्दानी गर्ने गरेको पाईयो । जसलाई तलको तालिका नं.४.१३ बाट बुझ्न सकिन्छ ।

**तालिका नं.४.१३ : आश्रममा आश्रित बालबालिकाहरुको पारिवारको आम्दानीका स्रोत सम्बन्धि विवरण**

| क.सं. | आम्दानीको विवरण | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | रेमिटेन्स आउने | ५ | १३ | १८ | १४.४% |
| २. | जगिर गर्ने | ५ | ६ | ११ | ८.८% |
| ३. | ड्राईभिङ्ग गर्ने | १ | २ | ३ | २.४% |
| ४. | पशुपालन गर्ने | - | १ | १ | ०.८% |
| ५. | व्यापार/होटल गर्ने | ८ | ३ | ११ | ८.८% |
| ६. | टेलरिङ्ग गर्ने | - | १ | १ | ०.८% |
| ७. | कृषि | ४७ | ३१ | ७८ | ६२.४% |
| ८. | फर्निचरको काम गर्ने | - | २ | २ | १.६% |
| | कुल संख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.४.१३ अनुसार पारिवारको मुख्य पेशा र अन्य आम्दानीको स्रोत दुवै कृषि हुने बालबालिकाहरुको संख्या सवैभन्दा बढि ७८ (६२.४%) जना रहेकोमा बालक ४७ र बालिका ३१ जना रहेका छन् । भने दास्रोमा विदेशी रेमिटेन्स आउनेको संख्या बालक

५ तथा बालिका १३ गरी जम्मा १८ (१४.४%) जना रहेको पाईयो । त्यस्तैगरी जागिर गर्ने र होटल व्यवसाय तथा व्यापारबाट आम्दानी गर्ने बालबालिकाहरुको परिवारको संख्या क्रमशः ११/११ (८.८%/८.८%) जना रहेको पाईयो, जहाँ जागिर गर्ने बालक संख्या ५ तथा बालिका ६ र होटल व्यवसाय तथा व्यापार गर्ने बालक ८ तथा बालिका ३ रहेका छन् । एवं रितले ड्राईभिङ्ग गरेर आम्दानी गर्नेको संख्या बालक १ तथा बालिका २ गरी जम्मा ३ (२.४%) जना रहेको तथ्थाङ्कमा उल्लेख छ । भने फर्निचरको कामबाट आम्दानी गर्ने बालिकाहरु २ (१.६%) जना मात्र रहेको पाईयो । त्यस्तै सवैभन्दा कम पशुपालन, टेलरिङ्गबाट आम्दानी गर्ने बालिकाको संख्या १ (०.८%) र बालकको संख्या पनि १ (०.८%) नै रहेको पाईयो । यसरी माथिको तालिकाको अध्ययनबाट के प्रष्ट हुन्छ भने आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको पारिवारमा कृषिबाट नै सम्पुर्ण आयआर्जन गर्ने तथा कृषिका साथै व्यवसायिक तरकारी खेतीबाट समेत आम्दानी गरी जीवनयापन गर्ने हुँदा धेरैले कृषिलाई मुख्य आम्दानीको स्रोत बनाएको पाईयो भने अन्यले कुनै एउटा पेशामात्र अंगालेको हुँदा आम्दानीको स्रोत फरकफरक रहेको बालबालिकाहरुले बताए भने कतिपय बालबालिकाहरुको बुबा विदेश रहेको र परिवारमा आमाले अन्य पेशा पनि नगर्ने हुँदा सम्पुर्ण खर्च विदेशी रेमिटेन्सबाट धान्ने भएकोले आम्दानीको स्रोतमा फरकपन आएको अनुसन्धानको क्रममा बालबालिकाहरुले बताए । यसबाट आश्रममा आश्रित बालबालिकाहरुको आर्थिक अवस्था सामान्य रहेको प्रष्ट हुन्छ ।

### ४.१४ खानपान र बसोबासको व्यवस्था प्रतिको धारणा

आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुलाई  आश्रममा खानपान, बसोबास तथा शिक्षाको उचित व्यवस्था गरिएको कुरा स्थलगत अध्ययनबाट प्रष्ट हुन्छ । साथै आश्रममा विदेशी पर्यटकहरुको लागि पनि गेष्ट हाउसको व्यवस्था गरिएको छ । यसरी आश्रममा आश्रित साधक, साधिका तथा बालबालिकाहरुको लागि खानपान र बसोबासको अत्यन्तै राम्रो व्यवस्था गरिएको पाईयो । यस क्रममा प्रश्नावली भर्दा सवैले पूर्ण रुपमा सन्तुष्ट भएको बताए ।  जसलाई तालिकामा यसरी देखाईन्छ ।

**तालिका नं. ४.१४ : आश्रममा आश्रित बालबालिकाहरुको खानपान र बसोबासको व्यवस्था प्रतिको धारणा**

| क.सं. | धारणा | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा वि. संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | पूर्ण रुपमा सन्तुष्ट | ६६ | ५९ | १२५ | १००% |
| २. | असन्तुष्ट | - | - | - | - |
| ३. | ठीकै सन्तुष्ट | - | - | - | - |
| | कुल संख्या | ६६ | ५९ | १२५ | १०० % |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

यसरी तालिका नं.४.१४ माथि विचार गर्दा आश्रमको खानपान र बसोबासको व्यवस्थाबाट पूर्णरुपमा सन्तुष्ट हुनेहरुको संख्या १२५ जनामा १२५ (१००%) जना नै रहेको पाईयो । जसमा बालक ६६ जना तथा बालिका ५९ जना रहेका छन् । यसरी आश्रमको खानपान र बसोबासको व्यवस्थाबाट पूर्णरुपमा सन्तुष्ट हुनुको कारणमा बालबालिकाको लागि आवश्यक पर्ने लत्ताकपडा देखि सम्पूर्ण भौतिक सुविधाहरु जस्तै खेलकुद, मनोरञ्जन, आवास (छुट्टाछुट्टै छात्रावास, छात्रवास)को व्यवस्था तथा बौद्धिक विकाशको लागि आश्रममा नै २ वटा पुस्तकालयको स्थापना गरिएको पाईयो त्यस्तै बालबालिकाको क्षमता र ईच्छा अनुसारको विषय रविद्यालयमा पढ्ने व्यवस्था पनि गरेको पाईयो । भने अर्कोतर्फ आश्रममा उब्जाईएका ताजा जैविक तरकारीहरु, गाईको शुद्ध मलको प्रयोग गरी उत्पादन गरिएको खाद्यान्न आदिलाई मान्न सकिन्छ किनकी वर्तमान परिवेशमा यस्तो अर्गानिक खाना पाउन निकै कठिन हुन्छ । यसरी आश्रमको खानपानले त्यहाँका सवैजना स्वस्थ र निरोगी भएको पाईयो । त्यसकारण आश्रमको खानपान तथा बसोबास १००% राम्रो छ भन्न सकिन्छ ।

## ४.१५ जीवनशैली प्रतिको धारणा

यस आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुलाई आश्रमको जिवनशैली कस्तो लाग्छ भनि सोध्दा सवैले राम्रो भनि जवाफ दिएका थिए । जुन कुरालाई तालिकाबाट यसरी देखाउन सकिन्छ ।

**तालिका नं.४.१५ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको आश्रमको जीवनशैली प्रतिको धारणा**

| क.सं. | धारणा | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उत्तम | ६६ | ५९ | १२५ | १००% |
| २. | बेकार | - | - | - | - |
| ३. | झन्झट | - | - | - | - |
| | कुल संख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन** (**कार्तिक २५ देखि पुस ३० सम्म**)

तालिका नं.४.१५ को माध्यामबाट आश्रमको जिवनशैलीलाई उत्तम भन्नेहरुको संख्या अध्ययन गरिएका १२५ जनामा १२५ (१००%) जना नै रहेको पाईयो । यसरी सवैले आश्रमको जिवनशैलीलाई उत्तम भन्नुको कारण के हो भन्ने प्रश्न गर्दा आश्रमकी साधिका भन्नुहुन्छ, आश्रममा बालबालिकाहरुलाई सधै सादा जीवन उच्च विचार राख्नु पर्ने, आफुभन्दा ठुलालाई आदर, सानालाई माया गर्नु पर्छ भन्ने आदर्शलाई आत्मसाथ गर्दै दैनिक जीवनमा समेत अनुसरण गरिने हुँदा आश्रममा एकअर्का बीचमा अत्यन्तै घनिष्ट सम्बन्ध रहेको पाईन्छ ।  त्यस्तै वर्तमानमा खस्कदै गईरहेको जिवनशैली तथा शहरीया जिवन पद्धतीले गर्दा व्यक्तिमा मानवता हराउदै गईरहेको छ । जसले गर्दा मानवीय व्यवहार, चेतनामा कमी आई मानवीय भावनामा समेत नराम्रो असर पारेको अवस्थामा यस आश्रमले बालबालिकाहरुमा कर्मयोग तथा निरन्तर साधनालाई प्राथमिकता दिदै आफ्नो काम आफै गरौ आफ्नो देश आफै बनाऔ भन्ने मुल मन्त्रलाई अगाडी सार्दै घर, परिवार, समाज र राष्ट्रलाई नै विकशीत बनाउने जस्तो पवित्र उद्देश्य लिनुले समाजमा एक किसिमको नयाँ जागरण ल्याएको उहाँले बताउनुहुन्छ, आश्रममा सञ्चालित स्कुलकी प्र.अ. । त्यसकारण पनि सवैले आश्रमको जीवनशैलीलाई उत्तम मानेको अनुसन्धानबाट थाहा हुन आउँछ ।

### ४.१६ आश्रममा बस्दाको अनुभवको विवरण

आश्रममा दैनिक रुपमा विद्यार्थीहरू एवं आश्रमका साधक साधिकाहरूलाई आध्यात्मिक चेतना जगाउने उद्देश्यले भागवत गीताको वाचन तथा श्री माताजी र श्री अरविन्दका पुस्तकहरूको अध्यापन गराइन्छ । साप्ताहिकह रूपमा चार दिन आध्यात्मिक प्रवचन र ध्यान, दुई दिन सत्संगत एवं कीर्तन र प्रत्येक शुक्रवार ज्ञावनर्द्धक भिडियो, आध्यात्मिक

धारावाहीक श्रृंखला र चलचित्रहरू देखाइन्छ भन्नुहुन्छ उक्तआश्रमका संस्थापक रामचन्द्र भुषाल । यसै शिलशिलामा आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुलाई आश्रममा बस्दा कस्तो अनुभव हुन्छ भन्ने प्रश्न गर्दा सवैले सामुहिक रुपमा अति रमाईलो लाग्छ भनेको पाईयो । जसलाई तालिका नं.४.१६ मा यसरी देखाईन्छ ।

**तालिका नं.४.१६ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको आश्रममा बस्दाको अनुभवको विवरण**

| क.सं. | धारणा | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | रमाईलो | - | - | - | - |
| २. | अति रमाईलो | ६६ | ५९ | १२५ | १००% |
| ३. | ठीकै | - | - | - | - |
| ४. | नरमाईलो | - | - | - | - |
|  | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्तिक २५ देखि पुस ३० सम्म)**

यसरी तालिका नं.४.१६ लाई विश्लेषण गर्दा आश्रममा बस्दा अति रमाईलो लाग्छ भन्नेमा अध्ययन गरिएका १२५ जना बालबालिकाहरु सवै रहेको पाईयो जसमा बालक ६६ जना तथा बालिका ५९ जना रहेको पाईयो । यसरी आश्रममा बस्दा अति रमाईलो लाग्नुको कारण के हो ? भनि प्रश्न गर्दा आश्रमका बालबालिकाहरुले आश्रमको खानपान, बसोबास, स्वास्थ्य, शिक्षा तथा आध्यात्मिक चिन्तन, योग, ध्यान र साधनाको राम्रो व्यवस्था गरेर बालबालिकाहरुलाई पारिवारिक वातावरणमा हुर्काएको हुँदा हामी धेरै खुशी भएका हौ भन्ने जवाफ अनुसन्धानको क्रममा दिएको पाईयो । त्यस्तैगरी अनुसन्धानको कममा बालबालिकाहरुको अनुहार पनि हँसिलो रसिलो तथा स्वतःस्फूत आफ्ना काम गरिरहेका देखिएको र उनिहरुको व्यवहारमा पनि जोश, जाँगर तथा उत्साह भरिएको पाईयो । भने आश्रममा गुरु, हजुरआमा, ममि तथा अन्य साधक साधिकाहरु र दाईदिदि सवैले सवैलाई समान व्यवहार गर्ने भएकोले यहाँ बस्दा बालबालिकाहरुलाई आफ्नो परिवारको समेत न्यास्रो नलागेको अध्ययनको क्रममा बताए । यसरी उक्त तथ्थाङ्कबाट के प्रष्ट हुन्छ भने आश्रममा बस्दा वास्तविकरुपमा नै

बालबालिकाहरुलाई अति रमाईलोको अनुभुति हुने गरेको अनुसन्धानबाट प्रष्ट हुन जान्छ ।

## ४.१७ श्री अरबिन्द योग मन्दिर/आश्रमले बालबालिकाहरूको लागि गरेका विभिन्न व्यवस्थाहरू

### ४.१७.१ खानाको व्यवस्था

आश्रममा आश्रित बालबालिका तथा साधक साधिका तथा गुरु र अन्य विदेशी पर्यटक सबैले एउटै सामुहिक भान्साघरमा खाना खाने व्यवस्था गरिएको छ । अध्ययनका क्रममा आश्रममा आश्रित बालबालिका तथा साधकसाधिकाहरुलाई लागि के कस्तो खाना कुनकुन समयमा खानुहुन्छ भनि प्रश्न गर्दा प्रश्नावलीमा विभिन्न उत्तर भरेको पाईयो । जसअनुसार यस आश्रममा आश्रित बालबालिका तथा साधकसधिकाहरूको लागि शुद्ध, सफा, स्वच्छ र ताजा खाना तथा गाईको जैविक मलको प्रयोगबाट उत्पादित साग, तरकारीहरू, दुध, दहि, ध्यू आदि खानाको व्यवस्था गरिएको छ । आश्रममा आश्रित सम्पूर्ण बालबालिकाहरूले दैनिक रूपमा विहान-बेलुका १-१ गिलास दूध खाने, विहान नास्ताको रूपमा रोटी, साग, गेडागुडी खाने गर्दछन् । भने ९ बजे सबैले सामुहिक रुपमा सामुहिक भान्साघरमा खानाखाने गर्दछन् खाना खाँदा गुन्द्री, सुकुल ओच्छाएर खानाखाने गरेको पाईयो । यसरी खानामा पौष्टिक तत्व युक्त ब्राउन राईस, साग, दहि, काँचो सलाद, दाल आदि खानेकुरा दिने गरेको कुरा आश्रममा भान्सेको रूपमा विगत १० वर्षदेखि कार्यरत एक साधिकाले बताउनु भयो । त्यस्तै गरेर उहाँका अनुसार दिउसो १:२० बजे नियमीत रूपमा खाजा खाने र खाजामा पनि मौसम अनुसारको खाद्यान्न बालीबाट निर्मित खाजा जस्तैः दलिया (गहुँको आटो), फापरको रोटी, मकै, भुटेको चिउरा, भुजा, दाल, गेडागुडीहरू आदि खान दिने गरेको बताउनु भयो । त्यस्तै गरी बेलुका ६ बजे (जाडोमा), देखि ७ बजे (गर्मीमा) भित्रमा खाना खाइसक्ने व्यवस्था गरिएको छ । यसरी बेलुका रोटी, भात, दाल, साग, तरकारी गरेर विभिन्न आइटमहरू पकाउने र खानदिने व्यवस्था गरिएको पाईयो । यसरी बालबालिकाहरुलाई आश्रमको खाना मन पर्छ कि पर्दैन ? खानाबाट सन्तुष्ट छौ ? कि छैनौ ? भनि सोध्दा रोटी मन नपर्नेले भात खाने, ब्राउन भात मन नपर्नेले सेतो भात

खाने गरेको बताए । जसबाट के प्रष्ट हुन्छ भने आश्रममा दिईने खानाबाट बालबालिकाहरु पुर्णरुपमा सन्तुष्ट रहेको पाईयो । आश्रममा माछा मासु, अण्डा जस्ता मांशाहारी खान नखाईने र यहाँ प्रशस्त मात्रामा दूध, दहि, ध्यू, फलफूल नै खाने गरेको अध्ययनको क्रममा बालबालिकाहरुले बताए । यसरी आश्रममा खाइने प्रत्येक वस्तुहरू आश्रममानै उत्पादन गरिने हुँदा ती खानेकुरा अति नै स्वच्छ र ताजा तथा पौष्टिकतत्व युक्त हुने र यस्तो खाना खानाले बालबालिकाहरू पनि चलाख, स्फूर्त, स्वस्थ भएको कुरा एक साधिकाले बताउनु भयो ।

### ४.१७.२ लत्ताकपडाको व्यवस्था

आश्रममा आश्रित प्रत्येक व्यक्ति तथा बालबालिकाहरूको लागि नभै नहुने कपडाको व्यवस्था पनि आश्रम स्वयंमले नै बेहोर्ने गर्दछ । बालबालिकाहरूको लागि आवश्यक स्कूल ड्रेस देखि लिएर अन्य बाहिरी ड्रेस, नृत्य गर्दा लगाउने विभिन्न ड्रेसहरू पनि आश्रमले नै बेहोर्ने गर्दछ । त्यस्तै मौसम अनुसार जाडोको जुत्ता, चप्पल, मोजा, स्वीटर, ज्याकेट, टोपी, पन्जा, देखि लिएर ओड्ने, ओच्छाउने सिरक, डसनाहरूको व्यवस्था पनि आश्रमले नै गर्ने गरेको पाईयो । त्यस्तै गरी कपडा सिलाउनको लागि आश्रममा अध्ययनरत विद्यार्थी तथा साधक साधिकाहरूलाई सिलाई कटाई सम्बन्धि तालिम दिने गरिन्छ र उनीहरूले नै स्कूल ड्रेस, नाच्दा लगाउने कपडा, घरबस्दा लगाउने कपडा आफै सिलाउने गर्दछन् । कोहिकोहि व्यक्तिले कहिलेकाहि आफ्नो इच्छाले आश्रममा ओड्ने ओच्छाउने सिरक, डसना, बालबालिकाका कपडाहरू सहयोग स्वरूप दिने गरेको पाईन्छ भनेर उक्त आश्रमकी एकाउन्टेनले अध्ययनको शिलशिलामा बताउनुभयो । त्यस्तै गरी स्कूल ड्रेसको लागि प्रत्येक विद्यार्थीहरूले अनिवार्य रूपमा कलेजी स्वीटर, पहेलो सर्ट तथा छात्रहरूको लागि निलो पाइन्ट र छात्राको लागि निलो फ्रक तथा चप्पल र रिवन राखिएको छ । यसरी आश्रममा आवश्यकता अनुसार जाडो र गर्मी मौसमका कपडाहरू वर्षको २-३ जोर दिने गरेको कुरा अध्ययनको क्रममा उक्त आश्रमकी एकाउन्टेनले बताउनुभयो ।

### ४.१७.३ सामाजिक व्यवस्था

आश्रममा रहेका प्रत्येक बालबालिकाहरू, साधक साधिकाहरूको बीचमा अत्यन्तै सौर्हाद्र, मिलनसार र आपसी सम्बन्धको विकास भएको देख्न सकिन्छ । किनकी प्रत्येक काममा समान सहभागिता परिश्रम तथा मेहेनत हुने हुँदा यहाँका बालबालिकाहरूमा मिलनसार पूर्ण व्यवहारको विकाश भएको पाइन्छ । त्यस्तै गरी ठूलावडालाई आदर सम्मान गर्ने, पाहुना अतिथीलाई सत्कार गर्ने गरेको पाइयो । त्यस्तै आश्रम सवैको एउटै घर भएको र त्यहाँ बस्ने बालबालिका तथा साधकसाधिकाहरू सबै त्यसै घरका सदस्यहरू भएको हुँदा तिनीहरूमा आपसी मेलमिलाप भएको अनुसन्धानबाट प्रष्ट हुन्छ । त्यसकारण आश्रमवासीहरु बीचमा आमा बुबा, दाजुभाई, दिदिबहिनीको सम्बन्ध स्थापित भएको हुँदा आश्रममा आश्रित बालबालिकाहरू बीचमा भने बैवाहिक सम्बन्ध गाँस्न नसकिने र यदि कसैले त्यस्तो सम्बन्ध बनाएमा त्यो आश्रमको नीति नियम विपरीत हुने र तिनीहरूलाई आश्रमबाट निकालिदिने गरेको कुरा उक्त आश्रमकी साधिका नमि घिमिरेले बताउनु भयो । त्यस्तै बालबालिकाको विहेवारी सम्बन्धमा के कस्तो प्रावधान छ भनि प्रश्न गर्दा आश्रममा बालबालिकाको बिहे गरिदिने व्यवस्था नभएको तर परिवारले वा व्यक्ति स्वयम्ले ईच्छा राखेमा विवाह गर्न सकिने र अन्यत्र विहे गरेपछि पनि आफ्नो ईच्छा भएमा आश्रममा साधकसाधिकको रूपमा बस्न सकिने कुरा पनि उहाँले बताउनु भयो । अहिले सम्मको रेकर्ड अनुसार आश्रममा अध्ययनरत बालबालिकाहरू कसैको पनि बिहे नभएको अध्ययनबाट थाहा पाईयो । यसरी आश्रममा आश्रित सबै बालबालिकाहरू एउटा सौहार्द्धपूर्ण वातावरणमा हुर्केर बस्नुका साथै आफूलाई एउटा चेतनशील सामाजिक प्राणीको रूपमा लिएको पाइयो ।

### ४.१७.४ आर्थिक व्यवस्था

यस आश्रमले प्रत्येक बालबालिकाहरूलाई घरेलु र स्नेहपूर्ण सामाजिक वातावरणमा हुर्काइ उनिहरूलाई आवश्यक पर्ने दैनिक सामग्रीहरू, अध्ययनका सामग्रीहरू, स्कूल ड्रेस, क्याम्पस ड्रेस, घरबस्दा लगाउने ड्रेस तथा विभिन्न साँस्कृतिक कार्यक्रममा सहभागी हुँदा लगाउने ड्रेसको व्यवस्था गरेको छ । त्यस्तै गरी प्रत्येक बालबालिकाहरूको पढाइमा लाग्ने शैक्षिक खर्च, मनोरञ्जन खर्च, विरामी खर्च वा

औषधोपचार खर्च, साँस्कृतिक पर्व खाना खर्च देखि लिएर विद्यार्थीहरूको सिप, क्षमता र दक्षता बढाउनको लागि आवश्यक पर्ने तालिम, सिलाइ कटाई, पेन्टिङ्ग, मूर्तिकला, चित्रकला, हस्तकला, शस्त्रीय संगीत, शास्त्रीय नृत्य सिकाउन स्वदेशी तथा विदेशी प्रशिक्षकहरूको मासिक तलबको समेत व्यवस्था गरेको छ । यसरी आश्रमले खानपान देखि लिएर बसोवास सम्पूर्ण पक्षको खर्च बेहोर्दै आएको छ भन्नुहुन्छ उक्त आश्रमकी एक विद्यार्थी । यद्यपी यस आश्रमलाई अहिलेसम्म कुनै पनि स्वदेशी तथा विदेशी संघ संस्था तथा सरकारी निकायबाट आर्थिक सहयोग भएको पाइदैन तर कुनै व्यक्ति विशेषले मात्र सहयोग गरेको मात्र पाइन्छ नत्र भने सम्पूर्ण खर्च आश्रमले नै व्यवस्थापन गर्दै आएको छ ।

### ४.१७.५ धार्मिक व्यवस्था

यस आश्रम स्थापना गर्नुको मुख्य उद्देश्य भनेको व्यक्तिलाई कर्मशील बनाउनु हो । साधनारत हुनु र आफना सबै कार्य आफै गर्नु हो । साथै कर्म नै सबैभन्दा ठूलो धर्म हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै यहाँका बालबालिकाहरू जो ३-४ वर्ष देखि माथिका छन् ती सबैलाई कर्मशील बनाउँदै समाज विकासको कार्यमा यस आश्रमले ठूलो भूमिका खेलको पाइन्छ । यहाँ मन्दिर, मीर्तिको पूजा गरिदैन केबल आध्यात्मिक ज्ञान लिदैं र दिदैं कर्मशील कर्मयोगी बन्न प्रेरित गरिन्छ । यस आश्रममा श्री महर्षि अरविन्दको समाधि राखिएको छ जहाँ श्री अरविन्दको नङ र रौ राखिएको छ । यहाँ केबल पूजा पाठ, दान, धर्म भन्दा पनि आध्यात्मिक चिन्तन, आफूलाई चिन्ने ज्ञान, अरविन्दको दार्शनलाई बढि महत्व दिदै कार्य गरिन्छ, नकि धार्मिक आस्थाका नाममा देवी देवताको पूजाआजा गरिन्छ । त्यस्तै बालबालिकाहरूलाई नैतिकवान, चरित्रवान, गराउन तथा आत्मा अनुसासनको सहि विकाशको लागि प्रत्येक दिन स्कूलमा प्राथना गर्दा, सरस्वती बन्दना गाउँने गरेको पाइयो । यसका साथै आश्रममा प्रत्येक दिन विहान ४ बजे उठी योग, ध्यान र साधना गर्ने गरिएको कुरा उक्त आश्रमकी साधिका तथा विद्यालयकी प्र.अ.ले बताउनु भयो । त्यस्तै गरी आश्रममा विभिन्न उत्सवहरुमा धार्मिक आस्था जगाउन आश्रमका विद्यार्थीहरुबाट सावित्री पाठ, गीता पाठ, रामायण,

महाभारत जस्ता धार्मिक ग्रन्थहरुको वाचन धार्मिक विधिविधान अनुरूपनै गर्न लगाईने गरेको पाईयो ।

### ४.१७.६ साँस्कृतिक व्यवस्था

यस आश्रममा आश्रित बालबालिकाहरूलाई समाजमा प्रचलित विभिन्न चाडपर्वहरूबाट पनि अलग नराखी सामुहिक रूपमा मनाउने गरिन्छ । नेपाली चाडवाड, रितिरीवाज, परम्पराहरूमा बडो हर्षोल्लास गरी मनाइन्छ । यस आश्रमको अर्को शाखा नवलपरासी जिल्लाको कोल्हुवामा अवस्थीत भएको र कक्षा ४, ५, ६ र ७ सम्म त्यहिनै अध्ययन गराइने हुँदा दशै, तिहार, तीज जस्ता महत्वपूर्ण चाडपर्वमा सबैजना एकै ठाउँमा जम्मा भएर मनाउने गर्दछन् । यसरी कहिले नवलपरासीबाट, काठमाण्डौमा जम्मा हुने त कहिले काठमाण्डौबाट सबैजना नवलपरासीमा सास्कृतिक नृत्य संगीत देखाउन जाने गरेको पाइयो । त्यस्तै गरेर दशैमा सबैले नयाँ लुगा लगाउने खीर, रोटी, हलुवा, पुरी, तरकारी बनाउने खाने र गुरुदेवको हातबाट टीका तथा जमरा लगाउने गरेको पाइयो । त्यस्तै गरेर तिहारमा देउसीभैलो खेल्ने विभिन्न नाटक, कविता वाचन, शास्त्रीय संगीत सिक्ने सिकाउने र प्रत्येक दिन साँझ १ घण्टा भजन किर्तन गरी मनलाई शान्त बनाउने, आध्यात्मीक चिन्तनलाई अगाडी बढाउने जस्ता साँस्कृतिक कार्यक्रम गरिएको पाइयो । त्यस्तै गरेर यस आश्रममा प्रत्येक वर्ष श्री अरविन्द र श्री माताजीको जन्मोत्सव धुमधामले मनाउने गरेको पाइयो । त्यस्तै गरी तिहारमा आश्रममा रहेका सम्पूर्ण केटाकेटीहरूले एक अर्कालाई उमेरको आधारमा दाजुभाई मानेर प्रत्येकलाई भाइटिका लगाइ दिने तथा केटाहरूले पनि दिदिबहिनीहरूको निधारमा टिका लगाइ दिने आपूले जानेका कुराहरू जस्तैः चित्रकला, मूर्तिकला, पेन्टिङ्गहरू उपहार स्वरूप दिने गरेको पाइयो । त्यस्तै अन्य चाडपर्वहरू जस्तै : गुरूपूर्णिमा, जनै पूर्णिमा, कृष्णाअष्टमी, तीज, नागपञ्चमी, पुस १५, माघे संक्रान्ती, सरस्वती पूजा, नयाँ वर्ष जस्ता चाडवाडहरू पनि राम्ररी मनाएको पाइयो । सरस्वती पूजाको दिन बिहान उठेर नुहाइ, धुवाइ गरी नित्य कर्म र योग, ध्यान र साधना सकि प्रार्थना गर्ने गर्दछन् । भने जनै पूर्णिमाका दिन प्रत्येक केटाहरू जसको व्रतवन्ध भइसकेको छ उनिहरूले नुहाएर जनै फेर्ने तथा रक्षाबन्धन गुरुको हातबाट बाँध्ने गर्दछन् । मंसीरमा न्वाइ खाने त्यस्तै

पुस १५ मा खिचडी पकाउने खाने, माघे संक्रान्तिमा तिलको लड्डु, तरुल, चाकु बनाउने र खाने चलन रहेको पाइयो । भने शिव रात्री, फागू पूर्णिमामा पनि व्रतवस्ने गरेको पाइयो ।

यसरी आश्रममा चारवर्ण छत्तिस जातका बालबालिकाहरू भए तापनि सबैलाई बराबर व्यवहार गर्ने तथा कर्मलाई बढि महत्व दिने गरेको पाइयो । यहाँ ब्राम्हण, क्षेत्री, देखि लिएर गुरुङ्ग, मगर, राइ, लिम्बु, कामी सबै जात भएता पनि सबैलाई समान व्यवहार गर्ने गरेको पाईयो । यसरी आश्रममा कोहि पनि उच्च र निच हुदैन भन्नुहुन्छ, उक्त आश्रमकी एक साधिका ।

### ४.१७.७ मनोरञ्जनको व्यवस्था

अनुसन्धानको कममा यस आश्रममा आश्रित बालबालिकाहरूको मनोरञ्जनलाई ध्यान राख्दै आश्रमले प्रशस्त मात्रामा भौतिक सुविधाहरू उपलब्ध गराएको पाईयो । भने अध्ययनको कममा मनोरञ्जनको लागि के कस्तो व्यवस्था गरिएको छ ? भनि प्रश्न गर्दा विभिन्न उत्तर आउको पाईयो जसअनुसार आश्रममा मनोरञ्जनको लागि बालबालिकाहरूलाई प्रत्येक हप्ता रामायण, महाभारत, कृष्णलिला जस्ता टेलिश्रृखलाहरू देखाइने र साना बच्चाको लागि विद्यालयमा ४ वटा पिङ र चिप्लेटीको व्यवस्था गरिएको छ । भने ठुला बालबालिका/विद्यार्थीहरुको लागि भलिवल, फुटबल तथा व्याडमिन्टन आदिको व्यवस्था समेत गरिएको छ। त्यस्तैगरी  अन्य मनोरञ्जनको लागि शास्त्रीय संगीत, सिकाउने, नृत्य सिकाउने आदिको व्यवस्था गरिएको छ । त्यसरी नै बालबालिकालाई प्रकृतिसंग नजिक बनाउने र खेल्न बनस्पति, जडीवुटी चिन्नको लागि हप्ताको १ पटक जंगलमा घुमाउनु लजाने गरेको विद्यालयको प्र.अ.ले बताउनुभयो । त्यस्तै गरेर मनोरञ्जनको लागि भ्रमण लैजाने, पिकनिक जाने, गरेको पाइयो । त्यस्तै गरेर संगीतका उपकरणहर जस्तै : मादल, तबला, ढोलक, मजुरा, आदिको व्यवस्था गरिएको छ । त्यस्तै गरेर विभिन्न कार्यक्रमहरू संचालन गर्ने, चित्रकला, भजन, कीर्तन र नाचगान गर्ने तथा विभिन्न पुरातात्विक ठाउँहरूमा भ्रमण लैजाने गरेको पाइयो ।

यस प्रकार यस आश्रमको अध्ययनबाट के प्रमाणित हुन्छ भने आश्रममा हुने प्रत्येक क्रियाकलाप, चाडपर्व, रितिरीवाजहरू नेपाली परम्परा अनुरूप गरिने र त्यस्ता साँस्कृतिक कार्यक्रमलाई जोगाउन, आश्रमका प्रत्येक बालबालिकाहरूलाई सामाजिक व्यवहार सिकाइने, आत्मियतापूर्ण व्यवहार गर्न सिकाउने गर्नाले आश्रम एउटा साँस्कृतिक चिनारीको केन्द्रस्थल बन्न पुगेको देखिन्छ ।

### ४.१७.८ कार्य विभाजनको व्यवस्था

आश्रममा आश्रित बालबालिका तथा साधक साधिका सबैले आ आफनो कार्य तालिका अनुसार कार्य गर्ने गर्दछन् । जसअनुसार सबै जना (धेरै साना बालबालिका बाहेक) दैनिक ४ बजे उठ्ने गर्दछन् र आफ्नो नित्यकर्म सकेर कोहि गाईको दुध दुहुने गर्छन भने अरु ध्यानकक्षमा जम्मा भई दैनिक योग ध्यान, व्यायाम र भगवानको भक्ति तथा साधना गर्दछन् । त्यसपछि ७ बजे सबैजना डाइनिङ्ग हलमा नस्ता खाना जान्छन्१० वर्ष देखि माथिका बालबालिकाहरुले आफै नुहाउने, लुगाधुने, लेदो बोक्ने, सागसब्जीमा पानी हाल्ने, गाइगोठ सफा गर्ने, गाईलाई भुषा, काट्ने, साग टि्पने, गोडमेल गर्ने, दुध बेच्न जाने, आदि काम गर्दछन् । त्यस्तै गरी साना साना बालबालिकाले फूल टिप्ने, माला उन्ने, समाधि सफा गर्ने, बडारर्ने आदिकाम गर्छन् भने साधक साधिकाले चामल केलाउने, साग केलाउने, काट्ने, बेच्नलाई मुठा पार्ने, मिल चलाउने, साना साना बालबालिकाका कपडा धुने, नुहाई दिने जस्ता कार्य गर्दछन् । र १० बजे देखि ४ बजेसम्म स्कूलमा अध्ययन गर्ने तथा राती ९-१० बजे सम्म नियमित अध्ययन गर्ने गर्छन् । त्यस्तै उच्च शिक्षा अध्ययन गरिरहेका अन्य विद्यार्थीहरूले आईतबार देखि शुक्रबार सम्म नर्सरी देखि कक्षा ८ सम्मका बालबालिकाहरुलाई शिक्षक शिक्षिकाको रूपमा अध्यापन गराउने गर्दछन् । यसरी आश्रममा आश्रित बालबालिकाहरूले दैनिक कार्य तालिका अनुसार आआफ्नो काम गर्ने गरेका छन् । आश्रमका यी नियमहरू रोगी, बिरामी तथा अशक्त र साना साना बालबालिकाहरू बाहेक सबैले पालना गर्नुपर्ने बताउनु हुन्छ आश्रमकी एक साधिका ।

### ४.१७.९ दैनिक आवश्यक सामग्रीको व्यवस्था

आश्रममा दैनिक आवश्यक पर्ने खाद्य सामग्री जस्तैः चामल, नुन, चिनी, तेल, तरकारी तथा फलफूल, सागसब्जी, दूध, दहिहरु आश्रममा उत्पादन हुने आश्रमबाट नै अन्य नुन, चिनी साल्टट्रेडिङ्गबाट, ग्याँस डिलरबाट ग्याँस, तेल, मट्टितेल आयलनिगमबाट आश्रमका साधक साधिकाले आश्रमकै सवारी साधनमा गएर ल्याउने गरेको पाईयो । साथै आश्रममा उत्पादित सामानहरु जस्तै : पशिमना, हस्तकलाका सामग्री, अगरवत्ती, साग पनि शहरमा लगेर बेच्ने र फर्किदा आवश्यक सामग्री ल्याउने गरिन्छ भने चामल, तरकारी, दुध, दहि, ध्यू आश्रममा नै उत्पादन गरिने हुँदा किन्न नपरेको पाइयो । यसरी कोल्हुवामा धान, गहुँ, मकै, कोदो र फलफूल उत्पादन गर्ने गरिन्छ र हप्ताको १ पटक आश्रमकै गाडी जाने र काठमाडौंमा ल्याउने व्यवस्था मिलाइएको छ । यसरी आश्रममा बस्ने बालबालिका साधक साधिका सबैले अर्गानिक खाना खान पाइरहेका छन् ।

### ४.१७.१० साधक साधिकाको व्यवस्था

यस आश्रममा विभिन्न पदमा साधक साधिकाहरु कार्यरत रहेका छन् । तर आश्रममा कार्यरत साधक साधिका भनेका विद्यार्थी, शिक्षक शिक्षिका र स्वयं गुरु सवै हुन् । जो आश्रममा २४ सै घण्टा कार्यरत रहेका देखिन्छ । यसरी काम गर्नेमा आश्रमको भवन निर्माण गर्ने मिस्त्रीहरु ३-४ जना तथा आश्रमको मिलमा काम गर्ने २ जना साधकहरु रहेका छन् । भने कारपेन्टरहरु दैनिक ज्याला लिने ३-४ जना रहेको छन् । यसरी हेर्दा आश्रममा बसेर पशिमना बनाउने व्यक्तिहरुलाई तलब दिनु नपर्ने अथवा स्वइच्छाले बसेकालाई तलब दिनु नपर्ने र दैनिक ज्यालादारीमा काम गर्नेलाई तलब दिने व्यवस्था गरिएको छ । तर आश्रममा आश्रित सबै साधक साधिकाहरु स्वयं सेवकको रुपमा कार्यरत रहेको अनुसन्धानको क्रममा पाइयो । यसरी आश्रमले अत्यावश्यक कार्यको लागि मात्र कर्मचारकिो व्यवस्था गरेको छ भने आश्रमका दैनिक क्रियाकलाप संचालन गर्न आन्तरिक रुपमा ४ जना भान्से, केन्द्रिय व्यवस्थापनमा गुरु सहित ९ जना, शिक्षक शिक्षिका २० जना,  एकाउन्टेन्ट १ जना, विद्यालय प्र.अ. १ जना, स्वास्थ्यकर्मी (नवलपरासी र काठमाडामौ गरेर) २ जना, शास्त्रीय संगीत सिकाउने गुरु १ जना,

डान्स टिचर १ जना ड्राईभर २ जना गरी विभिन्न पदमा साधक साधिकाहरु कार्यरत रहेको अनुसन्धानको क्रममा पाईयो ।

### ४.१७.११ अन्य व्यवस्था

यस आश्रममा बालबालिकाहरूलाको लागि मात्र नभएर त्यहाँ साधनारत प्रत्येक साधक साधिकाहरूलाई पनि आश्रममानै खाना तथा बसोवासको व्यवस्था गरिएको छ । करिव ५० भन्दा बढि साधक तथा साधिकाहरू पनि आश्रमकै छत्रछायाँमा बसेका छन् । त्यस आश्रममा कार्यरत साधक साधिकाहरू कोहि सेवा गर्ने उद्देश्यले, कोहि छाराछोरी पढाउनको लागी त कोहि भगवान प्रतिको आस्थाले प्रेरित भएर आएको कुरा उक्त आश्रममा कार्यरत साधिका सरीता छन्त्याल बताउनु हुन्छ । त्यस्तै यस आश्रममा बालबालिकाहरुका आफन्तहरु, नाता कुटुम्बहरु आउँदा भेट्न दिने तथा अन्य पाहुनाहरु आउँदा आदर सत्कार गर्न सिकाईएको पाईयो । यसरी आश्रममा आउने जाने पाहुना विदेशी पर्यटकको लागि आश्रममा नै गेष्ट हाउसको पनि व्यवस्था गरिएकोछ जहाँ नेपाली अतिथीहरूलाई निशुल्क बस्ने तथा खाने व्यवस्था पनि गरिएको छ भने विदेशी पर्यटकहरूले भने जाने बेलामा एकमुष्ठ पैसा तिर्ने गर्दछन् भन्नु हुन्छ उक्त आश्रमकी एकाउन्टेन्ट । यसरी आश्रममा बस्ने तथा आउने जाने सबैलाई राम्रो व्यवस्था गरिएको पाइयो । यसरी समग्रमा भन्दा श्री अरविन्द योग आश्रम/मन्दिरले अनाथ, असहाय, टुहुरा तथा परिवार हुनेनहुने सबै किसीमको बालबालिकाहरूलाई सामाजिक वातावरण प्रदान गर्दै निरन्तर कर्मयोगी बन्न र एउटा सचेत, कर्मशील पूर्ण मानव बनाउने कार्यमा एउटा अभिभावकको भूमिका खेलेको पाईयो ।

# अध्याय पाँच

## शैक्षिक अवस्था

### ५.१ आश्रममा आउनु पूर्वको शैक्षिक विवरण

मानिसले जन्मदै सबैकुरा सिकेर जानेर आएको हुँदैन त्यसैले प्रत्येक व्यक्ति जन्मदा अबोध हुन्छन् र तिनीहरूलाई जान्ने, बुझ्ने, सिक्ने र पूर्वमानव बनाउनको लागि शिक्षा दिनु पर्दछ । शिक्षा दिने पहिलो पाठशाला घर हुन्छ भने दोस्रो पाठशालाा विद्यालय हुन्छ यसै कुरालाई मधयनजर राख्दै सानै उमेरमा अनाथ हुन पुगेका वा टुहुरा भएका र घरपरिवारमा पढ्ने वातावरण नपाएका बालबालिकाहरुको लागि शिक्षा दिन आश्रममा नै श्री मातृ अरविन्द विद्यालयको स्थापना गरेको छ । यसरी आश्रममा पढ्ने व्यवस्था गरियता पनि आश्रममा आउने बालबालिकाहरु कोहि सानै उमेर (२ महिना -४ वर्ष) मा आएको हुँदा पढ्दै नपढेको र कोहि ठुलो भएपछि आएको हुँदा ११ १२ कक्षासम्म पढेको अध्ययन कममा पाईएको छ, जसलाई तलको तालिका नं. ५.१ बाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५.१ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको आश्रममा आउनु पूर्वको शैक्षिक विवरण**

| क. सं. | विवरण | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नर्सरी-५कक्षा पढेको | ४३ | ४२ | ८५ | ६८% |
| २. | ६-१० कक्षा पढेको | १० | ११ | २१ | १६.८% |
| ३. | ११-१२ कक्षा पढेको | १ | १ | २ | १.६% |
| ४ | नपढेको | १२ | ५ | १७ | १३.६% |
| | कुल संख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं. ५.१ माथि विश्लेषण गर्दा समग्रमा आश्रममा आउनु पूर्व पढेका र नपढेका दुई थरी बालबालिकाहरु रहेको पाईयो । जस मध्ये पढेकालाई पनि विभिन्न कक्षा

समुहमा राखेर वर्गीकरण गरिएको छ । यसरी हेर्दा कक्षा नर्सरी देखि ५ सम्म पढ्नेको संख्या सवैभन्दा धेरै ८५ (६८%) जना रहेकोमा बालक ४३ र बालिका ४२ जना रहेको पाईयो । भने दास्रोमा कक्षा ६ देखि १० सम्म पढ्नेको संख्या २१ (१६.८%) जना रहेको पाईयो । जहाँ बालक १० तथा बालिका ११ जना रहेका छन् । त्यस्तै कक्षा ११ र १२ पढेर आउनेको संख्या सवैभन्दा कम २ (१.६%) जना रहेकोमा बालक र बालिका १/१ जना रहेको अनुसन्धानबाट प्राप्त तथ्थाङ्कले बताउँछ । भने आश्रममा आउनुपूर्व नपढेकाको संख्या बालक १२ जना तथा बालिका ५ जना गरेर जम्मा १७ (१३.६%) जना रहेको पाईयो । यसरी आश्रममा आउनू पुर्व नर्सरी देखि ५ कक्षासम्म पढेकाको संख्या धेरै हुनुमा अन्यत्रको पढाई राम्रो नभएर सानै उमेरमा कक्षा छुटाएर आश्रममा भर्ना गर्ने गरेको अध्ययनबाट प्रष्ट हुन्छ भने आश्रमको खानपान, बसोबास, शिक्षा र मनोरञ्जन, औषधोपचारका साथै सामाजीक, आर्थिक, साँस्कृतिक र धार्मिक व्यवस्था अत्यन्तै राम्रो भएको कारण बच्चाहरुलाई सानै उमेरमा ज्ञानगुनका कुरा सिकाउन पनि कतिपय अभिभावकहरुले आफ्ना बालबच्चालाई आश्रममा लगेर राखिदिएको अनुसन्धानको क्रममा थाहा पाईयो ।

### ५.२ आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको शैक्षिक विवरण

यस श्री अरविन्द योग मन्दिर/आश्रममा आश्रित सवै बालबालिकाहरुलाई शिक्षा रुपी उज्यालो प्राप्त भएको छ । यस श्री अरविन्द योग मन्दिर/आश्रममा आश्रित धेरैजसो बालबालिकाहरु यस आश्रमबाट सञ्चालित श्री मातृ अरविन्द विद्यालयमा अध्ययनरत रहेका र कक्षा ८ को जिल्लास्तरीय परिक्षा दिन बोर्डमा जाने तथा ९ र १० कक्षा पढ्न गुर्जुधारामा अवस्थित सनसाईन हाईस्कुलमा व्यवस्था गर्नुकासाथै उच्च शिक्षाको लागि काठमाण्डौका उ.मा.वि. तथा कलेजहरुमा सहुलियतमा पढ्ने व्यवस्था गरेको कुरा उक्त स्कुलकी प्र. अ.ले बताउनु भयो । जुन विवरण तलको तालिका नं. ५.२ बाट बुझ्न सकिन्छ ।

**तालिका नं. ५.२ : आश्रममा आश्रित बालबालिका/ विद्यार्थीहरुको कक्षागत आधारमा शैक्षिक विवरण**

| क.सं. | कक्षा समूह | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नर्सरी-५ सम्म | ३५ | ३५ | ७० | ५६% |
| २. | ६-८ सम्म | १६ | ६ | २२ | १७.६% |
| ३. | ९-१० सम्म | ५ | ४ | ९ | ७.२% |
| ४. | ११-१२ सम्म | ५ | ९ | १४ | ११.२% |
| ५. | स्नातक तह पहिलो-तेस्रो वर्ष | ५ | ३ | ८ | ६.४% |
| ६. | स्नातकोत्तर तह पहिलो-दोस्रो वर्ष | - | २ | २ | १.६% |
| | कुल संख्या | ६६ | ५९ | =१२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं. ५.२ मा विचारगर्दा हाल नर्सरी देखि ५ कक्षा समुहका बालबालिकाहरु सवैभन्दा धेरै ७० (५६%) जना रहेको पाईयो । जसमा बालक र बालिका दुबै ३५/३५ जना रहेका छन् । भने दास्रोमा कक्षा ६ देखि ८ समुहमा बालक १६ तथा बालिका ६ जना गरी जम्मा २२ (१७.६%) जनाले अध्ययन गरेको पाईयो । एवं रितले कक्षा ९-१० मा पढ्ने बालबालिकाहरु ९ (७.२%) जनामा बालक ५ तथा बालिका ४ जना रहेका छन् । ११-१२ कक्षामा पढ्ने १४ (११.२%) जनामा बालक ५ तथा बालिका ९ जना रहेका छन् । त्यसका साथै स्नातक तह पहिलो-तेस्रो वर्षमा पढ्ने विद्यार्थीहरुको संख्या ८ (६.४%) जनामा बालक ५ तथा बालिका ३ जना रहेको पाईयो । भने स्नातकोत्तर तह पहिलो-दोस्रो वर्षमा सवैभन्दा कम अर्थात २ (१.६%) जना छात्राहरु मात्र रहेको पाईयो । यसरी माथिको तालिकाको माध्यामबाट के बुझ्न सकिन्छ भने आश्रममा आश्रित सवै बालबालिका तथा विद्यार्थीहरुको शैक्षिक अवस्था निकै नै राम्रो रहेको पाईयो । यसबाट के बुझ्न सकिन्छ भने आश्रमको भविष्य उज्वल हुनुका साथै सामाजीक जनचेतना जगाउने कार्यमा यस आश्रमले लिएको उद्देश्य पुरा हुने देखिन्छ ।

## ५.३ स्वः अध्ययन समयको विवरण

आश्रममा आश्रित बालबालिकाहरुले आफ्नो दैनिक समय तालिका अनुसार कार्य गर्ने भएको हुँदा उनिहरु सवेरै विहान ४ बजे उठ्ने गर्दछन् र नित्यकर्म संगै योग, ध्यान तथा साधना गर्दछन् र नियमित कार्यतालिकाको आधारमा कोहि गाई दुहुने, कोहि गोठ सफा गर्ने,कोहि गाईलाई घाँस हाल्ने, कोहिले समाधि सफागर्ने, फूल टिप्ने, माला उन्ने, बडार्ने, फूलमा पानी हाल्ने, कोहिले मिल चलाउने, कोहि भान्सामा खाना पकाउनको लागि सहयोग गर्ने कार्य गर्दछन् । त्यसपछि। त्यसैगरी बालबालिकाहरूको लागि बिहान ७ बजे देखि ९ बजेसम्म करिब २ घण्टा तथा २ बेलुका घण्टा दैनिक समय तालिका अनुसार स्वःअध्ययनको व्यवस्था गरिएको छ । यहाँ बस्ने बालबालिका तथा साधक साधिका सवैले पढाई र काम लाई उत्तिकै महत्व दिएको पाईन्छ । यसका अलवा बिहान १० बजे देखि बेलुका ४ बजे सम्म विद्यालयमा अध्ययन गर्ने गरेको कुरा उक्त आश्रमकी साधिका एवं प्र.अ.ले अनुसन्धानको कममा बताउनु भयो । यसरी दैनिक समय तालिका अनुसार कार्य विभाजन गरिने हुँदा आफ्नो अनुकुल मिलाएर पढ्ने गरेको अध्ययनबाट प्रष्ट हुन्छ । जसलाई तालिका नं.५.३ बाट बुझ्न सकिन्छ ।

**तालिका नं.५.३ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको स्वः अध्ययन समयको विवरण**

| क.सं. | स्वः अध्ययन समयावधि | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | १-३ घण्टा पढ्ने | ३८ | ३३ | ७१ | ५६.८% |
| २. | ४-६ घण्टा पढ्ने | २३ | २३ | ४६ | ३६.८% |
| ३. | ७-९ घण्टा पढ्ने | ५ | ३ | ८ | ६.४% |
| | कुल संख्या | ६६ | ५९ | १२५ | १०० % |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.५.३ माथि विचार गर्दा दैनिक १-३ घण्टा पढ्ने बालबालिकाको संख्या सवैभन्दा बढि ७१ (५६.८%) जना रहेको पाईयो । जसमा बालक ३८ तथा बालिका ३३ जना रहेका छन् । त्यस्तैगरी दास्रोमा ४-६ घण्टा पढ्ने बालक तथा बालिका २३/२३

जना गरी जम्मा ४६(३६.८%)जना रहेको पाईयो । भने दिनको ७-९ घण्टा पढ्ने बालबालिका/विद्यार्थीहरुको संख्या सवैभन्दा कम ८ (६.४%) जना रहेको तथ्थाङ्कमा उल्लेख छ । जहाँ बालक ५ तथा बालिका ३ जना रहेका छन् । यसरी माथिको तालिकाको आधारमा बालबालिका तथा विद्यार्थीहरुले दैनिक समय तालिका अनुसार कार्य गर्दै आफ्नो अध्ययन तथा आश्रममा हुने सम्पूर्ण कियाकलापमा भाग लिदै स्कुल समय बाहेक दैनिक १-९ घण्टा स्वः अध्ययन गर्ने गरेको तथ्थ अनुसन्धानबाट पाईयो । यसरी स्वः अध्ययन गर्ने बालबालिकाहरुमा १-३ घण्टा अध्ययन गर्नेहरु विषेश गरी नर्सरी देखि ३ मा पढ्ने रहेका पाईयो भने ७-९ घण्टा अध्ययन गर्नेहरु विषेश गरी ८ देखि १० मा पढ्ने रहेका पाईयो । यसरी स्वः अध्ययनको समय फरकफरक हुनुको कारणमा सानो कक्षामा पढ्ने बालबालिकाहरुले धेरै समय खेल्ने तथा आश्रमका साना साना कामहरु जस्तै फुलटिप्ने, बडार्ने, माला उन्ने कार्य गर्ने भएको हुँदा थोरै समय मात्र पढ्ने गरेको पाईयो भने ठुलो कक्षामा अध्ययन गर्नेहरुको विषय तुलनात्मक रुपमा अलि गाह्रो हुने हुँदा बढि मेहेनत गर्नुपर्ने भएकोले आश्रमका काममा भन्दा आफ्नो पढाईमा ध्यान दिने भएकोले धेरै समय स्वः अध्ययनमा लाग्ने गरेको एक विद्यार्थीले अध्ययनको कममा बताए ।

## ५.४ विद्यालयको विवरण

यस श्री अरविन्द योग मन्दिर/आश्रममा आश्रित धेरैजसो बालबालिकाहरु यस आश्रमबाट सञ्चालित श्री मातृ अरविन्द विद्यालयमा अध्ययनरत रहेका र कक्षा ८ को जिल्लास्तरीय परिक्षा दिन बोर्डमा जाने तथा ९ र १० कक्षा गुर्जुधारामा अवस्थित सनसाईन हाईस्कुलमा आश्रमको सिफारिसमा पढ्ने व्यवस्था गर्नुकासाथै उच्च शिक्षाको लागि काठमाण्डौका उ.मा.वि. तथा कलेजहरुमा सहुलियतमा पढ्ने व्यवस्था गरेको कुरा उक्त स्कुलकी प्र. अ.ले बताउनु भयो । जुन विवरणलाई तालिका नं. ५.४ बाट बुझ्न सकिन्छ ।

**तालिका नं. ५.४ : आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुले पढ्ने विद्यालयको विवरण**

| क. सं. | विद्यालयको नाम | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा वि. संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | पद्मकन्या ब.क्याम्पस | - | २ | २ | १.६% |
| २. | महेन्द्र रत्न क्याम्पस | - | १ | १ | ०.८% |
| ३. | जनमैत्री क्याम्पस | - | १ | १ | ०.८% |
| ४. | ह्वाईट हाउस कलेज | १ | - | १ | ०.८% |
| ५. | गौरी शंकर कलेज | ३ | - | ३ | २.४% |
| ६. | ईन्टेनसिभ ई. कलेज | ४ | ६ | १० | ८% |
| ७. | सनसाईन हाईस्कूल | ५ | ४ | ९ | ७.२% |
| ८. | थापाथली क्याम्पस | १ | - | १ | ०.८% |
| ९. | देबसंस्कृत विश्व वि. | - | १ | १ | ०.८% |
| १०. | श्री मातृअरविन्द वि. | ५१ | ४१ | ९२ | ७३.६% |
| ११. | मङ्गोलदय ब.क्याम्पस | - | २ | २ | १.६% |
| १२. | कैलाशक्षेत्रफाउन्डेसन (ईण्डिया) | - | १ | १ | ०.८% |
| १३. | DAV ईन्टरनेशनल | १ | - | १ | ०.८% |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं.५.४ को माध्यामबाट के बुझ्न सकिन्छ भने आश्रममा अीश्रत बालबालिका तथा विद्यार्थीहरुले काठमाण्डौका विभिन्न स्कुल, कलेज तथा उ.मा.वि. र विश्वविद्यालयका साथै आश्रममा सञ्चालित श्री मातृ अरविन्द विद्यालयमा अध्ययन गरेको पाईयो । जसमध्ये सवैभन्दा धेरै ९२ (७३.६%) जनाले श्री मातृ अरविन्द विद्यालयमा अध्ययन गरेको पाईयो । जसमा बालक ५१ तथा बालिका ४१ जना रहेका छन् । त्यस्तैगरी दोस्रोमा ईन्टेनसिभ ईन्टरनेशनल कलेजमा पढ्ने छात्र ४ जना तथा छात्रा ६ जना गरी जम्मा १० (८%) जना रहेको पाईयो । भने गौरी शंकर कलेजमा ३ (२.४%) जना छात्रले मात्र अध्ययन गरेको पाईयो । एवंरितले पद्मकन्या बहुमुखी क्याम्पस, मङ्गोलदय बहुमुखी क्याम्पसमा कमशः २/२ (१.६%) जना छात्राले अध्ययन गरेको माथिको तथ्थाङ्कमा उल्लेख छ । त्यस्तै अन्य क्याम्पसहरु DAV ईन्टरनेशनल, थापाथली क्याम्पस, ह्वाईटहाउस कलेजहरुमा १/१ (०.८%) जना छात्रहरुले मात्र

अध्ययन गरेको पाईयो । भने महेन्द्ररत्न क्याम्पस, जनमैत्री क्याम्पस, देबसंस्कृत विश्व विद्यालय र कैलाशक्षेत्र फाउन्डेसन (ईण्डिया) मा पनि १/१ (०.८%) जना छात्राहरुले अध्ययन गरेको तथ्याङ्कबाट थाहा हुन्छ । यसरी उपरोक्त अनुसन्धानबाट हामी यो भन्न सक्छौ कि अध्ययन गरिएका १२५ जना बालबालिका तथा विद्यार्थीहरु सवै शिक्षित भएको हुँदा आश्रममा रहेका बालबालिकाहरुको साक्षरतादर १००% छ भन्न सकिन्छ । यसरी आश्रममा अध्ययनरत बालबालिका/विद्यार्थीहरु काठमाण्डौका विभिन्न स्कुल, कलेज तथा उ.मा.वि. र विश्वविद्यालयहरुमा छरिएर पढ्न जानुको कारण के हो ? भन्ने प्रश्नको जवाफमा बालबालिकाको रुचि र चाहना अनुसारका विषयहरु एउटै कलेजमा नहुनु अथवा अध्ययनका विषयवस्तु/क्षेत्र फरक फरक (शास्त्रीय नृत्य, शास्त्रीय संगीत आर्युवेद शिक्षा, ईन्जिनियरीङ्ग, साईन्स, व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र संकाय) हुनाले आश्रमको स्रोत र साधनले सवै विद्यार्थीको शैक्षिक खर्च धान्न नसक्ने भएकोले जेहेन्दार विद्यार्थीहरुको लागि विभिन्न (स्वदेशी तथा विदेशी) कलेज तथा स्कुलहरुले छात्रवृत्ति दिदै आएका छन् भने अन्य मध्यमस्तरका विद्यार्थीहरुको लागि आश्रमको सिफारिसमा विभिन्न कलेजहरुमा सहुलियतमा पढ्ने वातावरणको व्यवस्था गरिएकोले हो भन्नुहुन्छ, उक्त आश्रमकी प्र.अ ।

## ५.५ आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुको भविष्य प्रतिको धारणा

जव बालबालिकाहरुको मस्तिष्क वृद्धि हुदै जान्छ तब उनिहरुको दिमागमा धेरै कुरा सोच्न, खेल्न थाल्दछन् । पछि पढाई सकेर ठूलो मान्छे बन्ने सवैको सपना रहेको हुन्छ । तर भविष्यको बारेमा सोचेको सवै कुरा साँचो नै हुन्छ भन्न सकिदैन् । यद्यपी यसले केहिहद सम्म भावी योजनाको निर्धारण भने अवश्य नै गर्दछ । तर आश्रमका बालबालिकाको भविष्य प्रतिको सोचाईको परिणामले मात्रै सम्पूर्ण देशको रुपरेखा बदल्न भने सक्दैन । तसर्थ श्री अरविन्द योग मन्दिरमा रहेका १२५ जना बालबालिकाहरुसंग गरिएको शोधकार्य अध्ययनको क्रममा भविष्यमा के बन्ने ईच्छा छ ? भनि प्रश्न गर्दा बालबालिकाहरुले आआफ्नो धारणा प्रस्तुत गरेका छन् । जुन कुरा तालिका नं. ५.५ बाट पुष्टि हुन्छ ।

**तालिका नं. ५.५ : बालबालिका/विद्यार्थीहरुको भविष्य प्रतिको धारणा**

| क.सं. | विवरण | बालक/छात्र संख्या | बालिका/छात्रा संख्या | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | डाक्टर | १३ | १५ | २८ | २२.४% |
| २. | ईन्जिनियर | १८ | ७ | २५ | २०% |
| ३. | नेता | ३ | - | ३ | २.४% |
| ४ | समाजसेवी | १७ | १७ | ३४ | २७.२% |
| ५ | साहित्यकार | - | १ | १ | ०.८% |
| ६ | दार्शनिक | - | १ | १ | ०.८% |
| ७ | कानुनविद् | - | १ | १ | ०.८% |
| ८ | डान्सर | - | ६ | ६ | ४.८% |
| ९ | नर्स | - | १ | १ | ०.८% |
| १० | खेलाडी | ९ | २ | ११ | ८.८% |
| ११ | गाएक | १ | ३ | ४ | ३.२% |
| १२ | शिक्षक | - | २ | २ | १.६% |
| १३ | पाइलट | १ | २ | ३ | २.४% |
| १४ | वैज्ञानिक | १ | - | १ | ०.८% |
| १५ | मेकानिक्स | १ | - | १ | ०.८% |
| १६ | ब्यापारी | १ | - | १ | ०.८% |
| १७ | कलाकार | १ | १ | २ | १.६% |
| | कुलसंख्या | ६६ | ५९ | १२५ | १००% |

**स्रोत : स्थलगत अध्ययन (कार्त्तिक २५ देखि पुस ३० सम्म)**

तालिका नं. ५.५ माथि विचारगर्दा अध्ययन गरिएका १२५ जना विद्यार्थीहरु मध्ये समाजसेवी बन्नेहरुको संख्या सवैभन्दा बढि ३४ (२७.२%) जना रहेकोमा बालक १७ जना तथा बालिका १७ जना रहेको पाईयो । त्यस्तैगरी दोस्रोमा डाक्टर बन्नेहरुमा बालक १३ जना तथा बालिका १५ जना गरी जम्मा २८ (२२.४%) जना रहेको पाईयो । भने तेस्रोमा ईन्जिनियर बन्नेहरुको संख्या २५ (२०%) जना रहेको पाईयो जसमा बालक १८ जना तथा बालिका ७ जना रहेका छन् । एवं रितले खेलाडी बन्ने बालक ९ तथा बालिका २ गरी ११ (८.८%) जना रहेको अनुसन्धानबाट प्रष्ट हुन्छ । त्यस्तै डान्सर बन्ने छात्राहरु ६ (४.८%) जना रहेको पाईयो भने गायक बन्ने १ जना छात्र तथा ३ जना छात्रा गरी जम्मा ४ (३.२%) जना रहेका छन् । यसका साथै पाईलट र

नेता बन्ने ३/३ (२.४%) जना रहेको पाईयो भने शिक्षक र कलाकार बन्ने २/२ (१.६%) जना रहेको माथिको तालिकाबाट प्रष्ट हुन्छ । बाँकी ४ जना बालिकाहरुले क्रमशः साहित्यकार, दार्शनिक र कानुनविद् तथा नर्स बन्ने ईच्छा व्यक्त गरेको पाईयो । भने अरु ३ जना छात्रहरुले क्रमशः वैज्ञानिक, मेकानिक्स र व्यापारी बन्ने ईच्छा व्यक्त गरेको पाईयो । यसरी आश्रममा अीश्रत बालबालिका/विद्यार्थीहरुले भविष्यमा फरक फरक व्यक्तित्व बन्ने धारणा उल्लेख गर्नुको कारण के हो ? भनि प्रश्न गर्दा उक्त आश्रमकी एक साधिका एवं शिक्षिका पार्वती भुषाल भन्नुहुन्छ आश्रममा जुन व्यक्ति संग जे क्षमता छ त्यसैलाई प्रेरित गर्दै सक्षम व्यक्ति बनाउने वातावरणको सृजना गर्नै प्रयत्न गरिएको छ । साथै आश्रममा पढाई प्रति रुचि नराख्ने अथवा पढ्न नसक्नेहरुको लागि चित्रकला, मूर्तिकला, थान्का, पेन्टिङ्ग,अगरबत्ति बनाउने तथा पश्मिना बुन्न सिकाउने तालिम दिनुका साथै योगाभ्यासको तालिम दिएर स्वः निर्भर बन्न प्रेरित गरिन्छ । त्यसकारण पनि बालबालिकाहरुको भविष्यको धारणा फरक फरक रहेको पाईएको हो ।

## ५.६ उच्च शिक्षा अध्ययन गर्न विदेश गएकाको विवरण

यस श्री अरविन्द योग मन्दिर आश्रम महर्षि श्री अरविन्दको दर्शनलाई नेपाल सहित विश्व मै प्रभावकारी बनाउन व्यवहारिक पूर्ण योगको अभ्यास गर्ने उद्देश्यले खोलिएको सर्वग्राही आश्रम हो । यो कुनै अनाथ आश्रम होइन । यहाँ व्यक्तिलाई पूर्ण योगको माध्यमबाट कर्मशील, सभ्य, सामाजिक प्राणी बनाउने र आफनै देशको लागि केहि गर्नुपर्ने आफ्नो देश विकाश आफैले गर्नुपर्ने जस्तो स्वावलम्बी बन्ने शिक्षा दिने हुँदा यहाँका बलाबालिकाहरू अन्य अनाथ आश्रम, बालगृह तथा परोपकारका बालबालिकाहरु भन्दाभिन्दै स्वभावका छन् । यहाँका बालबच्चाहरू विदेशी नागरिकलाई धर्मपुत्र तथा धर्मपुत्रीको रुपमा दिने प्रचलन पनि छैन र कुनै विदेशी नागरिकले उच्च शिक्षा अध्ययन गर्न सहुलियत पनि गरेका छैनन् र वैदेशिक अध्ययनमा पठाउने उद्देश्य आश्रमको पनि नभएको तर पनि आफ्नो ईच्छा अनुसार कोहि कोहि बाहिरी देश गएका छन् भन्नेकुरा उक्त आश्रमका अध्यक्षले  अध्ययनको क्रममा बताउनु भयो ।

### ५.७ श्री अरविन्द योग मन्दिरमा आश्रित बालबालिकाको विगतको स्थिति

यस आश्रमको स्थापना २०५० सालमा भएको हो । स्थापनाको शुरुवातमा १ जना विद्यार्थीहरूबाट शुरु गरिएको उक्त आश्रममा अहिले १२५ जना विद्यार्थी तथा ५० भन्दा बढि साधक र साधिका गरेर कम्तिमा २०० जना जति उक्त आश्रममा आश्रय लिएका छन । यसरी हेर्दा २०५० सालदेखि अहिलेसम्म करिव १८ वर्षको दौरानमा यस आश्रयमा करिव ४०० जतिले अध्ययन गरिसकेको पाइन्छ । यसरी विगत देखि वर्तमानसम्मको हतिहास हेर्दा यस आश्रममा आउने बालबालिकाहरूको संख्या बढ्दो देखिन्छ । यसरी वर्षेनी बालबालिकाको संख्या बढ्दो देखिन्छ । यसरी वर्षेनी बालबालिकाको संख्या बढ्नुले के प्रमाणित गर्दछ भने आमाबाबु विहिन तथा आमाबाबु भएका र अनाथ बालबालिका सबैलाई यस आश्रमले आश्रय दिएर तिनीहरूको प्रतिभाको विकाश गर्नमा सहयोगी भुमिका त खेलेकै छ त्यतिमात्र नभएर त्यस्ता बालबालिकाहरूलाई सामाजिक तिरस्कार घृणा, हेला र अपहेलनाबाट बचाएर एउटा सभ्य, सामाजिक प्राणी बनाउनुका साथै उनिहरूभित्र आध्यत्मिक ज्ञान, चेतना तथा सामाजिक सुसंस्कारको पाठ सिकाउन पनि ठूलो भुमिका खेलेको छ । यसरी दिन प्रतिदिन आश्रममा आश्रय लिन आउनेको संख्या बढ्नुले उक्त आश्रमको जिवनशैली, बसोबास, खानपान अत्यन्तै राम्रो भएको र त्यहाँ सबै ईश्वरका सन्तान भएको हुँदा जातभात अनुसार भेदभाव नगरिने कुरा प्रष्ट हुन्छ । मानिस ठूलो र सानो सोचाइ, आध्यात्मिक ज्ञानको कमी, घमण्ड र स्वार्थले हो भन्दै ति कुरा हटाउन सकेमा सबैले ईश्वरलाई आध्यात्मवादलाई चिन्न सक्दछ भन्दै महर्षि श्री अरविन्दको दर्शनलाई आत्मसाथ गर्दै आश्रमका दैनिक क्रियाकलाप अगाडि बढेका छन् ।

यस आश्रमको नाम कुनै परोपकार, अनाथालय, बालगृह, नराखेर किन अरविन्द योग आश्रम वा मन्दिर राखिएको हो ? भन्ने प्रश्नमा उक्त आश्रमका संस्थापक तथा अध्यक्ष भन्नुहुन्छ यस श्री अरविन्द योग मन्दिर आश्रम महर्षि श्री अरविन्दको दर्शनलाई नेपाल सहित विश्व मै प्रभावकारी बनाउन व्यवहारिक पूर्ण योगको अभ्यास गर्ने उद्देश्यले खोलिएको सर्वग्राही आश्रम हो, यो कुनै अनाथ आश्रम होइन । बालबालिकाको कलिलो मष्तिष्कमा त्यस्ता शब्दावलीहरूले नराम्रो असर पर्न जान्छ अर्थात बालमनोविज्ञानमा असर पर्दछ । अरुको संरक्षण, साहार, उपकारमा बसेका चाहे ती बालबालिका हुन् चाहे

वयस्क कुनै व्यक्तिले पनि आफ्नो र समाजको विकास हुने काम गर्न सक्दैन । त्यसकारण कर्मयोगका माध्यामबाट उनीहरूलाई सहि शिक्षा दिन सकेमा मात्र बालबालिकाको सर्वाङ्गीण विकाश सम्भव हुन्छ । त्यसकारण उनिहरूलाई कसैको भलो उपकारबाट आफू बाँचेको आभास नगराईकन यो सबैको साझा घर हो यसको विकाशका लागि सधैँ कर्मशील बन्नु पर्छ भन्ने भावना जागृत गराउन यस संस्थाको नाम अरविन्द योग आश्रम राखिएको हो । त्यसकारण बालबालिका तथा साधकसाधिका जो सुकैलाई पनि अन्तरमनको भगवान चिन्न कर्मयोगलाई निरन्तरता दिनुपर्ने बताउनु हुन्छ । उक्त आश्रमका अध्यक्ष रामचन्द्र दास । यसरी यस आश्रममा आश्रय लिन आउने बालबालिकाहरूमा केहि अनाथ, टुहुरा, कसैको आमा नभएका कसैले बुबा नभएका, तथा कसैको घरपरिवार नै नभएका तथा कसैलाई सौतेनीआमाले बोरामा हालेर बाटोमा फालेको अवस्थामा प्रहरी मार्फत् उक्त आश्रममा आश्रय लिएको कुरा अनुसन्धानको क्रममा पत्ता लागेको छ । यसरी आश्रममा आश्रय लिएका बालबालिकाहरू मध्ये धेरैको आफनै परिवार भएको तथा आफन्तहरू रहेको खुल्न आएको छ भने कोहि कोहिमात्र टुहुरा, अनाथ र परिवार विहिन बलाबालिकाहरू रहेका छन् । यसरी परिवार भएका बालबालिकाहरू धेरै हुनुको कारणमा उक्त आश्रम केवल अनाथ, टुहुराको लागि मात्र नभएर जसले आध्यात्मिक ज्ञानको माध्यमबाट समाजमा व्याप्त कुरीति, कुसंस्कारलाई हटाएर सबैभन्दा ठूलो योग कर्मयोग हो भन्ने मान्यतालाई ग्रहण गर्छ ती सबैको लागि भएको कुरा उक्त आश्रममा संचालित श्री मातृ अरविन्द विद्यालयकी प्र.अ.ले बताउनुभयो ।

अध्ययनको क्रममा यस आश्रममा २ महिना देखि २० वर्षसम्मका लाई आश्रय दिएको तथ्य प्रष्ट हुन्छ । यहाँ यति उति भनेर उमेर तोकेर भर्ना लिने प्रावधान छैन् । जसलाई अन्तर आत्मादेखि भगवानको साधना गर्न मन लाग्छ । ऊ त्यहाँ साधक साधिकाको रूपमा बस्न सक्ने कुरा बताएता पनि अहिले आश्रमको आर्थिक अवस्था हेरी सबैलाई आश्रय दिन नसकिएको बताउनु हुन्छ, उक्त आश्रमकी एक साधिका ।

यस आश्रममा आश्रित बालबालिकाहरू मध्ये प्राय: सबैको जीवन इतिहास बारेमा राम्ररी थाहा पाउन सकियो यसरी सुचना लिने क्रममा अधिकांश आश्रममा रहेका बालबालिकाहरु स्वयंबाट, आमाबुबाबाट र परिवार नहुने तथा राम्ररी बताउन नचाहनेको पनि आश्रमको रेकर्डमा भएको पारिवारीक विवरण तथा इतिहासबाट थाहा पाउन सक्षम भइयो ।

त्यस्तै गरी आश्रममा आश्रित बालबालिकाहरूको विगतको स्थिति अध्ययन गर्दा प्रत्येक मानिसका आ-आफनै पारिवारीक समस्याहरू रहेको पाइयो । जसमध्ये आर्थिक समस्या पनि एक प्रमुख समस्याका रूपमा रहेको पाइयो । यसरी पारिवारको आर्थिक समस्याले गर्दा आश्रममा आउने बालबालिकाहरूको संख्या पनि अधिक देख्न सकिन्छ भने आमाबुबा दुबैको मृत्यु भएका टुहुरा बालबालिका तथा कोहिकोहिको आफन्तहरू कोहि पनि नभएका बेसाहारा र परिवारको बारेमा थाहा नभएका र बालबालिका पनि आश्रममा रहेको अनुसन्धानबाट थाहा हुन्छ । तसर्थ यस्ता बालबालिकाहरूलाई पारिवारीक माया ममतापूर्ण वातावरणमा हुर्काइ बढाई, कर्मयोगी बनाउने सामाजिक कुरीति, कुसंस्कारलाई जरैदेखि उखालेर एउटा सभ्य, समुन्नत र समृद्ध विकशीत समाजको निर्माण गर्ने जस्तो पवित्र उद्देश्य लिएर बालबालिकाहरूलाई समाजमा स्थापना गर्ने काम यस श्री अरविन्द योग मन्दिरले गरेको छ ।

## ५.८ श्री अरविन्द योग मन्दिरका बालबालिकाहरूको दैनिक दिनचर्या

यस आश्रममा हाल १२५जना विद्यार्थी तथा ५० जना साधक साधिका तथा अन्य गेष्ट तथा बालबालिकाका आफन्तहरू गरेर करिव २०० जना जति बसोबास गर्दछन् । अध्ययन क्रममा आश्रमका सबै विद्यार्थीहरूलाई अध्ययनमा राखिएको छ । जसमा ६६ जना बालक (छात्र) तथा ५९ जना बालिका (छात्रा) रहेका छन् । यसरी आश्रित बालबालिकाहरूको दैनिक जीवन कस्तो छ । तिनीहरूले कसरी आफ्नो दिनचर्या बिताइरहेका छन् भन्ने प्रश्नको उत्तरको लागि आश्रमका बालबालिका साधक साधिका तथा उक्त आश्रमबाट संचालित श्री मातृ अरविन्द विद्यालयकी प्र.अ. दुर्गाकुमारी भण्डारीसंग पनि प्रश्नावली भराउने क्रममा अर्न्तवार्ता लिइएको थियो । वास्तवीक तथ्यको प्रमाणिकरणको लागि अनुसन्धानकर्ता स्वयंले स्थलगत अध्ययनको क्रममा

अवलोकन विधि अवलम्बन पनि गरिएको छ । यसरी आश्रित बालबालिकाहरू र साना देखि ठूला सबैले आफना सबै काममा बराबर समय दिनुका साथै पढाइमा पनि उत्तिकै समय दिने गर्दछन् । यसरी उनिहरूले आश्रम संचालनको दैनिक कार्यतालिका अनुसार भान्सा, गोठ, तरकारीबारी देखि लिएर आफ्नो अध्ययन कार्यमा पनि समान सहभागिता जनाउने गरेको अध्ययनले प्रष्ट पार्दछ ।

आश्रममा सबै जना (धेरै साना बालबालिका बाहेक) दैनिक ४ बजे उठ्ने गर्दछन् र आफ्नो नित्यकर्म सकेर कोहि गाईको दुध दुहुने गर्छन भने अरु ध्यानकक्षमा जम्मा भई दैनिक योग ध्यान, व्यायाम र भगवानको भक्ति तथा साधना गर्दछन् । त्यसपछि ७ बजे सबैजना डाइनिङ्ग हलमा नस्ता खाना जान्छन्  नास्तामा कहिले रोटी, कहिले गेडागुडी, दलिया, भुजा, चिउरा, दुध आदि खाने गर्छन् । र नास्ता खाइसकेपछि कोही दुध लिएर शहर जाने, कोहिले गाईलाई पानी दिने, भुषा हाल्ने, गोठ सफा गर्ने, कोहिले फूलबारी सफा गर्ने, समाधिमा पानी राख्ने, फूल मिलाउने गर्दछन् र दैनिक कार्यतालिका अनुसार कसैले भान्सामा खाना बनाउन सहयोग गर्ने गर्दछन् । यसरी सबैले आ आफ्नो जिम्माको काम करिव ६:३० देखि ७:३० बजेसम्म सकेर दैनिक ८-९ बजे सम्म नियमीत पढ्ने गर्दछन् र ९ बजे सबैजनाले खाना खाने गर्दछन् । त्यसपछि सबैजना स्कूल जाने तरखर गर्दछन् र १० बजे देखि ४ बजेसम्म स्कुलमा पढ्ने गर्दछन् । यसरी स्कूलमा करिव १०-१५ मिनेट लाइन कबर गर्दै दैनिक सरस्वती बन्दना गाउने तथा राष्ट्रिय गान गाउने, विभिन्न कसरत गर्दै आआफ्नो कक्षामा पढ्न जाने गर्दछन् । दिउँसो १:३० बजे सबै जनालाई खाना खाने जनाउ घण्टी आश्रमको साधिकाहरूबाट दिइन्छ र सबैजना खाना खान डाइनिङ्ग हलमा जम्मा हुने गर्दछन् दिउँसो खाजामा कहिले भुटेको मकै, चिउरा दुध, भुजा साग र दाल तथा कहिले दलिया फापरको रोटी, मौसम अनुसारको खाद्यान्नबाट निर्मित खानेकुरा खाने गर्छन् ।  र खाजा खाईसकेपछि फेरि स्कूलमा आआफ्नो अध्ययन गर्न जान्छन् । बेलुका ४ बजे छुट्टी भएको घण्टी स्कूलका शिक्षक शिक्षिकाहरूद्धारा नै (जो फुर्सदमा छन् उनिहरूले नै)बजाउने गर्दछन् र छुट्टी भएपछि आआफ्नो कोठामा लुगा फेरेर किताब कापी थन्काएर आआफ्नो ड्युटीको काममा लाग्छन् । यसरी कोहिले बाटो सफा गर्ने, तरकारीमा पानी लगाउने, गाईगोठ

सफा गर्ने, तरकारी साग काट्ने, केलाउने, रोटी बनाउने आदि काममा सघाउँछन् । यसरी बालबालिकाहरू सबैले दैनिक आआफ्नो जिम्माको कार्य गर्छन् र प्रत्येक दिन साँझ जाडोयाममा ६ बजे र गर्मीयाममा ७ बजे भित्रमा खाना खाई सक्दछन् यसरी बेलुकाको खानामा रोटी खानेलाई रोटी, ब्राउन भात, सेतो भात, साग, तरकारी, दुध १ गिलास र दाल आदि खान दिईन्छ त्यसपछि सवैजना आआफ्नो कोठामा गई दैनिक बेलुका २ घण्टा (८ देखि १० बजेसम्म) पढ्ने गर्छन भने अन्तमा सवैजना भेला भई १० देखि १५ मिनेट दैनिक भजन किर्तन गरी सुत्न जाने गर्दछन् र भोलिपल्ट बिहान ४ बजे उठेर आफ्नो दैनिक क्रियाकलाप शुरु गर्ने गर्दछन् ।

त्यस्तै विभिन्न उत्सव चाडपर्व आदि समयमा आश्रममा सेलरोटी पकाउने, जेरी, समोसा, हलुवा, खिर, तरकारी, अचार पुलाउ बनाउने र अतिथीहरूलाई प्रसाद बाँड्ने गर्दछन । यसरी बालबालिकाहरूले प्रत्येक शनिवार धार्मिक श्रृखलाहरू जस्तै : श्री कृष्ण, महाभारत, रामायण जस्ता टेलिश्रृखलाहरू हेर्ने तथा पत्रपत्रिका पढ्ने कहिलेकाहि जंगल घुम्न जाने विदाको दिन नुहाईधुवाई गर्ने, कपडा धुने साना बच्चालाई नुहाई दिने कोहि कोहि हस्तकला, पशिमना अगरवत्ति तथा सागसब्जी र आश्रमबाट उत्पादित खाद्य सामग्रीहरू लिएर शहरमा बेच्न जाने कुरा अनुसन्धानको क्रममा बालबालिकाहरूबाट थाहा भयो । तसर्थ आश्रममा उनिहरूले बिताएको जीवनशैली बारेमा सोधिएको प्रश्नको उत्तरमा उनिहरूले उत्तम लाग्छ भनि जवाफ दिएका छन् । त्यस्तै गरी आश्रममा बस्दा कस्तो अनुभव हुन्छ भनि सोधिएको प्रश्नको उत्तरमा अति रमाइलो लाग्ने बताएका छन् भने आश्रमको खानपान, बसोबासको व्यवस्थाबाट पूर्ण रूपमा सन्तुष्ट रहेको तथ्य पनि अनुसन्धानबाट प्रष्ट हुन्छ । यसका साथै आश्रमका बालबालिकाहरू, साधक साधिकाहरू तथा गुरु श्री रामचन्द्र दासबीचमा पनि ज्यादै नै सुमधुर सम्बन्ध भएको र हरेक व्यक्ति व्यक्ति बीचमा आपसी सहयोग र समन्वय भएको बुझिन्छ ।

### ५.९ श्री अरबिन्द योग मन्दिर/आश्रममा आश्रित बालबालिकाको शारीरिक अवस्था

अध्ययनको क्रममा यस आश्रममा आश्रित बालबालिकाहरूको शारीरिक अवस्था हेर्दा ज्यादै राम्रो देखिन्छ । आश्रममा आश्रित बालबालिका मध्ये कुनै पनि बालबालिकाहरू

शारीरिक रुपमा अशक्त रहेको पाइएन् । त्यस्तै गरी सम्पूर्ण बालबालिकाहरू शारीरिक रुपमा तन्दुरुस्त भएता पनि २/४ जना बालक तथा बालिकाहरू मानसिक रुपमा त्यति टाठो नभएको अथवा अलि लोसे, लरबराउने खालको पाइयो भने अन्य सबै एकदमै टाठो, चलाख तथा प्रखर प्रभावशाली रहेको पाइयो । यसरी आश्रममा आश्रित बालबालिकाहरू विरामी भएको बेला आश्रममा नै उपचार गर्ने नेचुरोपैथि क्लिनीक खोलिएको पाइयो । साथै बालबालिकाहरू सामान्य विरामी परेमा, घाउचोट लागेमा ज्वरो, रुघाखोकी लागेमा उपचारको लागि काठमाडौं र नवलपरासीको कोल्हुवामा १/१ जना स्वास्थ्यकर्मीको व्यवस्था गरिएको पाइयो । यसरी कोल्हुवामा स्वास्थ्यकर्मी सुनिता र काठमाडौंमा स्वास्थ्यकर्मी सिर्जना भुषालले उपचार गर्दै गरेको तथ्य अनुसन्धानको क्रममा बालबालिकाहरूले प्रश्नावलीमा भरेको पाइएको छ । यसका साथै बालबालिकाहरूमा कुनै ठूलो रोग लागेमा अस्पतालमा लैजाने तथा उपचारको लागि आवश्यक खर्च पनि आश्रमले नै बेहोर्ने गरेको कुरा उक्त आश्रमकी साधिका एवं स्वास्थ्यकर्मी सिर्जना भुषालले बताउनुभयो । त्यसैगरी आश्रममा ठूलो रोग लाग्नेमा मधुमेह, हाडजोर्नी दुख्ने, हर्नीया तथा आँखाको रोग हुने र जन्डिस तथा टाईफाईड भएका करिब ११ जना रहेको पाइयो भने अन्य विद्यार्थीहरू धेरै स्वस्थ भएको पाइयो ।

यसरी यस आश्रममा आश्रिम बालबालिकाहरूको शारीरिक अवस्था अति राम्रो स्वस्थ्य भएको पाइयो । यसो हुनुको कारणमा आश्रमको स्वच्छ खानपान, बसोबास, योग, ध्यान र साधनाले गर्दा हो भन्नु हुन्छ उक्त आश्रमका साधक प्रेम भुषाल ।

## ५.१० आश्रममा आश्रित बालबालिकाको आर्थिक अवस्था

आश्रममा आश्रित बालबालिकाहरू मध्ये केहि धेरै साना भएको हुँदा तिनीहरूले आफ्नो परिवारको आर्थिक अवस्थाबारेमा उल्लेख गर्न नसक्ने हुँदा आश्रमको रेकर्ड फाइल तथा बालबालिकाको दाजु, दिदिसंग सोधेर प्रश्नावली भरिएको छ । यसरी हेर्दा प्रायः सबै बालबालिकाको पारिवारीक आर्थिक अवस्था सामान्यस्तरको रहेको पाइयो भने कोहिकोहि बालबालिकाहरूले भने गरीबीको कारण नै आश्रममा आएको कुरा बताए भने प्रायजसो बालबालिकाहरूको आमाबुबा दुवै नहुनु, कसैको आमा नहुनु, कसैको बुबा नहुनु, कसैको सौतनी आमा ल्याउनु र कसैको घरपरिवार नै थाहा नहुनुले पनि

उनिहरूको आर्थिक अवस्था बारेमा राम्ररी जानकारी लिन सकिएन तर पनि बालबालिकाले उल्लेख गरेजति र आश्रममा भर्ना गर्दाको विवरणमा उल्लेख भए अनुसार प्रायः सबैको घरपरिवारमा कृषि पेशा गर्ने र कृषिलाई नै आम्दानीको स्रोत बनाएको पाइयो । जसले आर्थिक अवस्था सामान्य रहेको अनुमान गर्न सकिन्छ ।

यसरी आश्रममा आश्रित बालबालिकाको पारिवारिक आर्थिक अवस्था कमजोर रहेको हुँदा उनिहरूले उचित शिक्षा, खाना, स्वास्थ्य नपाएकै कारण आश्रममा आश्रय लिन आएको बुझिन्छ भने कुनै बालबालिकाको त आर्थिक अवस्था नै छैन भने कतिपयको आर्थिक अवस्था सबल नै रहेको पाईयो । यसरी बालबालिकाको समग्र आर्थिक अवस्थाको विश्लेषण गर्दा सामान्य रहेको पाईयो । यसै कुरालाई मध्यनजर राखदै आश्रममा आश्रित बालबालिकाहरू जसले भविष्यमा आफ्नो परिवारको जस्तो विडम्वना भोग्न नपरोस् भनेर उनिहरूको आर्थिक अवस्थालाई बलियो बनाउन व्यक्तिगत सीप र दक्षता हेरेर आश्रममा अगरवत्ति बनाउने, थान्का, पेन्टिङ्ग, चित्रकला, मूर्तिकला, नृत्य, गायन, सिलाईकटाई जस्ता प्रशिक्षण तथा तालिम दिने व्यवस्था गरिएको कुरा उक्त आश्रमकी साधिका नमि घिमिरेले बताउनु भयो । साथै यसरी आश्रमले बालबालिकाको भविष्य उज्वल बनाउन र आर्थिक रुपमा सक्षम र स्व निर्भर बनाउन विभिन्न तालिम दिएको पाइयो जसले गर्दा अहिले आर्थिक अवस्था कमजोर भएका बालबालिका पनि भविष्यमा सवल र सक्षम हुन ठूलो मद्धत गर्ने छ भन्ने कुरा अध्ययनबाट प्रष्ट हुन्छ ।

प्रस्तुत विषयमा अरविन्द योग मन्दिर/आश्रमबाट अध्ययन समाप्त गरेपछि वा अध्ययन राम्रोसँग गर्न नसकेकाहरूलाई अन्य सीप, विकाशको लागि वातावरण तयार गरिदिनुका साथै व्यापार तथा अन्य कार्य गर्न चाहेमा बालबालिकाहरूलाई आर्थिक स्रोत जुटाउने कार्य पनि आश्रमले गरेको छ ।

# अध्याय छ

## उपसंहार, मुख्य प्राप्ति र निष्कर्ष, समस्या तथा सुझावहरु

### ६.१ उपसंहार

बास्तवमा आजका साना बालकहरुनै भविष्यका कर्णधार हुन् । देशको भविष्य तिनीहरुकै काँधमा निहित हुन्छ । त्यसले नै देशको भविष्यको चित्रण गर्दछ । साँच्चै भन्ने हो भने भावी समाज स्वस्थ हुने वा विकृत हुने भन्ने कुराको निर्क्यौल पनि बालबालिकाको हातमा निर्भर गर्दछ । यस्तो यथार्थता हुँदाहुँदै पनि नेपाल एउटा गरिब र विकासोन्मुख देश भएका कारणले गर्दा अधिकांश बालबालिकाहरु आफ्नो जीविकोपार्जनका खातिर श्रम बेच्न बाध्य भएका छन् । आफ्नो तौल भन्दा बढि भारी बोक्नु, होटेलमा भाँडा माझ्नु, गलैंचा मजदुरको काम गर्नु, कृषि मजदुरको कार्य गर्नु वा बस, टेम्पु खलासी हुनु आदि विवसता नेपालका बालबालिकाहरुको रहेको पाइन्छ । यस्तो अवस्थामा अझ बाबुआमा बिहिन बालकहरुको जीवन के कस्तो हुन्छ स्वतः अनुमान गर्न सकिन्छ । अझ भन्ने हो भने आमाबाबु बिहिन बालबालिकाहरु यस्तो नाजुक स्थितिबाट गुज्रन जोगाउने मातापिता बिहिनलाई पालनपोषण गर्ने कुनै नाताकुटुम्ब नभएका अनाथ बालकहरुलाई पालन पोषण एवम् शिक्षा दीक्षा दिई एक सक्षम ब्यक्तिका रुपमा उभ्याउन यस श्री अरविन्द योग आश्रमले महत्वपुर्ण भूमिका खेलेको पाईन्छ । यो आश्रम नेपाल अधिराज्यका विभिन्न ठाउँमा विद्यमान अनाथ, असहाय तथा सामाजिक रुपले तिरस्कृत र परित्यक्त बालबालिकाहरुलाई आश्रय दिई उनिहरुको जीवन प्रकाशमय पार्ने एउटा साझा घर हो ।

प्रस्तुत अध्ययनमा आश्रमका १२५ जना बालबालिका रहेकोमा १२५ जना कै जातियता उमेर, जन्मस्थान, मातृभाषा, आश्रममा आएको उमेर , धर्म, पारिवारिक विवरण, भर्ना गराउने माध्यमको विवरण, स्वास्थ्य सम्बन्धि विवरण, पारिवारिक विछोडको विवरण, हालको उमेर, शैक्षिक विवरण, बालबालिकाको विगतको स्थिति, सामाजिक जीवनका तथ्यहरुको निर्क्योल निकालिएको छ । त्यस्तै शैक्षिक अवस्था, शारीरिक अवस्था तथा आर्थिक अवस्थाको पनि यथासक्य विवेचना गरिएको छ ।

यस आश्रममा अध्ययन गरिएका बालबालिकाहरुमा बाहुन, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, तामाङ्ग, लामा र वि.क. गरी विभिन्न जातका रहेका छन् । जसमध्ये सबैभन्दा बढि ब्राह्मण ७७ जना (६१.६% ) छन् भने त्यसपछी क्रमशः दोश्रोमा क्षेत्री २८ जना (२२.४%), थारु ६ जना (४.८ % ), लामा र नेवार ४/४ जना (३.२% ) र वि.क. ३ जना (२.४%) रहेका छन् । सबैभन्दा कम गुरुङ्ग, मगर र तामाङ्ग १/१ जना(०.८% )रहेका छन् ।

यसप्रकार धार्मिक आधारमा हेर्दा धेरैजसो बालबालिकाहरु हिन्दु धर्म मान्ने पाईयो । हिन्दु धर्म मान्ने ११७ जना (९३.६%) जना रहेका छन् भने बौद्ध धर्म मान्ने जम्मा ८ जना (६.४%) रहेका छन् ।

त्यस्तैगरी कक्षागत आधारमा बालबालिकाको शैक्षिक विवरण हेर्दा सबभन्दा बढि नर्सरी देखि ५ कक्षासम्म पढ्ने ७० जना (५६%) रहेका छन् भने ६ देखि ८ सम्म पढ्ने २२ जना (१७.६%), ९-१० मा पढ्ने ९ जना (७.२%), ११-१२ सम्म पढ्ने १४ जना (११.२% ), स्नातक तह पहिलो र तेश्रो बर्षमा पढ्ने ८ जना (६.४%) तथा स्नातकोत्तर पढ्ने विद्यार्थी सबैभन्दा कम २ जना (१.६%) रहेका छन् ।

एवं रितले आश्रममा आश्रित बालबालिकाको हालको उमेर सम्बन्धमा गरिएको अध्ययनमा सबैभन्दा धेरै १३-१७ वर्ष उमेर समुहका ५७ जना (४५.६%) रहेका छन् भने ८-१२ उमेर समुहमा ४२ जना (३३.६%), १८-२२ वर्षका १२ जना (९.६%) तथा ३-७ र २३-२६ वर्षका ७/७ (५.६%) जना रहेका छन् ।

त्यस्तैगरी मातृभाषाको विवरणमा नेपाली मातृभाषा हुने सबैभन्दा धेरै ११६ जना (९२.८%) रहेका छन् भने तामाङ्ग मातृभाषा बोल्ने ६ जना (४.८%), तथा नेवारी, शेर्पा, गुरुङ्ग भाषा बोल्ने १/१ जना (०.८%) रहेका छन् ।

त्यस्तै आश्रममा भर्ना गरिएको उमेर सम्बन्धमा ०-१ बर्षका २ जना (१.६%) तथा २-५ वर्षका १४ जना (११.२%) रहेका छन् भने सबैभन्दा बढि ६-१० वर्षका ६१ जना (

४८.८%) रहेका छन् । त्यस्तै दोश्रोमा ११-१५ वर्षका ४१ जना (३२.८% ) र १६-२० वर्षका ७ जना (५.६%) रहेका छन् । एवं रितले पारिवारिक विवरणमा भने आमा बाबु, दाजुभाई , दिदीबहिनी र सौतेनी आमा हुने ८ जना (६.४%) , आमा मात्र भएका ५ जना (४%), बुवा मात्र भएका ४ जना (३.२%) तथा आमाबाबु दुबै नभएका ३ जना (२.४%) रहेका छन् भने सबैभन्दा बढि आमा बाबु, दाजुभाई , दिदीबहिनी भएका ८७ जना (६९.६%) र आमा बाबु र दिदीबहिनी मात्र भएको तथा आमा बाबु र दाजुभाई मात्र भएका ९/९ जना (७.२%) रहेका छन् ।

त्यस्तै आश्रममा आश्रित बालबालिकाको पारिवारिक बिछोडको कारणमा विभिन्न सामाजिक कारण मुख्य रहेका छन् । तसर्थ सोमाथि विचार गर्दा आमाबाबु दुवैको मृत्यु हुने २ जना(१.६%) रहेका छन् भने वुवाको मृत्यु हुने ६ जना (४.८%), गरिवीको कारण हुने २२ जना (१७.६%), वुवाले सौतेनी आमा ल्याउने ७ जना (५.६%) र आफ्नो ईच्छाले पढ्न र आध्यात्मिक ज्ञान सिक्न आउने ८८ जना (७०.४%) रहेका छन् ।

त्यस्तैगरी आश्रममा आश्रित बालबालिकाले अध्ययन गर्ने विद्यालयहरुमा श्री अरविन्द मातृ विद्यालयमा पढ्ने ९२ जना (७३.६%), ईन्टेन्सिभ ईन्टरनेशनल एकेडेमिमा पढ्ने १० जना (८%) रहेका छन् साथै पद्मकन्या क्याम्पस र मंगलोदय बहुमुखी क्याम्पसमा पढ्ने २/२ जना (१.६%), गौरीशंकर कलेजमा पढ्ने ३ जना (२.४%) तथा अन्य क्याम्पसहरुमा पढ्ने १/१ जना (०.८%) रहेका छन् ।

त्यस्तै बालबालिकाको जन्मस्थानको आधारमा हेर्दा सबैभन्दा बढि गुल्मी जिल्लाका ५४ जना (४३.६%), त्यसपछि दोस्रोमा नवलपरासीका १५ जना (१२%) र तेश्रोमा बाग्लुङ्गका १० जना (४%) रहेका छन् । अन्य जिल्लाहरुमा हुम्ला र रुपन्देहिका ५/५ जना (४%) , काठमाण्डौका ४ जना (३.२%), सुर्खेत र कालिकोटका ३/३ जना (२.४%) रहेका छन् । नुवाकोट, धादिङ्ग, बारा, अर्घाखाँची, मुगु र दाङ्गका क्रमशः २/२ जना (१.६%) तथा सिन्धुपाल्चोक, सिन्धुली, सर्लाही दोलखा र उदयपुर, जुम्ला, कास्की तथा कैलाली तथा कञ्चनपुरका क्रमशः १/१ जना (०.८%) रहेका छन् ।

त्यसैगरी यस आश्रममा बालबालिकाहरुलाई भर्ना गराउने माध्यमहरु विभिन्न रहेका छन् । जसअनुसार परिवारका आफ्नै सदस्य मार्फत आउने सवैभन्दा धेरै ८२ जना (६५.६%) रहेका छन् भने दोस्रोमा आफन्त मार्फत आउने ४० जना (३२%)रहेका छन् । त्यस्तै प्रहरी मार्फत आउने १ जना (०.८%) गा.वि.स. को सिफारिसमा आउने २ जना (१.६%) रहेका छन् । एवं रितले आश्रममा बस्दाको अनुभव सम्बन्धि प्रश्नको उत्तरमा ११ जनाले रमाईलो लाग्ने जनाए भने ११४ जनाले अति रमाईलो लाग्ने बताए । स्वास्थ्य सम्बन्धि सवालमा ११जनाले ठूलो रोग लागेको बताए भने सामान्य रुघाखोकी ज्वरो आउने १२ जना (९.६%) रहेको पाईयो र बाँकी सवैको स्वास्थ्थ स्वस्थ तन्दुरुस्त रहेको पाईएको छ ।

त्यस्तै नातेदारसंगको सम्बन्धको विवरणमा आफन्तहरु भेट्न आउँछन् कि आउदैनन् भनि प्रश्न गर्दा १२० जना (९६%) ले भेट्न आउने बताए भने बाँकी ५ जना (४%)ले भेट्न नआउने बताए । एवं प्रकारले बालबालिकाहरुलाई भविष्य प्रतिको धारणा माथि प्रश्न गर्दा विभिन्न किसिमका उत्तरहरु आए । ती मध्ये समाजसेवी बन्ने सवैभन्दा बढि ३४ जना (२७.२%), डाक्टर बन्ने २८ जना (२२.४%), ईन्जिनियर बन्ने २५ जना (२०%) रहेको पाईयो । त्यस्तै खेलाडी बन्ने १/१ जना (०.८%), ६ (४.८%) जना डान्सर, ३/३ (२.४%) जना नेता र पाईलट बन्ने तथा कलाकार र शिक्षक बन्ने २ (१.६%) जना र बाँकी अरु साहित्यकार, दार्शनिक, कानुनविद्, वैज्ञानिक, मेकानिक्स र व्यापारी बन्ने क्रमशः १/१(०.८%) जना रहेका छन् ।

त्यस्तै आश्रममा आउनुपुर्व अध्ययन गरेको थियो कि थिएन भनि गरिएको प्रश्नमा १०८ जना (८६.४%) ले पढेको थियो भनि बताए भने बाँकी अरुले नपढेको बताए । त्यसपछि आश्रमको खानपान, बसोबास व्यवस्थाप्रति तथा जीवनशैलीको धारणा प्रति १२५ जना (१००%) ले नै पूर्ण रुपमा सन्तुष्ट र उत्तम रहेको बताए । त्यसैगरी यस आश्रमका बालबालिकाहरुको पारिवारिक पेशा प्रतिको सवालमा कृषि पेशा हुने ९४ जना (७५.२%), व्यापार हुने २२ जना (१७.६%) तथा अन्य पेशा गर्ने ९ जना (७.२%) रहेको पाईयो । त्यसैगरी कृषि बाहेक परिवारको आम्दानीका स्रोत के के छन् भनि प्रश्न गर्दा रेमिटेन्स आउने १८ जना (१४.४%), जागिर गर्ने ११ जना (८.८%) ड्राईभिङ्ग गर्ने ३

जना (२.४%) र पशुपालन तथा टेलरिङ्ग गर्ने १/१ जना (०.८%) तथा फर्निचरको काम गर्ने २ जना (१.६%) रहेका छन् भने कृषि पेशाबाट आम्दानी गर्ने ७८ जना (६२.४%) रहेका छन् ।

एवं रितले पढाईको समयावधिको बारेमा बुझ्दा प्रतिदिन १-३ घण्टा पढ्ने ७१ जना ( ५६.८%), ४-६ घण्टा पढ्ने ४६ जना (३६.८%) रहेछन् । यसरी नै दैनिक ७-९ घण्टा पढ्ने ८ जना (६.४%) रहेछन् । भने यस आश्रममा आश्रित बालबालिकाहरुको शारिरीक अवस्थालाई हेर्दा सामान्य रहेको पाईयो भने अध्ययनको लागि विदेश जाने छात्रको संख्या जर्मनीमा १ जना रहेको पाईयो । त्यस्तैगरी १ जना छात्रा योग सिकाउन अमेरिकामा विगत ६ वर्षदेखि बस्दै आउनु भएको तथ्य अनुसन्धानबाट प्रष्ट हुन्छ । एवं रितले यस आश्रमबाट पढेर निस्कीसकेका बालबालिकाहरु ४०० को हाराहारीमा रहेको कुरा विद्यालयका तत्कालिन प्र.अ.ले बताउनु भयो भने त्यहाँबाट पढ्ेर निस्केका विद्यार्थीहरु को कहाँ कार्यरत छन् भन्ने तथ्याङ्क आश्रममा नभएको भए पनि केहि पूर्व विद्यार्थीहरु भने शिक्षकशिक्षिकाको रुपमा कार्यरत रहेको पाईएको छ । अध्ययनको क्रममा आश्रममा आश्रित बालबालिकाहरुको दिनचर्याको पनि विवेचनात्मक रुपमा अध्ययन गरिएको छ,जसअनुसार बालबालिकाले आफ्नो बढिभन्दा वढि समय पढाईमा नै लगाउने र बाँकी समय आश्रममा सञ्चालित क्रियाकलापमा विताउने गरेको पाईयो । र आश्रमा सवै जना मिलीजुली बस्ने गर्छन् । आश्रममा गुरुदेबको आज्ञा कसैले नकाटी पालना गर्दछन् । त्यस्तै आश्रमको खानपान, बसोबास, शिक्षा, स्वास्थ्य सम्बन्धि विवेचनात्मक अध्ययन गर्ने कममा आश्रमवासीहरुको बीचमा पनि आपसी सहयोग र समन्वय रहेको पाईयो ।

यसैगरी अनुसन्धानको क्रममा आश्रमले बालबालिकाहरुको हरेक क्रियाकलाप प्रति अत्यन्तै चासो राखेको र उनीहरुको क्षमता अनुसार विभिन्न सीप सिकाउने र सवैलाई उपयुक्त वातावरणको सृजना गरिदिने तथा औपचारिक शिक्षामा मात्र जोड नदिएर बालबालिकाको रुचि र चासोको विषय प्रति विषेश ध्यान राख्दै विभिन्न कलात्मक ज्ञान दिने , खेलाडी, नर्तकी बन्ने, चिकित्सक बन्ने ईच्छा अनुसारको व्यवस्था पनि गरिदिने गरेको अनुसन्धानबाट प्रष्ट हुन्छ यसका साथै स्वच्छ ताजा र पौष्टिक युक्त खानाको व्यवस्था, लत्ताकपडा, औषधीउपचार, मनोरन्जन, सामाजिक साँस्कृतिक चाडपर्व तथा आर्थिक व्यवस्था पनि गरिएको छ । यसरी आश्रमले बालबालिकाहरुलाई एउटा आमा

बुबाले गर्नुपर्ने कर्तब्य सरह नै सबै सुविधा उपलब्ध गराएको छ । अझ भनौ परिवारबाट प्राप्त गर्न नसक्ने सुबिधा पनि यस आश्रमले दिदै आएको छ । यसरी प्रस्तुत अध्ययनबाट श्री अरबिन्द योग मन्दिर/आश्रमले बालबालिकाहरुलाई के कस्तो सेवा सुविधा पुऱ्याएको छ भन्ने कुराको बारेमा प्रष्ट थाहा हुन्छ । साथसाथै आश्रमले बाल मष्तिष्कमा सानै देखि कर्मयोगको पाठ सिकाएर प्रत्येक व्यक्तिलाई पूर्नजागृत गराउँदै र त्यसबाट समस्त ब्यक्ति, परिवार, समुदाय र राष्ट्रलाई नै विकशीत गर्ने ठूलो ध्येय बोकेको कुरा पनि अध्ययनबाट प्रष्ट थाहा हुन्छ ।

## ६.२ मुख्य प्राप्ति र निष्कर्ष

मेरो अध्ययनको उद्देश्य अनुसार आश्रममा आश्रित बालबालिकाहरुको सामाजिक, आर्थिक, पारिवारिक जिवन पद्धतिको बारेमा पूर्ण जानकारी लिई अध्ययन गरिएको छ । जसका मुख्य प्राप्तिहरु यसप्रकार छन् :

क) अध्ययनको उद्देश्य अनुसार बालबालिकाको सामाजिक अवस्था सामान्य रहेको पाईयो ।

ख) अध्ययनको उद्देश्य अनुसार आश्रममा आश्रित बालबालिकाहरुको आर्थिक अवस्था मध्यमस्तरको रहेको पाईयो ।

ग) साँस्कृतिक पृष्ठभुमि नेपाली चालचलन र रितिरिवाज अनुसार मनाउने गरेको पाईयो ।

घ) भाषिक विवरण हेर्दा अमश्रममा बस्ने बालबालिकाहरु सबैले नेपाली नै बोल्ने भएता पनि उनिहरुको पारिवारिक पृष्ठभुमिमा भिन्दाभिन्दै मातृभाषा बोल्ने गरेको पाईयो ।

ङ) बालबालिकाहरुको शैक्षिक अवस्था निकै राम्रो अथवा सबै शिक्षित रहेको पाईयो । हिन्दु धर्म मान्नेहरुमा ब्राह्मण र गैरब्राह्मण गरेर हिन्दु धर्म मान्नेहरुको बाहुल्यता रहेको पाईयो ।

च) जातीय अवस्थाको विश्लेषण गर्दा ब्राह्मण र क्षेत्री हरुको संख्या अधिक रहेको पाईयो ।

छ) लैङ्गिक आधारमा ५९ जना बालिका तथा ६६ जना बालक रहेको पाईयो ।

ज) बालबालिकाहरुको लागि आश्रमले विभिन्न सेवा तथा सुविधा प्रदान गरेको पाईयो । जस्तो-खेलकुद, नृत्य, शास्त्रीय संगीतका साथै कक्षा ८ सम्म आश्रममा नै पढ्ने

व्यवस्था गरिएको र सो भन्दा माथिको अध्ययनको लागि विभिन्न विद्यालय तथा कलेजमा गरिएको पाईयो ।

झ) आश्रम भित्र रहको स्वनिर्भर उत्पादन प्रणालीलाई प्रभावकारी बनाउनको लागी श्रम विभाजन गरी कार्य सञ्चालन गरेको पाईयो जसले गर्दा आश्रमको आन्तरीक उत्पादन क्षमतामाबृद्धि भएको पाईयो । साथै आश्रमका बालबालिकाहरुको बिचमा आपसी मेलमिलाप, समझदारी तथा समन्वय भएको पाईयो ।

## ६.३ समस्याहरु

यस श्री अरविन्द योग आश्रमले अध्ययन क्रममा खासै समस्याहरु नदेखाए पनि अध्ययनको कममा अनुसन्धानकर्ताले त्यहाँ आश्रित बालबालिकाहरुका केहि समस्याहरु रहेका जुनकुरा बालबालिकाहरुले बताउन नचाहेको पाईयो । जस्तै :

क) कुनै कुनै समयमा आश्रमका शिक्षक-शिक्षिकाहरुले बालबालिकालाई नपढेको भन्दै सजाय दिने गर्छन् । जुन कुरा बालबालिकाले सहन नसकेर रुने गरेको अध्ययन क्रममा देखियो ।

ख) गाउँलेहरुले आश्रमले आफ्नै जग्गामा खनेको बोरिङ्गको पानी बेच्न नदिने र वरपर हल्ला भयो भनेको पाईयो ।

ग) केही बालबालिकामा सामाजिक चेतनाको कमि हुने हुनाले धेरै सिकाउँदा, पढाउँदा पनि नसिकेको वा परम्परागत विचारमा परिवर्तन नआएको ।

घ) कुनै कुनै समयमा आश्रमकै विद्यार्थीहरु बीचमा सु-सम्बन्ध कायम हुन नसकेको, अर्थात एउटाले भनेको अरुलाई मन नपर्ने तथा होच्याएर बोल्ने गर्नाले आपसी समन्वय हुन नसकेको ।

ङ) बालबालिकाहरुले आफ्नो ड्युटीको काम गर्दा गर्दै पनि प्रोत्साहनमा कमि भएको पाईयो ।

च) साना-साना भाईबहिनीहरुको कपडा सफा गरिदिने छुट्टै व्यक्ति नहुँदा मैला लुगा नै लगाएर हिडेको पाईयो ।

छ) जाडो समयमा बिहान उठेर दुध लिएर जान गाह्रो लाग्ने गरेको कोहि-कोहि बालबालिकाहरुले अध्ययन क्रममा बताए ।

ज) कतिपय अवस्थामा आश्रमवासीहरुले बालबालिकाहरुलाई भेदभावपूर्ण व्यबहार गर्ने गरेको पाईयो ।

झ) साना-साना बालबालिकाहरुले आँफुले खाएको भाँडा माझ्दा धारा पुग्न नसकेको पाईयो ।

माथि उल्लेखित समस्याहरु पनि कहिलेकाँहि आवेशमा आउँदा तथा भनेको नमान्दा अनुशासनमा राख्नको लागि सजाय दिने गरेको कुरा उक्त विद्यालयकी प्र.अ. ले बताएता पनि अन्य भौतिक सुविधाहरुको हदमा त्यस्तो किसीमको कुनै पनि समस्याहरु नरहेको अनुसन्धानको क्रममा पाईयो अर्थात अन्य भौतिक सुविधाहरुको हदमा सवै आश्रमवासीहरुलाई समान व्यवहार गर्ने गरेको पाईयो ।

## ६.४ सुझावहरु

आश्रममा आश्रीत बालबालिकाहरुको सम्बन्धमा माथि उल्लीखित समस्याहरु खासै ठुला समस्याहरु होईनन्, तापनि बालबालिकाहरुका यी समस्याहरु समाधानको लागि आश्रम प्रशासनले यसतर्फ ध्यान दिएमा पुरा हुन सक्छ त्यसका साथ साथै आश्रमले बालबालिकाहरुका उक्त समस्याहरु समाधान गर्न निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ :

१) शिक्षक-शिक्षिकाहरुले नपढेको भन्दै सजाए दिनुको सट्टा १/२ पटक चेतावनी दिने र नमानेमा मात्रै सजाए दिने गर्नुपर्ने ।

२) जुनसुकै अवस्थामा पनि सबै बालबालिकाहरुप्रति समान व्यबहार गर्नुपर्ने ।

३) साना-साना बालबालिकाको लुगा धुनको लागि र भाँडा माझ्नको लागि १ जना साधक/साधिकाको व्यबस्था गर्नुपर्ने ।

४) जाडो समयमा दुध बेच्न जानको लागि दैनिक रुपमा १/१जनालाई पालो दिनुपर्ने ।

५) आश्रम वरपरका गाउँलेहरु सँग समझदारी गर्ने र गाउँलेहरु पनि यस्तो महान समाजसेवाको कार्यमा कुनै रोकछेक गर्न नहुने ।

यसरी अध्ययनको निष्कर्षमा के भन्न सकिन्छ भने अरविन्द आश्रम नाफारहित, सेवामूलक विशुद्ध सामाजिक संस्था हो । जसले बालबालिकाहरूलाई निःशुल्क भोजन, आवास, लत्ताकपडा तथा शिक्षाको सुविधा दिएर निरन्तर साधनाको माध्यमबाट समाज परिवर्तनको आयाम बोक्दै योग, ध्यान र साधनालाई नै जिवनको प्रमुख अंग मानेको छ । यस्तो सामाजीक सेवाको कार्यमा अन्य संघसंस्था, व्यक्ति तथा नेपाल सरकारले पनि समुचित ध्यान दिन सकेको खण्डमा अनाथ, टुहुरा बालबालिकाहरुको समग्र कल्याण हुने देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची

पन्जियार, गणेश, २०४७, नेपाली बालबालिका सम्बन्धि विश्लेषणात्मक अध्ययन, विद्या प्रिन्टिङ्ग छापाखाना, ॐ बहाल काठमाण्डौ ।

जोशी 'अमिर',चन्द्रमणि, २०६०, टुहुरा बालबालिका सम्बन्धि अध्ययन, प्लान नेपाल, सेभ द चिल्ड्रेनयू.के./नर्बे, लुम्बिनी अफसेट प्रेस डिल्लीबजार, काठमाण्डौ ।

डा.मिश्र एवं डा.सिन्हा, वि.के.र राज राजेश्वरी प्रसाद, द्धितिय संस्करण सन् १९८७ र पूनः मुद्रण १९९२, असामान्य मनोविज्ञान भारती भवन, ठाकुरवाणी रोड कदमकुआँ पटना वि.वि. प्रिर्न्टस पटना

मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण, सन् १९९७-२००२ पिरियोडिक नेशनल रिपोर्ट, नेपाल

सिबिन नेपाल, २०६१, बालसरोकार पूर्णाङ्क- ५०, बैशाख-असार, सेभ द चिल्ड्रेन नर्बे, इन्द्रेणी अफसेट प्रेस बागबजार, काठमाण्डौ ।

सिबिन नेपाल, २०६४, बालसरोकार पूर्णाङ्क-५६, श्रावण-असोज, प्लान नेपाल, इन्द्रेणी अफसेट प्रेस बागबजार, काठमाण्डौ ।

सिबिन नेपाल, नेपालमा बालअधिकारको स्थिती, सन् २००३, सेभ द चिल्ड्रेन नर्बे, इन्द्रेणी अफसेट प्रेस बागबजार, काठमाण्डौ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, सन् १९९२, रिर्पोट १९९०-१९९३, प्लान नेपाल, इन्द्रेणी अफसेट प्रेस बागबजार, काठमाण्डौ ।

इन्सेक, २०५४ साउन, बालअधिकार र कानुन, प्लान नेपाल, इन्द्रेणी अफसेट प्रेस बागबजार, काठमाण्डौ ।

सिबिन नेपाल, २०६२ बालसरोकार पूर्णाङ्क ५४,श्रावण-असोज, प्लान नेपाल, इन्द्रेणी अफसेट प्रेस अनामनगर

खनाल, कुसुम, २०५४, नक्साल स्थित अनाथ आश्रमको अध्ययन

प्रधान, गौरी, २०६२, धर्म र बालबालिका, FORUT, इन्द्रेणी अफसेट प्रेस

अनामनगर, काठमाण्डौ ।

केन्द्रिय तथ्यांक विभाग, २००१

भुषाल, चन्द्रमणि, २०६५, श्री अरविन्द योग मन्दिर एक परिचय, स्वर्गद्धारी अफसेट प्रेस, मिनभवन, काठमाण्डौं ।

मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण, श्री ५ को सरकार, आ.व.२०६१/६२-२०७१/७२

माईती नेपाल
http://www.maitinepal.org/?page=education_support_teresa_academy__http://www.maitinepal.org/?page=child_protection_kathmandu

एस. ओ. एस.बालग्राम
http://www.sosnepal.org.np/OMV.HTM

नेपाल बाल संगठन
http://www.nconepal.org/front/aboutus.php

परोपकार अनाथ आश्रम

सिविन नेपाल
http://www.cwin.org.np/index.php?option=com_content&view=article&id=32%3Asituation-of-children-in-nepal-2008&catid=11%3Afact-sheets&Itemid=25&lang=en

चिल्ड्रेन नेपाल
http://www.children-nepal.net.np/page.php?id=11

नेपालमा बाल श्रमिकहरुको स्वरुप, २००९

# परिशिष्ठ-१

## बालबालिकाहरु संग सोधिएका प्रश्नहरु

१. नाम थर ..........................................................................................

२. लिङ्गः ☐ महिला ☐ पुरुष

३.जन्ममितिः .........................................................................................

४.वैवाहिक अवस्थाः ☐ विवाहित ☐ अविवाहित ☐ विधवा ☐ विदुर ☐ अलग्गिएको

५.उमेरः हालको उमेर ............., आश्रम आउँदाको उमेर ..............

६. ठेगानाः जिल्ला.................,गा.वि.स./नगरपालिका..............,वडानं.......

७. धर्मः ☐ हिन्दु ☐ बौद्ध ☐ मुस्लिम ☐ क्रिश्चियन

८. मातृभाषाः ..........................................................................

९. जात :.........................................................................

१०. आश्रममा कस्को माध्यमबाट आउनुभएको हो ?

☐ परिवारको आफ्नै सदस्य ☐ आफन्त ☐ प्रहरी ☐ गा.वि.स.
☐ नगरपालिका ☐ वडा

११. आश्रम आउनुअगाडि पढ्नुभएको थियो कि थिएन ? थियो भने कति ? ...........

१२. अहिले कति कक्षा/तहमा पढ्नुहुन्छ ?......................................

१३. कुन विद्यालय / क्याम्पसमा पढ्नुहुन्छ ?....................................

१४. दिनमा कति घण्टा पढ्नुहुन्छ ?................................................

१५. तपाईलाई अहिलेसम्म कुनै रोग लागेको छ कि छैन ? ........................

१६. बिरामी पर्दा उपचार गर्न कहाँ जानु हुन्छ ?

☐ अस्पताल ☐ स्वास्थ्य चौकी ☐ क्लिनिक ☐ आश्रममानै उपचार गर्ने

१७.तपाईलाई बिरामी पर्दा कस्ले हेरचाह गर्छ ?...................................

१८.परिवारबाट भेट्न आउँछन् कि आउँदैनन् ?......................................

१९.तपाईको भविष्यमा के बन्ने ईच्छा छ ? ☐डाक्टर ☐ ईन्जिनियर ☐ नेता
☐ समाजसेवी

२०.आश्रमको रेखदेख वा हेरचाह कस्ले गर्दछ ?.....................................

२१.आश्रममा के-के खानेकुरा खान दिईन्छ ?.......................................

२२.कति बजे खान दिईन्छ ?

बिहान......................... दिउँसो..........................बेलुका...................

२३. बिहान के खान दिईन्छ ?.........................................................

२४. दिउँसो खाजा के खान दिईन्छ ?................................................

२५.बेलुका के खान दिईन्छ ?..............................................................

२६.के के काम गर्नुपर्छ ? .........................................................

२७.लगाउने कपडा के के दिईन्छ ?

केटालाई.............................................................................

केटीलाई.....................................................................................

साधक साधिकाहरुलाई.........................................................................

२८.वर्षमा कति जोर कपडा दिईन्छ ?.................................................

२९.बालबालिकाहरु (छात्रछात्राहरु)लाई बस्नको लागि कस्तो ब्यवस्था गरिएको छ ?....

३०.आश्रमलाई कुनै संघसंस्था वा व्यक्तिको आर्थिक सहयोग वा अनुदान प्राप्त भएको छ कि छैन?..............................................................................

३१.आश्रमले कसरी आर्थिक भार (खर्च) धान्ने गर्छ ?...................................

३२.आश्रमका आम्दानीका श्रोतहरु के के छन् ?....................................

३३.आश्रममा कार्यरत साधक साधिकाहरु कति छन् ?...................................

३४.आश्रम कति क्षेत्रफलमा फैलिएको छ ?...........................................

३५ आश्रममा कतिवटा भवनहरु छन् ?....................................................

३६.विद्यालयमा कति कक्षा सम्म पढाई हुने गर्छ ?.....................................

३७.विद्यालयमा शिक्षक शिक्षिकाहरु कति छन् ?.........................................

३८.विद्यालयमा विद्यार्थी कति छन् ? ..................................................

३९ तपाईको पढाईमा लाग्ने खर्च कस्ले बेहोर्छ ? ☐आश्रमले ☐घरपरिवारले

☐ अन्य संघसंस्थाले

४०.उच्च शिक्षाको लागि के कस्तो व्यवस्था गरिएको छ ?..........................

४१.मनोरञ्जनको लागि यहाँ के कस्तो व्यवस्था गरिएको छ ?.........................

४२.यहाँ हुने साँस्कृतिक कार्यक्रमहरु के-के हुन् ?.......................................

४३.तपाईंले कुन-कुन साँस्कृतिक कार्यक्रममा भाग लिनुहुन्छ ?......................

४४.तँपाई आश्रमको खानपान, बसोबासको व्यबस्था बाट कत्तिको सन्तुष्ट हुनुहुन्छ?

☐ पूर्णरुपमा सन्तुष्ट छु ☐ असन्तुष्ट छु ☐ ठीकै सन्तुष्ट छु

४५.तँपाईलाई यहाँ बस्दा कस्तो अनुभव हुन्छ ?

☐ रमाईलो ☐ अति रमाईलो ☐ ठिकै ☐ नरमाईलो

४६.तँपाईलाई यहाँको जिवनशैली वा पद्धति कस्तो लाग्छ ?

☐ उत्तम ☐ बेकार ☐ झन्झट

४७.आश्रमबाट प्राप्त भौतिक सुविधाहरु प्रर्याप्त छन् या छैनन् ? छैनन् भने के गर्नुपर्ला ?..

४८.आश्रमका समस्याहरु के के छन् ?................................................

४९.आश्रमका समस्याहरु समाधान गर्न कसले के गर्नुपर्ला ?...................

५०.तपाईको परिवारमा को-को सदस्यहरु हुनुहुन्छ ?

☐ आमा बुबा ☐ दाजु भाई ☐ दिदि बहिनी ☐ सौतेनी आमा ☐ अन्य

५१.परिवारको पेशा केहि छ कि छैन ? छ भने के छ ? ☐ कृषि ☐ व्यापार

☐ अन्य

५२. परिवारमा अन्य आम्दानीका स्रोतहरु के के छन् ?

५३. तपाई यहाँ आउनुको वा पारिवारिक बिछोडको कारण के हो ?

☐ आमा बुबादुबैको मृत्यु भएर ☐ बुवाको मृत्यु भएर ☐ आमाको मृत्यु भएर

☐ आमा पोईल गएर ☐ सौतेनी आमा ल्याएर ☐ गरिब भएर ☐ अन्य .......

५४. परिवारका कुनै सदस्यहरु राजनितिक दल संग सम्बन्धित हुनुहुन्छ कि हुनहुदैन् ?

५५. कुन राजनितिक दल/पार्टीसंग आबद्ध हुनुहुन्छ ? ...............

५६. राजनितिमा कहिले देखि लाग्नु भएको हो ? ...............

५७. पार्टी भित्र उहाँले के काम गर्नु हुन्छ ? ...............

# परिशिष्ठ-२

## साधकसाधिकाहरु संग सोधिएका प्रश्नहरु

१. नाम थर ..........................................................................

२. लिङ्ग :☐ महिला ☐ पुरुष

३.उमेरः..........................................................................................

४. पदः ............................................................................................

५. वैवाहिक अवस्थाः ☐ विवाहित ☐ अविवाहित ☐ विधवा ☐ विदुर ☐अलग्गिएको

५.ठेगानाः जिल्ला ....................,गा.वि.स./नगरपालिका............,वडा नं........

६.यस आश्रममा कहिले देखि कार्यरत हुनुहुन्छ ?

७.यहाँ तपाईले के काम गर्नु हुन्छ ?

८.यस आश्रममा तपाई के उद्देश्यबाट प्रेरित भएर कार्य गर्न आउनु भएको हो ?

☐तलब लिने ☐स्वयंम सेवक ☐अन्य.......................................

९.यहाँ कार्यरत साधकसाधिकाहरुको लागि आश्रमले आवास, भोजन तथा कपडाको व्यवस्था गरेको ठडछ कि छैन् ? ......................................................

१०. आश्रमको स्थापना कहिले भएको हो ? र यसका संस्थापक को हुनुहुन्छ ? ...

११.आश्रममा विषेश कसको सिफारिसमा बालबालिकाहरु ल्याईन्छन् ? ☐परिवारको आफ्नै सदस्य ☐आफन्त ☐ प्रहरी ☐गा.वि.स.☐ नगरपालिका ☐ वडा

१२.आश्रममा विषेश कस्तो स्थितिका बालबालिकाहरुलाई आश्रय दिईन्छ ?

☐ अनाथ ☐गरीब ☐ टुहुरा ☐ विपन्न वर्गका ☐ अन्य ..................

१३.यहाँ आएका बालबालिकाहरुको सामाजिक कस्तो रहेको पाईएको छ ?

१४.यहाँ आएका बालबालिकाहरुको आर्थिक अवस्था कस्तो रहेको पाईएको छ ?

१५.यहाँ आएका बालबालिकाहरुको शैक्षिक अवस्था कस्तो रहेको पाईएको छ ?

१६.यहाँ आएका बालबालिकाहरुको पारिवारिक अवस्था कस्तो रहेको पाईएको छ ?

१७..आश्रमको हालसम्मको रेकर्ड अनुसार बालबालिकाको पारिवारिक बिछोडका कारणहरु के के हुन सक्दछन् ?

☐आमा बुबादुबैको मृत्यु भएर ☐बुवाको मृत्यु भएर ☐आमाको मृत्यु भएर
☐आमा पोईल गएर ☐ सौतेनी आमा ल्याएर ☐ गरिब भएर ☐अन्य.........

१८.अभिभावक भएका बालबालिकाहरुलाई आश्रममा आश्रय दिईन्छ, कि दिईदैन् ? ....

१९ .यहाँ अभिभावक हुँदाहुँदै पनि अनाथ भनेर बालबालिकाहरु राख्न ल्याईएको छ कि छैन ?............

२०. श्री अरविन्द विद्यालयमा त्यहाँ आश्रीत(अनाथ, गरीब, टुहुरा तथा विपन्न वर्गका) बालबालिकाहरुले मात्र अध्ययन गर्दछन कि अन्य परिवारका बालबालिकाहरुले पनि अध्ययन गर्ने गर्दछन ? ..................................................................

२१.अनाथ, गरीब, टुहुरा तथा विपन्न वर्गका बालबालिकाहरुको लागि आश्रमले के कस्तो सेवा दिंदै आएको छ ? सो प्रर्याप्त छ वा छैन् ? ................................

२२. यस आश्रममा जम्मा विद्यार्थी कति छन् ?......................................

२३.यस आश्रमबाट हालसम्म कति जनाले अध्ययन गरे ? र अहिले कहाँ र कुन कुन पेशामा संलग्न/कार्यरत छन् ? .......................................................

२४.यस आश्रममा आश्रीत बालबालिकाहरुलाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा लैजाने प्रावधान छ कि छैन् ? ..................................................................

२५.अनाथ, गरीब र टुहुरा बालबालिकाहरुलाई कुनै सरकारी तथा गैरसरकारी संघसंस्थाले आर्थिक सहयोग गर्ने गरेका छन कि छैनन् ?..........................

२६.अनाथ, गरीब र टुहुरा बालबालिकाहरुलाई कुनै विदेशीले ब्यक्तिगत रुपमा लगानी गरी आर्थिक सहयोग गर्ने गरेका छन कि छैनन् ?............................

२७.बालबालिकाहरुको सीप, कार्यक्षमता र दक्षता विकाशको लागि आश्रममा के व्यवस्था गरिएको छ ? .............................................................

२८.आश्रममा रहेका मुख्य समस्याहरु के के हुन् ?...........................................

# परिशिष्ठ-३

## आश्रमका संस्थापक एवं अध्यक्षसंग सोधिएका प्रश्नहरु

१. नाम थर ...........................................................................................

२. लिङ्ग: ☐ महिला ☐ पुरुष

३. उमेर:.....................

४.शिक्षा : ...........................................................................................

वैवाहिक अवस्था: ☐ विवाहित ☐ अविवाहित ☐ विदुर ☐ अलग्गिएको

५. पद: ...............................................................................

६.हालको ठेगाना: जिल्ला................,गा.वि.स./नगरपालिका............,वडा न...

७.जन्मस्थानको ठेगाना: जिल्ला..........,गा.वि.स./नगरपालिका............,वडा नं.....

८.तपाईले कस्को प्रेरणाबाट प्रभावित भएर श्री अरविन्द योग मन्दिरको स्थापना गर्नु भएको हो ? .......................................................................................

९.श्री अरविन्द योग मन्दिर/आश्रमको स्थापना गर्नुको मुख्य उद्देश्य के हो ?....

१०.यसलाई कुनै अनाथ आश्रम, बालगृह वा परोपकार नराखेर श्री अरविन्द योग मन्दिर/आश्रम राख्नुको कारण के हो ? ...............................................

११.श्री अरविन्द योग मन्दिर/आश्रमको ब्यवस्थापन समितिमा को को हुनुहुन्छ ?..

१२.श्री अरविन्द योग मन्दिर/आश्रम नेपालका अन्य ठाउँमा पनि सञ्चालन गर्नु भएको छ, कि छैन ? ...................................................................

१३.श्री अरविन्द योग मन्दिर/आश्रमका शाखाहरु कहाँ कहाँ छन् र कतिवटा छन् ?

१४.आश्रमको रेखदेख वा हेरचाह कस्ले गर्दछ ?.....................................

१५.आश्रमलाई कुनै संघसंस्था वा व्यक्तिको आर्थिक सहयोग वा अनुदान प्राप्त भएको छ कि छैन ?छ भने क-कस्ले सहयोग गरेका छन् ? ..........................

१६.आश्रमको सम्पूर्ण खर्च कसरी धान्ने गर्नुहुन्छ ? ..............................

१७.आश्रमका आम्दानीका श्रोतहरु के के रहेका छन् ?................................

१८.यस आश्रममा जम्मा विद्यार्थी कति छन् ?.........................................

१९.कक्षा १ देखि माथिको तहमा पढ्ने विद्यार्थीको विवरण भर्नुहोस्

| कक्षा | छात्र | छात्रा | कुल विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| B.A | | | |
| M.A | | | |

२०. विद्यार्थीहरु / बालबालिकाहरुको खाना, आवास, लुगा, शिक्षातथा खेलकुद सम्बन्धि खर्च कस्ले बेहोर्छ ? ☐ आश्रमले ☐ घरपरिवारले ☐ अन्य संघसंस्थाले

२१.यस आश्रममा आश्रीत बालबालिकाहरुलाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा लैजाने प्रावधान छ कि छैन् ? ……

२२.यहाँ विद्यार्थीहरुलाई कस्तो प्रकारको शिक्षा दिईन्छ ?

☐ औपचारिक ☐ आध्यात्मिक ☐ कर्मयोग ☐ सबैखाले

२३.आश्रममा कार्यरत साधक साधिकाहरु कति छन् ? ……..

२४.साधक साधिकाहरु लाई तलब दिनु पर्छ कि पर्दैन् ?…………

२५.विद्यालयमा शिक्षक शिक्षिकाहरु कति छन् ?………….

२६.शिक्षक शिक्षिकाहरुलाई तलब दिनु पर्छ कि पर्दैन् ?…………

२७.आश्रम कति क्षेत्रफलमा फैलिएको छ ?..........

२८.आश्रममा कतिवटा भवनहरु छन् ? .......

२९.ती भवनहरु कुन कुन प्रयोजनको लागि प्रयोग हुन्छन् ?.........

३०.आश्रममा यातायातको सुविधाको लागि के को व्यवस्था गरिएको छ ?.........

३१.आश्रममा कतिवटा गाडी छन् ?..................................

३२.आश्रमका बालबालिकाहरुको लागि के कस्तो कार्य बिभाजन गरिएको छ ?.........

३३.आश्रमका बालबालिकाहरु/विद्यार्थीहरुको बिहेवारी सम्बन्धी केहि प्राबधान छ कि छैन ? छ भने के छ ? .......

३४.आश्रममा बसेका बालबालिका/विद्यार्थीहरु कुनै घर फर्किएका छन् कि छैनन् ? छन भने किन ?.........

३५.यस आश्रमबाट विद्यार्थी बैदेशिक अध्ययनमा गएका छन कि छैनन् ?छन भने कहाँ ? कति जना ?.........

३६.आश्रमका बालबालिकाहरुलाई आत्मनिर्भर बनाउन के-के तालिम दिने गरिएको छ ?..

३७.तपाईको विचारमा बालबालिकाहरुले यहाँ बस्नपाउँदा कस्तो अनुभव गरेका छन ?..

३९.आश्रमका बालबालिकाहरु र साधकसाधिकाहरुको बीचमा कस्तो सम्बन्ध रहिआएको पाउनु भएको छ ?..........

४०.आश्रमका बालबालिकाहरु बीचको आपसीसम्बन्ध कस्तो रहेको पाउनु भएको छ ?...

४१.तपाईले आश्रम संञ्चालन गर्दा भोग्नु परेका समस्याहरु के के हुन् ?...

४२.तपाईको विचारमा यस आश्रमले समाजमा कस्तो प्रभाव पारेको छ ?

# परिशिष्ठ-४

## नेपालमा बालबालिकाको क्षेत्रमा क्रियाशील प्रमुख संघसंस्था तथा निकायहरु

### क) सिबिन नेपाल

सन् १९८७ मा स्थापित बाल मजदुर सरोकार केन्द्र (cwin) नेपालकै पहिलो बालअधिकार तथा बालश्रम र शोषणको विरुद्धमा आवाज उठाउने तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुको सरोकार राख्ने त्यस्तो संस्था हो, जसलाई बालबालिकाहरुको अधिकारको रक्षा गर्ने watch dog को रुपमा लिने गरिन्छ । जसले बालबालिकाहरुलाई समाजमा पुर्नस्थापना गराउन, सामाजिकिरण गर्न र अन्य कार्यक्रममा सहभागि हुन मद्दत गर्दछ । यसको मुख्य नारा for children, with children रहेको छ ।

**(http://www.cwin.org.np/index.php?option=com_content&view=article&id=32%3Asituation-of-children-in-nepal-2008&catid=11%3Afact-sheets&Itemid=25&lang=en)**

### ख) माईती नेपाल

समाजमा हुने शोषण, हिंसा र अन्याय, विकृतीहरु बाट सुरक्षा प्रदान गर्ने सामाजिक संस्थाको रुपमा सन् १९९३ November मा माईती नेपालको स्थापना भएको हो । माईती नेपाल महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल एउटा त्यस्तो गैरसरकारी संस्था हो,जसले महिला तथा बालबालिकाको हक र अधिकारको वकालत गर्दछ । त्यसैगरी माईती नेपालले टुहुरा, सुविधाविहिन, अपहेलित बालबालिकाकाहरुलाई औपचारीक शिक्षा दिनको लागी माईती नेपालकी अध्यक्ष अनुराधा कोईरालाले सन् १९९८ मा **Teresa Academy** को स्थापना गरेकी हुन् । त्यस्तैगरी माईती नेपालले बालबालिको संरक्षणका लागि सोभ्रा बालबालिका गृहको स्थापना गरेको छ । जहाँ समाजका प्रत्येक क्षेत्रका बालबालिकाहरु बस्न आउने गर्दछन, यसरी आउने बालबालिकाहरुमा अपहेलित, हराएका, द्वन्द्ध प्रभावित, टुहुरा, र गरीब पारिवारिक वातावरणका बालबालिकाहरु छन् । त्यस्ता बालबालिकाहरुलाई विभिन्न जिवन

उपयोगी सीप तथा तालिम दिएर त्यस्ता समाजमा सम्मानपूर्ण जिवनयापन गर्न माईती नेपालले सहयोग गर्दैआएको छ ।

**( http://www.maitinepal.org/?page=education_support_teresa_academy)**

### ग) नेपाल बाल सङ्गठन

नेपाल बाल संगठन एउटा त्यस्तो गैरसरकारी संस्था हो जसले बालबालिकाको जीवनस्तरमा सुधार गरी सफल र सक्षम जीवनयापनको लागि मार्ग निर्देशकको रुपमा भुमिका निर्वाह गर्दै आएको छ । जुन स्वशाशित गै.स.स.को रुपमा सन् १९६४ स्थापना भएको हो । यसको मुख्य उद्देश्य भनेको टुहुरा, अपहेलित, त्यागिएका, बन्दिहरुसंग आश्रित तथा द्वन्द्ध प्रभावित  बालबालिकाहरुको सुरक्षित र सुनिश्चीत भविष्य निर्माणका लागि व्यक्तिगत, संस्थागत तथा विश्वव्यापी रुपमा शक्ति सञ्चय गरेर राष्ट्रिय सञ्जाल विस्तार गर्दै बालबालिकाको क्षमता विकाशमा सहयोग गर्ने गरेको छ **(http://www.nconepal.org/front/aboutus.php)**।

### घ) परोपकार अनाथ आश्रम

नेपालका अनाथाश्रमहरु मध्येको सवभन्दा पुरानो परोपकार अनाथाश्रम मानिन्छ । परोपकार संस्थाद्धारा सञ्चालित यो संस्था वि.सं. २००२ सालतिर समाजसेवाको भावना बोकेका काठमाण्डौ मासगल्लीका श्री दयावीरसिंह कंसाकारको अगुवाइमा २००४ साल अश्विन १० गते परोपकार औषधालयको नामबाट स्थापना भएको थियो र पछि वि.सं. २००७ सालमा परोपकार औषधालयलाई परोपकार संस्थामा परिणत गरियो । यसपछि यस संस्थाको दृष्टि अनाथ बालबालिका माथि पर्न गयो र वि.सं. २००९ साल आषाढ १० गते परोपकार अनाथालयको स्थापना भयो । स्थापना कालमा २५ जना विद्यार्थीबाट शुरु गरिएको अनाथालयमा अहिले ५२ जना अनाथ बालबालिकाहरु राखिएको छ । जुन अनाथालय काठमाण्डौ भिमसेन स्थानमा अवस्थित रहेको छ ।

**ङ) एस.ओ.एस बालग्राम**

घरबारविहिन, आमा-बाबुविहिन, सामाजिक रुपले परित्यक्त र तिरस्कृत बालबालिकाहरुलाई स्थायी घरको व्यवस्था गरी उनीहरुको जीवनको समुचित व्यवस्था गर्ने पवित्र उद्देश्यले वि. सं. २०३० सालदेखि एस.ओ.एस. बालग्राम नेपालका विभिन्न स्थानहरुमा स्थापना भएका हुन् । नेपालमा एस.ओ.एस. बालग्रामको सुत्रपात १९७० को दशकमा स्व. श्री ५ अधिराजकुमारी प्रिन्सेफ शाहको संरक्षकत्वमा र पछि विधिवत् रुपमा सन् १९७३ मा स्व. श्री ५ अधिराजकुमारी प्रिन्सेफ शाहकै संरक्षकत्वमा तत्कालीन अधिराजकुमारी शारदा शाहको अध्यक्षतामा स्थापना भएको हो । जसको सुत्रपात विश्वविख्यात प्रो. हरमन माईनरले सन् १९४९ मा अष्ट्रियामा गर्नुभएको हो । जसले स्थापना कालदेखि नै सामाजिक रुपले तिरस्कृत ५ वर्षमुनिका बालबालिकाहरुलाई संरक्षणमा लिई तिनीहरुलाई आवश्यक सेवा-सुविधा पुऱ्याउँदै आएको छ । **(http://www.sosnepal.org.np/OMV.HTM)**

**च) चिल्ड्रेन नेपाल**

सन् १९९५ मा नेपालका एक व्यवसायिक व्यक्तित्व श्री रामचन्द्र पौडेलद्धारा स्थापित चिल्ड्रेन नेपाल, समाजमा प्रर्याप्त शिक्षाको कमी भएकै कारण स्कुल जाने अवसरबाट बन्चित, अपहेलित जीवन बिताउन बाध्य तथा सामाजीक रुपमा तिरस्कृत, शोषित, पिडित, र हिंसात्मक व्यवहार भोग्न बाध्य बालबालिकाकाहरु र समाजमा सिमान्तकृत वा गरिब वर्गको रुपमा रहेका परिवारहरु जसले आफ्ना बालबच्चाहरुलाई कमजोर आर्थिक अवस्थाका कारण गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य सुविधा र संवेगात्मक सहयोग (माया, ममता, स्नेह) दिन सकिराखेका छैनन् त्यस्ता परिवारहरुको बारेमा पनि सरोकार राख्ने एउटा यस्तो गैरनाफामुलक गै.स.स. हो जसले समाजको एउटा हिस्साको रुपमा रहेका युवा तथा बालबालिकाको अधिकार, कल्याण तथा विकाशको क्षेत्रमा कार्य गर्दै आएको छ जसको मुल मन्त्र भनेको ‘for children with their parents’ भन्ने रहेको छ ।

**(http://www.children-nepal.net.np/page.php?id=11)**

# परिशिष्ठ-५

## श्री अरविन्द योगमन्दिर/आश्रमको संक्षिप्त परिचय

**क) स्वामी रामचन्द्रदास र उहाँको ध्येय**

जब यस जगतमा एउटा महान आत्माको जन्म हुन्छ, उक्त महान आत्मा एउटा निश्चित दायराभित्र सीमित भएर रहिरहन सक्दैन । यो विश्वभरी नै फैलिएर रहन्छ । हजारौ आत्माहरूलाई यस जगतमा सत्य र सेवाको मार्गदर्शनको लागि विभिन्न स्वरूपमा जन्माउँछ र त्यस आत्माको मानव सेवाको लाीग भगवानको संवाहक बनेर यस पृथ्वीमा आफनो क्रियाकलाप शुरु गर्दछ ।

भगवानकै संवाहक बनेर यस नेपाली भूमिमा स्वामी रामचन्द्रदासको जन्म माता जमुनादेवीको कोखबाट वि.स. २०१९ साल पौष १९ मा भयो । पारिवारिक आर्थिक विषमताका कारण उहाँ १२ वर्षको उमेरमा जन्मभूमि त्यागेर भारततर्फ लाग्नुभयो । १४ वर्षको उमेरमा भारतीय सेनामा भान्सामा खाना पकाउने जागिर पाउनुभयो र दुई वर्षसम्म त्यही निरन्तर रहनुभयो । बाह्य रूपमा सन्तुष्ट भएपनि उहाँको आन्तरिक प्यासलाई कुनै चिजले पनि मेटाउन सकेन । यसको फलस्वरूप उहाँ जागिर छाडेर संस्कृत अध्ययनतर्फ लाग्नुभयो । अध्ययनको क्रममा वाराणसी र अयोध्यामा बसी संस्बत भाषा, वेद, उपनिषद् आदिको अध्ययन गर्नुभयो । जहाँ गए पनि जति शिक्षा आर्जन गरेपनि र जतिसुकै ठूला जिम्मेवारी पाए पनि उहाँको अन्तरआत्माले खोजेको कुरा अझै प्राप्त हुन सकेको थिएन । उहाँ दिल्लीको नजिकै भएकोबेला उहाँको हातमा श्री अरविन्दजीको एउटा पुस्तक पुग्यो । जसको अध्ययनपश्चात् उहाँलाई सबथोक छोडेर तत्काल पाण्डिचेरी अरविन्द आश्रममा जाने ईच्छा जाग्यो । पाण्डिचेरी आगमनले उहाँको जीवनमा ठूलो परिवर्तन ल्याइदियो । अन्तरस्करणबाटै उहाँ त्यही आश्रममै बसी जीवनभर श्री अरविन्द र माताजीकै सेवारत रहने निर्णय गर्नुभयो । श्रीमाताजी र श्री अरविन्दजीको अपार कृपाका कारण उहाँमा कर्मयोगको माध्यमबाट आध्यात्मिक चेतनाको विकास हुँदैगयो । उहाँ आश्रममा रहुन्जेल चर्पी सफा गर्ने, खाना पकाउने, भाँगा सफा गर्ने । बेकरीका कामहरूदेखि लिएर भगवत् इच्छाले सुम्पिएका सम्पूर्ण

कामहरू नि:स्वार्थ रूपमा सेवारत भएर गर्न थाल्नुभयो । १२ वर्षसम्मको निरन्तर साधनाले उहाँको जीवनमा आफूमा अन्तरनिहित चेतना जगाइदियो । त्यसको उपज आज नेपाली भूमिमा संचालित श्रीमाताजीको कामबाट बुझ्न सकिन्छ । उहाँ २० वर्षसम्म आफनो मातृभूमि नेपाल र आफनो परिवारबाट नितान्त सम्पर्क विहीन हुनुभएको थियो । १२ वर्षको पाण्डिचेरी आश्रमको साधनापश्चात उहाँको अन्तरस्करणमा जन्मभूमिको सम्झना आयो र नेपाल फर्किने ईच्छाअनुरूप त्यहाँबाट हिंड्नुभयो । जब उहाँ आफनो जन्मस्थल पश्चिम नेपालको गुल्मी जिल्लाको पुर्कोट, बाँझकटेरी गा.वि.स. मा पुग्नुभयो, त्यहाँको प्राकृतिक सौन्दर्य र मानिसहरूको माया ममता उही खालको पाउनु भयो ।

उहाँले समाजमा देखिएको राजनीतिक परिवर्तनले मानिसहरूको बिचारलाई अलि साँगुरो र संकुचित बनाइदिएको, फरक राजनीतिक बिचारधारा राख्ने मानिसहरूबीच मतभेदका कारण असहयोगको भावना बढेको साथै राजनीतिक पार्टीका नेताहरूले बाल बालिकाहरूलाई विद्यालय पठाउनुको साटो पार्टीका झण्डा बोकाएर जुलुसमा नाराबाजी गराएको, आफनो व्यक्तिगत स्वार्थका लागि प्रयोग गरेको जस्ता कुरा स्पष्ट रूपमा देख्नुभयो । त्यस घटनाले उहाँलाई नेपालमा कुनै यस्तो काम गर्ने विचार आयो । जसबाट एउटा विशेष नयाँ विचारको समाज निर्माण होस् जसको उद्देश्य मानवताको पूर्ण विकास र रुपान्तरण अनि भगवानको धरातलमा परिपूर्ति गर्ने काममा पूर्ण सहयोग मिलोस् ।

उहाँको अन्तरआत्माबाट नेपालमा पनि श्री अरविन्द र माताजीको आध्यामिक चेतना एवं योग साधनलाई मूर्तरूप दिन मैले केही काम गर्नुपर्छ भन्ने प्रेरणा जाग्यो । त्यसैको परिणामस्वरूप उहाँले २०५० साल बैशाख ११ गते श्री अरविन्दयोग मन्दिरको स्थापना गर्नुभयो । श्री अरविन्द र माताजीको आदर्श शिक्षा, आध्यामिक चेतना एवं तपस्या, व्यवहारको कसीलाई आत्मसात् गर्न जीवनमा आइपर्ने कठिन चुनौतीहरूको डटेर सामना गरी अगाडि बढ्नु नै भगवान्ले लिएको परीक्षामा सफल हुनु हो भन्ने आदर्शअनुरूप आश्रम स्थापना गर्नुभयो र शुरुमा एक्लै साधनारत रहनुभयो । केही समयपश्चात दुई चार जना युवाहरूलाई साथमा लिएर काम गर्न थाल्नुभयो । तर

युवाहरूले परम्परागत संस्कार, पुरानो मान्यता र विचारलाई परिवर्तन नगर्ने भएकाले एक व्यक्तिको प्रयासले मात्र सफल हुन अलि गाह्रो थियो । त्यसैले आफनो साधनाको केन्द्रविन्दु बालबालिकालाई बनाएर बाम शुरु गर्नुभयो । सर्वप्रथम आफनी बहिनी कमलालाई १२ वर्षको उमेरमा आश्रममा ल्याउनुभयो । प्रथम विद्यार्थीको रूपमा आफनै बहिनीलाई शिक्षा दिन शुरु गर्नुभयो । समाज अन्धविश्वास र कुसंस्कारबाट ग्रसित थियो । उहाँलाई आफनो कार्य निरन्तरताको लागि आवश्यक समर्थन दिने, जनशक्तिको अभाव थियो । अतः आश्रम शुरुवातको आधार परिवार नै बनाउनु भयो । समय बित्दैजाँदा क्रमशः विद्यार्थीको संख्या बढ्दैगयो । आश्रमकै मातहतमा श्री अरविन्द र माताजीको आदर्शअनुरूपको शिक्षा दिने उद्देश्यले श्री मातृ अरविन्द विद्यालयको स्थापना हुनपुग्यो । हाल आएर करीब १३० विद्यार्थीहरूको साथै ५० जना साधक साधिकाहरूको सामुहिक साधना उहाँकै छत्रछायाँमा संचालित छ ।

**ख) श्री अरविन्द योग मन्दिर (आश्रम) नेपालको संक्षिप्त विवरण**

महर्षि श्री अरविन्द र माताजीको आदर्श शिक्षा, तपस्या एवं व्यवहारको सारलाई आत्मसात् गरेर उहाँकै सत्संकल्पलाई निन्तरता दिने उद्देश्यले स्वामी रामचन्द्रदासद्धारा श्री अरविन्द योग मन्दिरको स्थापना भएको हो । मानवलाई असत्यबाट सतयतिर र मृत्युबाट अमरत्वतिर विश्व-चेतनामा समाहित गर्नु यस आश्रमको ध्येय रहेको छ । समाजमा चलिआएका अति तुच्छ व्यवहारबाट मुक्त गर्दै उन्मक्त र सेवामूलक वातावरणको सिर्जना गर्दै यो संख्या भगवत् शक्ति र इच्छालाई आफनो अवलम्बन बनाएर अगाडि बढिरहेको छ । “पूरानो सबै राम्रो हुँदैन र नयाँ सबै खराब हुदैन” भन्ने दृढ विचारद्धारा प्राच्य र अर्वाच्य दुवै विचारलाई संयुक्त रूपमा अध्ययनमा समाहित गरिएको छ । यो संस्था अध्यात्मवाद र भौतिकबादको समन्वय गर्दै आध्यामिक चेतना र शक्तिद्धारा भौतिक शक्ति विकासमा रूपान्तरण गर्दै समग्र जगतलाई दिव्य बनाउने कार्यमा प्रयासरत छ । आध्यात्मिकशक्ति मानसशक्ति, प्राणशक्ति यी तीनवटै शक्तिलाई परस्पर सामन्जस्य गर्दै स्वस्थ्य रहन तीनवटै तत्व आवश्यक भएकोले ध्यान, प्राणायम, योगाभ्यास एवं प्राकृतिक चिकित्साको यहाँ अभ्यास गरिन्छ ।

यो आश्रम कुनै नाफा कमाउने र शुल्क लिने नभएर विपन्न र प्रतिभाशाली विद्यार्थीहरूलाई आश्रय दिएर निःशुल्क भोजन, आवास, कपडा एवं उचित आध्यात्मिक एवं मानव चेतनाको विकास गर्नसक्ने शिक्षा दिने उद्देश्यले खोलिएको हो । यो संस्था व्यक्तिलाई सामान्य चेतनाको धरातलबाट माथि विश्व-चेतनासंग एकाकार गराउँदै, पराशक्तिको सहयोगद्धारा मानवीय क्षुद्रत्तम दुःखबाट मुक्त गराई भगवत् चेतनासँग मिलाउनसक्ने अतिमानस शक्तिपुञ्जले भरिएका व्यक्तिहरू निर्माण गर्ने यज्ञशाला हो ।

श्री अरविन्द योग मन्दिरको स्थापना २०५० सालमा थानकोटको महादेवस्थान गा.वि.स. वडा नं. ४ चन्द्रागिरी पहाडको काखमा जंगलको नजिकै एउटा सानो झुपडीबाट शुरु गरिएको हो । आश्रमको स्थापनाकालमा एकजना विद्यार्थीबाट शुरु गरिएको यो आश्रममा हाल आएर १२५ जना विद्यार्थी एवं ५० जना साधक-साधिकाहरू सामुहिक साधना गर्दछन् । आश्रमको अर्को शाखा कोल्हुवा नवलपरासीमा पनि आरम्भ गरिएको छ । आश्रममा गौशाला राखिएको छ । दुवैतिर गरेर जम्मा १५० वटा गाई पालिएका छन् । गाईको शुद्ध दुध आश्रममा रहने विद्यार्थी तथा साधक साधिकाहरूले सेवन गर्दछन् । विहान ९ बजे, दिउँसो १:३० बजे र बेलुकी ६ बजे भोजनको व्यवस्था गरिएको छ । काठमाण्डौमा रहेको आश्रमको २७ रोपनि जग्गामा ७ वटा भवन निर्माण गरिएका छन् । आश्रमको मुख्य भवनमा कार्यालय, ध्यानकक्ष र आश्रम छ । दोस्रोमा कक्षा १ देखि ८ कक्षा सम्म पठन पाठन हुने विद्यालय भवन, तेस्रोमा गौशाला , छात्रावास र पश्मीना उद्योग संचालित छन् । चौथोमा खाद्यान्न कुटानी पिसानि गर्ने मिल राखिएको छ । त्यस्तै पाँचौमा, भोजनालय तथा छैंठौ र सातौमा क्रमशः गेष्ट हाउस तथा स्वागत कक्ष रहेको छ त्यस्तै कोल्हुवा शाखामा पनि चारवटा भवन निर्माण गरिएका छन् । एउटा भवनमा ध्यानकक्ष एवं श्री अरविन्दजीको समाधि राखिएको छ भने अर्को भवन आश्रमकै आवास र अन्य क्रियाकलापको लागि प्रयोग गर्ने उद्देश्यले निर्माणाधिन छ । भने तेस्रो भवनमा गौशाला र चौथोमा भान्सा घर रहेको छ ।

यस आश्रमकै मातहतमा एक विद्यालय संचालित छ । श्री अरविन्द र माताजीको शिक्षा एवं साधनामार्गलाई आत्मसात गरी स्थापित उक्त विद्यालयमा व्यावहारिक एवं

वैज्ञानिक शिक्षालाई विशेष महत्व दिइन्छ । शिक्षाको मूलभूत अर्थ ज्ञान प्राप्ति हो । प्रमाणपत्रहरूको संकलन होइन भन्ने कुरालाई विशेष ध्यान दिइएको छ ।

यस आश्रममा पेट पाल्नको लागि होइन ज्ञानी बन्नको लागि शिक्षा र उत्प्रेरणा दिइन्छ । यसका साथै बालबालिकाहरूमा अन्तरनिहित सम्भाव्यता र प्रतिभाहरूको विकास गर्ने वातावरण दिने प्रयास गरिन्छ । विद्यालयस्तरको पढाईपश्चात् उच्चशिक्षाको लागि विद्यार्थीहरूलाई आश्रमकै मातहत र आर्थिक व्ययभारबाट बाहिरी क्याम्पसहरूमा पठाइन्छ । विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभाको विकास गराउनु आश्रमद्धारा शास्त्रीय नृत्य तथा संगीतका कक्षाहरू संचालन गर्नुका साथै थान्का, पेन्टीङ्ग, सिलाई कटाई, अंग्रेजी, संस्कृत, फ्रेन्च भाषाकाका कक्षाहरू समेत संचालन गरिदै आएको छ । पुस्तकालयमा विद्यार्थीहरूको आवश्यकतालाई ध्यानमा राखी माताजी र श्री अरविन्दको दर्शनसँग सम्बन्धित साथै अन्य ज्ञानवर्धक पुस्तकहरूको व्यवस्था गरिएको छ । विद्यालयमा अध्यापन गराउने सम्पूर्ण शिक्षकहरू स्वयंसेवकको रूपमा कार्यरत छन् ।

विद्यार्थीहरू एवं आश्रमका साधक साधिकाहरूमा आध्यामित चेतना जगाउने उद्देश्यले भागवत गीताको वाचन तथा माताजी र श्री अरविन्दका पुस्तकहरूको अध्यापन गराइन्छ ।साप्ताहिकह रूपमा चार दिन आध्यात्मिक प्रवचन र ध्यान, दुई दिन सत्संगत एवं कीर्तन र प्रत्येक शुक्रवार ज्ञावनर्द्धक भिडियो आध्यात्मिक धारावाहिक शृंखला र चलचित्रहरू देखाइन्छ ।

यस आश्रमको सम्पूर्ण गतिविधि संचालनको आर्थिक व्ययभारको लागि केही शुभेच्छुक र मित्रहरूको सहयोगबाहेक कुनै पनि सरकारी, गैरसरकारी निकाय एवं देश विदेशका संघ संस्थाबाट कुनै सहयोग लिइएको छैन । हाल आएर आश्रम आफैमा आत्मनिर्भर हुन प्रयासरत छ । आश्रममा संचालित पशिमना, प्राकृतिक मलबाट उत्पादिन तरकारी आदि चीजहरू आम्दानीका नियमित श्रोत रहेका छन् ।

**ग) आश्रमद्वारा संचालित कृयाकलापहरू**

- १२५ जना ग्रामिण विपन्न एवं जेहेन्दार बच्चाहरूलाई निःशुल्क भोजन, वस्त्र, आवास एवं शिक्षा आदिको व्यवस्था गरिएको छ ।
- आश्रमबाटै विद्यार्थीहरूलाई उच्च शिक्षासम्मको व्यवस्था गरिएको छ ।
- महर्षि श्री अरविन्दजीको समाधि काठमाण्डौ र तराइको नवलपरासी शाखामा स्थापित गरिएको छ ।
- गौशाला संचालनबाट आएको शुद्ध दुध आश्रमवासीको लागि प्रयोग गरिन्छ । बँचेको दूध बिक्री गरी आश्रमको अरु काममा लगाइन्छ ।
- गाईको गोबरबाट उत्पादिन बायोग्यास आश्रमवासीको लागि भोजन निर्माणमा प्रयोग गरिन्छ ।
- श्री अरविन्द र माताजीको दर्शनसँग सम्बन्धित दुइवटा पुस्तकालयको स्थापना गरिएको छ । पुस्तकालयमा विक्रीकक्ष समेत खोलिएको छ ।
- खाद्यान्न कुट्ने मिलको स्थापना गरिएको छ ।
- अगरबत्ती बनाउने कुटिर उद्योग संचालन भएको छ ।
- थान्का पेन्टीङ्गको प्रशिक्षण व्यवस्था छ ।
- पश्मिना बनाउने बुन्ने उद्योग संचालन भएको छ ।
- योगकक्षाहरू संचालन तथा प्राकृतिक चिकित्सालयको व्यवस्थाको ध्यान केन्द्र संचालन आयश्रोतसमेत बनेका छन् ।
- आश्रममा संचालित सिलाई-कटाई केन्द्रमा आश्रमवासीहरूलाई आवश्यक पर्ने कपडाहरू तयार गरिन्छ । यी सम्पूर्ण क्रियाकलापहरू आश्रमवासीहरूको समग्र व्यवस्थापन निम्ति समर्पित छन् ।

घ) **महर्षि श्री अरविन्द : सङ्क्षिप्त परिचय**

श्री अरविन्दको दिव्य जन्म सर्बथा अलौकिक छ । १५ अगस्त भारतको इतिहासमा स्वर्णिम अक्षरले लेखिएको एक महत्वपूर्ण दिनको रूपमा मानिन्छ । यो दिन भारतभूमि ब्रिटिश साम्राज्यको दासताबाट मुक्ति पाएको दिन, राजनीतिक स्वतन्त्रता प्राप्तिको दिन

एवं श्री रामकृष्ण परमहंसको महासमाधि तथा श्री अरविन्दले यस पृथ्वीमा अवतार लिनुभएको पावन दिन हो ।

श्री अरविन्दजीका पिता डा. कृष्णधनघोष युरोपेली आदर्शबाट धेरै प्रभावित हुनुहुन्थ्यो । त्यसै निम्ति सन् १८७८ मा श्री अरविन्दलाई उहाँका दुई दाज्यू विजयभूषण र मनमोहनको साथमा सात वर्षको उमेरमा पढ्नको लागि बेलायत पठाउनु भएको थियो उहाँले युरोपमा रहँदा आफ्नो पाठको साथसाथै अधिक समय अंग्रेजी साहित्य, फ्रेन्च र ग्रीक साहित्यमा दिनुभयो । उहाँलाई ल्याटिन, फ्रेन्च, इटाली, ग्रीक, जर्मनी, स्पेनिस एवं अरु यूरोपेली भाषाको पनि ज्ञान थियो ।

श्री अरविन्दले १८८४ मा लण्डनको स्टेपल स्कूलमा भर्ना भई १४ वर्षसम्म पढ्नुभयो । अनि श्री अरविन्द १४ वर्षपछि आफनो मातृभूमि भारतमा फर्कनु भयो । सन् १८९३ मा श्री अरविन्द बृदाष्तबाट भारत प्रस्थान गर्नुभयो र त्यसपछि श्री अरविन्द १८९३-१९०३ सम्म वडोदा राज्यको सेवामा लाग्नुभयो । त्यहाँ रहँदा उहाँले महाराजाको सेक्रेटरी बनेर महाराजको लागि आवश्यक भाषणहरू तयारी गर्नुका साथै वडोदा कलेजमा सहायक प्राध्यापकको रूपमा रहेर काम गर्नुभयो । श्री अरविन्दका जीवनको लागि वडोदा एक प्रारम्भिक साहित्यक एवं आध्यात्मिक साधनाको केन्द्रविन्दु मानिन्छ ।

श्री अरविन्दले यदि भौतिक सुख सुविधालाई आफनो जीवनको केन्द्रविन्दु बनाउनु भएको भए उहाँलाई जति पनि ठूलो अवसर र पद एवं मानकहरूको कुनै कमी थिएन तर उहाँ केही आदर्शपूर्तिका लागि यस जगतमा आउनुभएको थियो । त्यो अनन्त प्यासलाई जस्तोसुकै भौतिक सुविधा र सम्मानले पनि मेटाउन सकेन । यसको फलस्वरूप उहाँ मौन रूपमा राजनीतिक गतिविधिमा संलग्न रहनु भयो । देशको स्वाधीनता र स्वतन्त्रताको लागि उहाँ खुलेर राजनीति गर्न सक्ने अवस्थामा नभएको कारण श्री अरविन्द जागिर त्यागिदिएर १९०३ मा कलकत्ता आउनु भयो र त्यहाँ विनातलब नेशनल कलेजको प्रधानाध्यापकको रूपमा काम गर्न शुरु गर्नुभयो । सन् १९०६ अगस्तमै बन्दे मातरम् पत्रिका प्रकाशन शुरु भयो जसलाइ ब्रिटिस सरकारले राजद्रोहीको संज्ञा दिएको थियो । यसकारण उहाँप्रति सरकारको दृष्टिकोण सकारात्मक

हुन सकेन र ३० अप्रिल १९०८ मा श्री अरविन्दजीलाई बमकाण्डमा फँसाई जेल चलान गरियो । यहाँलाई चिसो कालकोठरीमा यातना दिइयो । जेलमै योगसाधना एवं भागवत गीताको अध्ययन गर्न थाल्नुभयो । एक वर्षको एकान्तवासपछि उहाँले जीवनको सम्पूर्ण जेलबाट मुक्ति पाउनुभयो । उहाँको जीवनको अन्तरदृष्टि नै बदलियो र एक योगीका रूपमा उहाँ बाहिर प्रकट हुनु भयो । बमकाण्डमा निर्दोष साबित गरी अलिपुर जेलबाट उहाँलाई मुक्त गरिएपनि उहाँले आफनो भावनालाई मौन राख्न सकनुभएन । उहाँ कर्मयोगी पत्रिका मार्फत पुन : प्रकट हुनु भयो तर । केही समयपश्चात् कर्मयोगी छापाखानामा खानतलासी गरि श्री अरविन्दलाई देश निकालाको निर्णय गरियो । यस्तो जटिल परिस्थितिमा पनि उहाँ विचलित हुनुभएन । अन्त्यमा उहाँको अन्तरस्करणबाट कुनै आवाजले आफू त्यो ठाउँ छोडेर अन्त जानुपर्ने आभाषा दियो र उहाँ सन् १९१० मा पाण्डिचेरी पुग्नुभयो । "कर्मयोगी" मा श्री अरविन्दले देशको नाममा अन्तिम लेख खुल्ला चिठ्ठी लेख्नुभयो । त्यसमा उहाँले "सबै महान् आन्दोलनको नेतृत्व गर्नको लागि भगवान्ले आफना प्रियजन पठाउँछन् । भारतको स्वतन्त्रताको लागि पनि त्यस महापुरुषको शुभ आगमनको लागि प्रतिक्षा अवश्य गर्नु पर्दछ" भन्नु भएको छ ।

सन् १९१० मा पाण्डिचेरी आगमनपछि श्री अरविन्दजीले राजनीतिक गतिविधिमा भाग लिन पूर्ण बन्द गर्नुभयो । उहाँको वास्तविक योगजीवन त्यसपछि नै शुरु भयो । उहाँले आफनो सम्पूर्ण शक्तिलाई केन्द्रित गरी साधना शुरु गर्नुभयो । चार वर्षको वैचारिक साधनापछि सन् १९१४ मा उहाँले एक दार्शनिक एवं आध्यात्मिक मासिक पत्रिका "आर्य" को प्रकाशन शुरु गर्नुभयो । यसै समयमा फ्रान्सबाट माताजीको आगमनले उहाँको साधनामा थप योगदान भयो ।

आर्य पत्रिकामार्फत उपनिषद्, गिता, दिव्य जीवन, योग समन्वय आदि ग्रन्थहरूको धारा प्रवाह रूपमा प्रकाशन शुरु भयो । उहाँको अत्यात्मिक साधना शुरुमा चार पाँच जना साधकको साथमा प्रारम्भ भयो । विस्तारै अरु मानिसहरूलाई पनि उहाँको योग साधना र दिव्य कर्म साधना थाहा हुँदैगयो । दिनानुदिन साधकहरू वृद्धि हुँदै गए । त्यो ठाउँ एक आश्रमको रूपमा स्थापित हुनपुग्यो । उहाँले आफनो योग साधनामा

सन्यासलाई कहिल्यै पनि स्वीकार गर्नुभएन । आज आएर श्री अरविन्द आश्रम पाण्डिचेरी यसको उपज मान्न सकिन्छ । सन्यास बद्धमूल भावनाको ठीक विपरीत छ यो । पाण्डिचेरीको श्री अरविन्द आश्रममा सन्यासी नभई केवल साधकहरू रहन्छन् । जसको जीवन आध्यात्मिक अनुभूतिको आधारमा निर्मित पृथ्वीमा भागवतीय चेतनाको अवतरणका लागि हुन्छ । श्री अरविन्द भन्नुहुन्छ - वस्तुलाई यस पृथ्वीमा हामी जड पर्दाथको संकेत गर्दछौ, उसै पदार्थमा भागवतीय चेतनाको आवतरण गराउनु योग हो । उहाँ भन्नु हुन्छ - "सम्पूर्ण जीवन योग हो ।"

सन् १९२६ नोभेम्वर २४ लाई एक अलौकिक दिनको रूपमा मानिन्छ । त्यस दिनपश्चात श्री अरविन्द अतिमानस आनन्दको तयारीको लागि अधिमानस देवत्वको पृथ्वीसमक्ष अवतरणको लागि १२ वर्षसम्म बाह्य जगतदेखि सम्पर्क विहीन रहनुभयो । श्री अरविन्दले ५ डिसेम्वर १९५० को राति १ बजेर २६ मिनेटमा महासमाधि लिनुभयो । १११ घण्टा अर्थात् चार दिनसम्म उहाँको दिव्य शरीरबाट ज्योतिर्मय तेजपुञ्ज प्रकट भएको थियो । पाँच दिनको साँझमा उहाँलाई आश्रमकै आँगनमा महासमाधि दिइयो ।

उहाँका महान् कृतिहरू दिव्य जीवन, सावित्री, सेन्थेसिस अफ योगा आदिले उहाँको उद्देश्य र आध्यात्मिक भावनालाई चिरकालसम्म अमर बनाउन सक्दछन् । उहाँको अन्तरनिहित भावनाबाट संरचित कृतिहरू मानवजातिको मानसिक प्रकाशको अवतरण गर्नका लागि सर्वोत्तम साधनको रूपमा प्रयोग भएका छन् र हुनेटन् । जसको सहयताले आजका विशिष्ट मानवले पृथ्वीमा नयाँ प्रकाश, नयाँ शक्ति, नयाँ जीवन, नयाँ अभिव्यक्ति गर्नको लागि आधुनिक अस्त्रको काम गर्नेछन् ।

ङ) **श्रीमाताजी : एक झलक**

माताजी सन् १८७८ फरवरी २१ मा फ्रान्सको पेरिस शहरमा जन्मनु भएको थियो । शिक्षा, संस्कृति र सभ्यताको दृष्टिले त्यसबेला फ्रान्स विश्वमै सबैभन्दा अग्रस्थानमा थियो । माताजीले एक सुसंस्कृत सुम्पन्न परिवारमा पिता मोरिस अल्फासा र माता

मातिल्डा अल्फासाको कोखबाट जन्म लिनुभएको थियो । उहाँको बाल्यकालको नाम थियो मीरा अल्फसा ।

माताजी वाल्यकालदेखि नै साधारण मानवीय प्रवृत्ति भन्दा अलि भिन्न हुनुहुन्थ्यो । अक्षर ज्ञानको प्रारम्भ पूर्व नै उहाँले योगसाधनाको शुरुवात गर्नुभएको थियो । चार वर्षको उमेरदेखि नै ध्यान गर्ने, सांसारिक वस्तुप्रति आफूलाई कुनै ज्ञान नहुने समयमा पनि उहाँको अन्तरआत्मदेखि नै यस्तो विश्वास लागेको थियो कि आफू यस धर्तिमा कुनै महान् कामको लागि आएकी छु । उहाँलाई ११ वर्षको उमेरमै प्रवल रूपमा आध्यात्मिक अनुभूतिहरू हुन्थ्यो । उहाँ ध्यानमा समाहित अवस्थामा कोही आध्यामिक महापुरुषा आई मार्ग दर्शन गर्दथे, जसलाई उहाँले श्री कृष्णजीको नाम दिनुभएको थियो । सन् १८९२ मा माताजीले चित्रकला र गृहविधा सम्बन्धी अध्ययन गर्नुभयो । उहाँ भन्नुहुन्छ - “म एघारदेखि तेह्र वर्षको उमेरमा हुँदा मलाई शारीरिक तथा अध्यामिक अनुभवहरू प्राप्त भए । यसबाट मलाई थाहा भयो कि भगवान चेतना केवल भगवान्मा मात्र सीमित हुदैन ।”

सन् १९०५ मा दुई वर्षसम्म उहाँ गुह्य विद्या (तान्त्रिक विद्या) अध्ययनमा लाग्नुभयो । सन् १९११ देखि १९१३ सम्ममा उहाँले फ्रान्समा धरै ठाउँहरूमा आध्यात्मिक प्रवचनहरू गर्नुभयो ।

सन् १८१४ फेब्रुवरी २ मा उहाँ दक्षिण भारतको पाण्डिचेरीमा आउनुभयो । त्यही उहाँले प्रथम पटक श्री अरविन्दजीलाई भेटनुभयो । जब उहाँले भारतीय भूमिमा प्रथम पटक पदार्पण गर्नुभयो उहाँमा अद्भुत शान्ति र आनन्दको अनुभूति भयो । जो व्यक्ति उहाँलाई ध्यानको समयमा मार्गदर्शन गर्दथ्यो, उसलाई माताजीले श्रीकृष्णको नाम दिनुभएको थियो । उही व्यक्ति पाण्डिचेरीमा आउँदा माताजीले भेट्नु भयो । वास्तवमा उहाँ श्री अरविन्द नै हुनुहुन्थ्यो । श्री अरविन्दलाई भेटेपश्चात् माताजीलाई यस धर्तीमा आफूले जन्म लिनुको उद्देश्य र जिम्मेवारीको वोध खुलस्त हुनआयो । अब यस धर्तीमा नयाँ जीवनको शुरुवात गर्नु उहाँको ध्येय थियो । यसै सन्दर्भमा उहाँ भन्नुहुन्छ ।

“हामीले निश्चित रूपमा स्वर्गको विजय गऱ्यौ, धर्तीको विजय बाँकी छ । यस धर्तीमा काम गर्न सारा उथलपुथलको परिस्थिति खोज्नुपर्ने छ । यसै कठिन परिस्थितिको बीचबाट मात्र काम सफल हुनु सम्भव छ ।” त्यसै समयमा प्रथम विश्वयुद्ध चर्किएको थियो भने माताजी यस धर्तीमा नयाँ शक्तिको रूपमा पदार्पण गर्नाले नयाँ कामको शुरुवातसमेत भइसकेको थियो । एक वर्षपछि माताजी फ्रान्स फर्कनुभयो ।

सन् १९२० मा माताजी पुनः श्री अरविन्द आश्रम पाण्डिचेरीमा सदाको लागि फर्किनु भयो । उहाँको आगमनले आश्रमको सम्पूर्ण भौतिक संरचनामा परिवर्तन हुनगयो । सन् १९२६ को नोभेम्वर २४ तारिख एक महान् दिनको रूपमा मानिन्छ । त्यस दिन ४० जना साधक साधिकाहरू सहित श्री अरविन्द र माताजीको सामूहिक ध्यान साधना भयो ।त्यस दिनपश्चात् आश्रम संचालनको सम्पूर्ण जिम्मा श्री माताजीको हातमा सुम्पियो । भगवत् चिन्तन सेवा सम्बन्धको लागि मानिसहरूसँग समय अत्याधिक कम थियो । किनभने सारा मानिस आफ्नो खानपिन, पहिरन र दैनिक गुजारा चलाउनमा व्यस्त देखिन्थे । मानिसहरूको यस्तो निम्नस्तरको चेतना र तिनले काम, क्रोध, लोभ, मोह र वासनामा सम्पूर्ण समय खर्चेको देख्दा माताजीले सोच्नुभयो - यहाँ एउटा सामूहिक साधना केन्द्र होस् जहाँ मानिसले जीवनयापनको लागि कुनै चिन्ता गर्नु नपरोस् । उनीहरू चेतना, आध्यात्मिक चिन्तन र दिव्य जगत निर्माणको लागि प्रयासरत होउन् । अतः माताजीले यस्तो प्रयोगशाला निर्माण गर्नुभयो जहाँ आश्रममा रहने सम्पूर्ण साधकहरूलाई आवश्यक भौतिक सुविधाको व्यवस्था गर्नुका साथै सामुहिक साधना संचालन गर्न सम्भव भयो । त्यहाँ कुनै भौतिकवादी सोच, आध्यात्मिक चेतना एवं मानवीय भावनाका साथै कुनै जात धर्म विचारको सीमाना थिएन । त्यहाँ सबै देशका साधकहरू बन्ने र साधना गर्ने थलो बन्यो ।

सन् १९४२ मा माताजीले एक अर्न्तराष्ट्रिय शिक्षा केन्द्रको स्थापना गर्नुभयो । त्यहाँ अक्षर ज्ञानका आधारभूत कक्षादेखि लिएर उच्च शिक्षा दिनुका साथै आधुनिक विज्ञानका साथै प्राचीन वेद, उपनिषद्को परिचयसमेत पाउन सकिन्छ । त्यहाँ संस्कृत भाषा र भारतीय विविध भाषाको साथसाथै अंग्रेजी, फ्रेन्च, अर्मनी आदि भाषाहरू पनि सिकाइन्छ ।

माताजी कला, शिक्षा, संस्कृति, एवं शारीरिक क्रियाकलापहरूलाई साम्यवाद, समाजवाद आदिको प्रयोगशाला हो भन्नुहुन्थ्यो । माताजी कर्मयोगलाई विशेष महत्व दिनुहुन्छ । अन्य योगीहरू शारीरिक श्रमको उपेक्षा गर्दै जीवनलाई शून्यताको संज्ञा दिई संसारिक बन्धनबाट मुक्ति, ब्रम्ह या भगवान् सत्य र जगत मिथ्या हो भन्ने, धर्मशाला, देवमन्दिर साधना, कुटीर आदि ठाउँमा गई जपतप र ध्यान गर्ने खालको क्रियाकलापहरूमा माताजी सहमत हुनुहुन्न । माताजी कुचो लगाउने कामलाई पनि त्यतिकै महत्व दिनुहुन्छ जति महत्वपूर्ण ग्रन्थलेखनलाई । माताजी भन्नुहुन्छ -"काम कुनै ठूलो र सानो हुँदैन । काम गर्ने चेतना सत्य र असत्य हुनसक्छ ।"

सन् १९५० मा श्री अरविन्दज्यूले महासमाधि लिएपछि माताजीले आश्रमको सम्पूर्ण जिम्मेवारीका साथसाथै एक गुरुको रूपमा श्री अरविन्दले दिव्य जगतको निर्माणको लागि शुरु गरेको कामलाई निरन्तरता दिन थाल्नुभयो । श्री अरविन्दज्यूको सामञ्यस्यपूर्ण आध्यात्मिक समाजको निर्माणको उद्देश्य पूरा गर्न माताजीले सन् १९६८ मा "अरोविल" नामक एक अन्तर्राष्ट्रिय नगरको स्थापना गर्नुभयो । अरोविलको अर्थमा उहाँले "उपानगरी" नाम दिनुभयो । जहाँ विश्वका नरनारीहरू शान्ति एवं सामन्जस्यका साथ रहन सकून् । त्यस ठाउँलाई मानव एकताको लागि आध्यात्मिक खोज गर्ने एक प्रयोगशालाको रूपमा मानिएको छ । सन् १९७३ मा ९५ वर्षको उमेरमा माताजीले महासमाधि लिनुभयो । श्री अरविन्द र माताजीका सोच र ध्येयहरू निरन्तर अघि बढिरहेका छन् । नेपालमा स्वामी रामचन्द्रदास त्यही ध्येयमा संस्थागत रूपले निरन्तर अघि बढिरहनु भएको छ ।

# परिशिष्ठ-६

## श्री अरविन्दयोग मन्दिर/आश्रमका केहि दृश्यावलीहरु



**दृश्यावली १ :** आश्रमका संचालक स्वामी श्री रामचन्द्र दास (भुषाल) आश्रमको मुख्य कार्यालयमा रहेको महर्षि अरविन्दको समाधि स्थल नजिक



**दृश्यावली २ :** आश्रम परिसरमा संचालित श्री मातृ अरविन्द विद्यालयको भवन



**दृश्यावली ३ :** आश्रमको मुख्य शाखामा पालिएका उन्नत जातका गाईहरु, पृष्ठभुमिमा निर्माणाधिन ध्यानकक्ष, भान्साघर र साईडमा आश्रमको केन्द्रियकार्यालय रहेको भवन



**दृश्यावली ४** : आश्रमको एकमात्र शाखा नवलपरासीको कोल्हुवा ४ मा अवस्थित महर्षि अरविन्दको समाधिस्थल र ध्यानकक्ष तथा वरिपरिको फलफूल बगैचा



**दृश्यावली ५** : आश्रमको एकमात्र शाखा नवलपरासीको कोल्हुवा ४ मा रहेको विद्यालय तथा आवास गृह साथमा आश्रको सवारी साधन



**दृश्यावली ६** : आश्रमवासीहरु सामुहिक रुपमा साँस्कृतिक चाड विजयादशमी मनाउँदै



**दृश्यावली ७** : अध्ययनका क्रममा आश्रममा आश्रित बालबालिका/विद्यार्थीहरुसंग शोधकर्ता



**दृश्यावली ८** : आश्रमको एकमात्र शाखा नवलपरासीको कोल्हुवा ४ मा आश्रित बालबालिकाहरुलाई प्रश्नावली भराउदै शोधकर्ता



**दृश्यावली ९** : अध्ययनका क्रममा आश्रममा आश्रित साधक-साधिकाहरुसंग शोधकर्ता